खुला सिकाइ शिक्षा

नैतिक शिक्षा

आधारभूत तह

कक्षा ६ – ८ सरह

तह – २

नेपाल सरकार
शिक्षा मन्त्रालय
अनौपचारिक शिक्षा केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि. सं. २०६७

परिमार्जित संस्करण : वि.सं. २०७३

मुद्रक :

हाम्रो भनाइ

शिक्षा व्यक्तिको जन्मसिद्ध अधिकार हो । तथापि विभिन्न कारणले सबैले शिक्षाको पहुँच पाएका छैनन् । अझै पनि आधारभूत तहको कक्षा १-५ पुरा गरी पढाइ छाड्नेहरूको सङ्ख्या ठुलै छ । उक्त कक्षा पुरा गरी घरायसी समस्या तथा अन्य विविध कारणले पढ्न नपाएकाहरूलाई लक्षित गरी अनौपचारिक शिक्षा केन्द्रले आधारभूत तह कक्षा ६-८ को औपचारिक शिक्षाको पाठ्यक्रमलाई सङ्कुचन गरी खुला सिकाइका रूपमा पहिलो र दोस्रो तहका कक्षा सञ्चालन गरिएका छन् । उमेर र समयको बन्देज नगरी स्थानीय समुदाय र सिकारुको उपयुक्त समयमा कक्षा सञ्चालन गरी दुई वर्षको अवधिमा आधारभूत तह कक्ष ६-८ सरहको शिक्षा दिने उद्देश्यले खुला सिकाइ अन्तर्गत दोस्रो तहमा पठन पाठन गराउनका लागि यो पुस्तक तयार पारिएको हो ।

खुला सिकाइ अन्तर्गत सिकारुले पनि आधारभूत तहको अन्त्यमा लिइने जिल्ला स्तरीय परीक्षामा सहभागी हुनुपर्ने भएकाले मूलत: यसमा पनि औपचारिक पाठ्यक्रमकै विषयवस्तु समेटिएका छन् । यद्यपि यसमा पाठ्यांशको प्रस्तुतीकरण, अभ्यास संयोजन र सिकारुका रुचि, क्षमता र चाहनालाई यथासम्भव समेटी सरलीकरण गरिएको छ । खुला सिकाइको मर्मअनुसार यसमा सिकारुले

आफ्नो क्षमता तिखार्ने, व्यावहारिक ज्ञानलाई सैद्धान्तिक बनाउने, अन्तर्क्रिया र छलफल गर्ने तथा पढेर र गरेर सिक्ने प्रशस्त अवसर पाउने छन् । यस पुस्तकको शिक्षण सिकाइमा सिकारु सक्रिय लाभक र शिक्षक सहजकर्ताका रूपमा रहने छन् र सिकारुले ज्ञानलाई व्यावहारिक रूपमा आत्मसात् गरी तिनको स्तरीकरण, वर्गीकरण र विशिष्टीकरण गर्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

यस नैतिक शिक्षा, दोस्रो तहको परिमार्जन कार्य श्री हरिविनोद अधिकारी, श्री टेकप्रसाद ढुङ्गेल शास्त्रीले गर्न भएको हो । विषयवस्तु सम्पादन श्री चुडामणी पौडेल, श्री दिनेश घिमिरे र श्री पद्मा शर्माले गर्नु भएको हो त्यसैगरी भाषा सम्पादन श्री चिनाकुमारी निरौलाले गर्नु भएको र टाइप सेटिङ तथा लेआउट डिजाइन लगायतका प्राविधिक काम श्री जयराम कुइँकेलले गर्नु भएको हुँदा उहाँहरू लगायत परिमार्जन तथा विकास कार्यमा सम्बद्ध सबैप्रति केन्द्र हार्दिक आभार एवम् धन्यवाद प्रदान गर्दछ ।

अन्त्यमा यस पुस्तकलाई सकेसम्म त्रुटिरहित बनाउने प्रयास गरिएको छ, तथापि यसमा भाषाशैली, प्रस्तुतीकरण जस्ता पक्षमा अझै कमीकमजोरी हुन सक्छन् । यसको सुधारका लागि सिकारु, सहजकर्ता र सरोकारवालाहरूबाट प्राप्त हुने रचनात्मक सुझावको केन्द्र सधैँ अपेक्षा गर्दछ ।

अनौपचारिक शिक्षा केन्द्र

विषय सूची

क्र.स.	पाठ शीर्षक	पृष्ठ सङ्ख्या
एकाइ एक : चारित्रिक विकास		१
पाठ १ : चरित्र विकास		१
पाठ २ : नैतिक गुणहरू		४
पाठ ३ : श्रमको सम्मान		९
पाठ ४ : शिक्षामा मर्म		१३
एकाइ दुई : सामाजिक मूल्य र मान्यता		१५
पाठ १ :	धार्मिक समन्वय र सहिष्णुता	१५
पाठ २ :	ईश्वरप्रतिको हाम्रो धारणा	२१
पाठ ३ :	बाल अधिकारका मूलभूत पक्ष	२५
पाठ ४ :	मानवीय मूल्यहरू	३०
एकाइ तिन : नागरिक कर्तव्य र व्यवहार		३२
पाठ १ :	समाजमा नागरिकको व्यवहार	३२
पाठ २ :	नागरिक व्यवहार	४०
पाठ ३ :	सूचनाको हक	४५
पाठ ४ :	सामाजिक न्याय	५४
एकाइ चार : नागरिक कर्तव्य र व्यवहार		६१
पाठ १ :	लोकतन्त्र	६१
पाठ २ :	लोकतान्त्रिक शासन पद्धतिका मूलभूत कुराहरू	६३
पठा ३ :	राष्ट्रप्रति नागरिकको दायित्व	६९
एकाइ पाँच : सामूहिक जीवन पद्धति र विविधता		७३
पाठ १ : सामाजिक मेलमिलाप		७३
पाठ २ : हाम्रा सम्पदा र कला कौशलहरू		७८
एकाइ छ : अनुशासन तथा सकारात्मक चिन्तन		८२
पाठ १ :	आत्मानुशासन	८२
पाठ २ :	काम अनुसारको परिणाम	८७
पाठ ३ :	आत्मानुशासनबाट हुने फाइदा	९०

एकाइ एक : चारित्रिक विकास

पाठ १ चरित्र विकास

सिकारु साथीहरू, नैतिकता भनेको के हो ? आजभोलि जो पनि कुरा गर्दा नैतिक शिक्षाको कमीले व्यभिचार, भ्रष्टाचार, दुराचार र समाज भाँड्ने कामहरू हुन थालेको भन्ने गर्छन् । के साँच्चै हाम्रो समाज अनैतिक तथा भ्रष्ट भएको हो त ? समाजमा आवश्यक नैतिक कुराहरूको जानकारी नभएर बिग्रिएको हो ? त्यसका लागि हामीले आफ्ना काम कारबाहीलाई नियाल्नु पर्ने हुन्छ । समाजमा के राम्रो हो , के नराम्रो हो ? थाहा पाउनुपर्छ ।

हामी बसेको ठाउँ पृथ्वी हो । पृथ्वीमा विभिन्न देश, विभिन्न समाज, विभिन्न समुदाय, विभिन्न जाति, विभिन्न धर्म छन् । धर्म, सम्प्रदाय र संस्कृतिले समाज चलेको छ । यो संसारमा एउटै मिल्ने कुरा भनेको हामी मानव समुदाय मात्र विवेकशील प्राणीको रूपमा यहाँ छौँ । सबै समान छौँ । कोही काला वर्णका छौँ, कोही गोरा वर्णका छौँ , कोही राता वर्णका छौँ त कोही अग्ला छौँ, कोही होचा छौ र कोही ठिक्कका छौँ । तर जे भए पनि हामी सबै मानिस हौँ । संसारमा हामीबाहेक रुख, बिरुवा, जलचर, नभचर, स्थलचर र उभयचर सबै छन् तर भविष्यका बारेमा जानकारी राख्ने र सबै कुरा सम्झेर एकअर्कामा सञ्चार गर्ने प्राणी भनेको हामी मानिसहरू मात्रै हौँ । अरू सबै जनावरसहितका सजीव प्राणी तथा निर्जीव पदार्थसमेतको व्यवस्थापन पनि हामीले नै गर्नुपर्छ । सबैको हितमा हामी सबै लागेमा मात्र सबै मानव समुदायको हित हुन्छ र वातावरणको पनि अनुकूलन सम्भव छ ।

हामीले जे गर्छौँ, त्यही अरूले पनि गर्नुपर्छ र अरूले जे गर्छन्, हामीले पनि गर्नुपर्छ । हामी व्यक्ति पनि हौँ, परिवार पनि हौँ, हामी सामाजिक प्राणी पनि हौँ, देशवासी पनि हौँ र विश्व नागरिक पनि हौँ । आफ्नो कर्तव्य, परिवार प्रतिका कर्तव्य, समाज प्रतिका कर्तव्य, राज्य प्रतिका कर्तव्य र विश्वका प्रतिका कर्तव्यहरू हामीले व्यक्तिगत तथा सामूहिक रूपमा पूरा गर्नुपर्छ ।

छलफलका लागि

१. हामीले व्यक्तिका रूपमा आफैँप्रति पूरा गर्नुपर्ने कर्तव्यहरू पत्ता लगाई सूचीबद्ध गरौँ र अरूसँग पनि ती कर्तव्यहरू दाँजौँ । समानता भएका कुन कुन हुन् र व्यक्ति नै पिच्छे फरक कर्तव्यहरू होलान् । तिनको पनि सूची बनाऔँ र सकेसम्म ती कर्तव्य पूरा गर्न

कसले कसलाई के मद्दत गर्न सकिन्छ पत्ता लगाऔँ ।

२. त्यसैगरी सामूहिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कर्तव्यहरू पत्ता लगाऔँ र कसरी तिनलाई पूरा गर्न सकिन्छ भनेर सूची तयार गरौँ । सहजकर्ता साथीले पनि सहभागितामूलक रूपमा छलफलमा सक्रियताका साथ भाग लिऔँ ।

अनि एउटा चरित्र विकासको उदाहरणीय कथा

इमानदारिता

टिम्किया भन्ने गाउँमा एउटा दाउरे दाइ बस्नुहुन्थ्यो । उहाँको नाम घनश्याम भए पनि सबैले उहाँलाई घनु नै भन्ने गर्थे । दाउरे दाइको काम वनमा गएर सुकेका काठहरू खोज्दै, जम्मा गर्दै सहरमा लगेर बेच्नु थियो । त्यही नै उहाँको जीविकाको आधार थियो । उहाँलाई सबैले एकदम इमानदार घनु दाइ भनेर माया गर्थे र उहाँको भनाइमा विश्वास गर्थे । उहाँसँग कसैले पनि मोलमोलाई गर्दैनथ्यो । जति भाउ भन्यो, त्यति नै दिएर लान्थे किनभने घनुबाट ठग्ने काम हुँदैन भन्ने सबैलाई विश्वास थियो । वनका पालेहरूले पनि घनुलाई गाली गर्नु हुन्नथ्यो । किनभने घनु कहिल्यै पनि सुकेका बाहेक र अरू काम नलाग्ने काठबाहेक दाउर ाका लागि जम्मा गरेर लानु हुन्नथ्यो ।

एक दिन पोखरीको डिलमा रहेको एउटा सुकेको रुखको हाँगा काट्न बन्चरोसहित घनु दाइ रुख चढ्नु भयो । हाँगा काट्दै गर्दा बन्चरो हातबाट उछिट्टियो र पोखरीमा खस्यो । घनु दाइसँग अर्को बन्चरो पनि थिएन र गाउँबाट अर्को बन्चरो ल्याएर दाउरा काट्न पनि समय घर्किसकेको थियो । अनि घनु दाइ दिक्क भएर रुन थाल्नु भयो । त्यही बेलामा वन दे वता आएर सोध्न थाल्नु भयो – दाउरे , तिमी किन रोएको हो ? घनु दाइले आफ्नो कहानी भन्नुभयो । अनि वन देवताले पोखरीमा पसेर सुनको बन्चरो लिएर आउनु भयो र सोध्नुभयो –तिम्रो बन्चरो यही हो ? घनु दाइले यो त मेरो होइन भन्ने बित्तिकै फेरि पोखरीभित्र गएर चाँदीको बन्चरो लिएर आई यो हो त भनेर सोध्नुभयो । त्यो पनि होइन भने पछि साँच्चै घनुको बन्चरो ल्याएर यो हो त भनेर सोधेपछि घनु खुसी भएर यही हो भन्नुभयो । वन देवता खुसी भएर स्याबास भन्दै तिन ओटै बन्चरो घनुलाई दिनुभयो । घनु सदाझैँ दाउराको भारी पुऱ्याएर सहर गई बेचेर घर जानु भयो । घरमा गएर सुन र चाँदीको बन्चरो बेचेर धनी हुनुभयो । गाइ, भैँसी पालेर दुध दही घिउ बेच्दै धनी हुनुभए पनि दाउरा बेच्न भने छोड्नु भएन ।

अनि उहाँको छिमेकी धनबहादुर पनि गरिब हुनुहुन्थ्यो । उहाँलाई घनु दाइ धनी भएको कुरा थाहा पाउन मन लाग्यो र सोध्नुभयो । घनुले सबै कुरा बेलिबिस्तार लगाएर आफूले सुन र चाँदीको बन्चरो बेचेर सम्पत्ति कमाएको बताएपछि धनबहादुरले पनि त्यही पोखरीमा गएर दाउर काट्न थाल्नु भयो । तर बन्चरो पोखरीमा जानाजान फालेर रुन कराउन थाल्नुभयो । वन देवता त्यसैगरी आउनु भयो र सुनको बन्चरो देखाउँदै सोध्नुभयो । धनवहादुर त धन नै कमाउन आएकाले हो यही बन्चरो मेरो हो भन्न थाल्नु भयो । अनि वन देवता पोखरीमा पसेर एकपटक देखिँदै लोभले गर्दा अर्को बन्चरो पनि आफूले नखोज्ने बताउँदै अलप हुनुभयो । भएको बन्चरो पनि गयो तर अरू केही पनि प्राप्त भएन । धनबहादुर रुँदैरुँदै घर आएर लोभ गर्दा भएको एउटा बन्चरो पनि हराएको कथा सुनाउन थाल्नुभयो ।

सार

लोभले कहिल्यै पनि भलो गर्दैन । आफूसँग भएको र आफ्नो क्षमताभन्दा बढीमा लोभ गर्नु हुँदैन । अनावश्यक लोभ गर्दा भएको पनि जान्छ र अरूले बेइमान भन्छन्। इमानदार हुँदा घनुले जस्तो अचानक पुरस्कार पनि पाइन्छ र सबैले प्रशंसा पनि गर्छन्।

अभ्यास

१. यो कथाको सारका सम्बन्धमा छलफल गर्नुहोस् र त्यस्तो कुनै घटना छ भने सुनाउनुहोस् ।

२. अनावश्यक लोभ र आवश्यक लोभको बिचका अन्तर पत्ता लगाउनुहोस् र कस्ता कुरामा लोभ गर्नुपर्छ र कस्ता कुरामा लोभले हानि गर्छ भन्ने बारेमा सूची तयार पार्नुहोस् ।

पाठ २ : नैतिक गुणहरू

विमला खुल्ला शिक्षाको आधारभूत तह (कक्षा ६-८) को दोस्रो तहमा अध्ययनरत छिन् । उनी भोलि खुला शिक्षाको कक्षामा जानु छ । त्यसैले भोलिको पाठका बारेमा उनी सोच्दैछिन् । भोलिको पाठ नैतिक गुणहरू भन्ने शीर्षकमा आधारित थियो । त्यसैले आज उनलाई नैतिक गुणका बारेमा आफ्नी आमासँग छलफल गर्ने विचार आयो । अनि आमा छोरीबिच नैतिक गुणहरूका बारेमा भएको छलफल यस्तो थियो :

छोरी : आमा, नैतिक गुण भनेको के हो ?

आमा : वास्तवमा समाजले जस्ता गुणलाई असल, अनुकरणीय भन्छन्, त्यस्ता गुण नै नैतिक गुण हुन् । समाजको आँखामा नैतिकता देखिने गुणहरू नै नैतिक गुण हुन् ।

छोरी : कतिपय अनैतिक व्यक्तिले पनि आफूलाई नैतिक देखाउन खोज्छन् । त्यस्ता व्यक्तिले आफूलाई नैतिक देखाउन अनेक बाहना बनाउन सक्छन् । त्यसो भए कसरी छुट्याउने त नैतिक र अनैतिक व्यक्ति ?

आमा : जसले व्यक्ति, समाज र राष्ट्रको हित विपरीत कार्य गर्दछ, त्यो अनैतिक हो । जसले एउटा भन्ने अर्को गर्ने गर्दछ, त्यस्तो व्यक्ति पनि अनैतिक हो ।

छोरी : त्यसो भए नैतिक गुणहरूभित्र के के पर्दछन् त आमा ?

आमा : दया, विनम्रता, सहनशीलता, संयम, धैर्य, सहयोग, सभ्य व्यवहार, सामाजिक सेवा, आपसी राम्रो सम्बन्ध, स्वस्थ दिनचर्या आदि नैतिक गुणहरू हुन् ।

छोरी : अहो ! नैतिक गुण त धेरै रहेछन् । ती गुणका बारेमा पनि छोटोमा बताइदिनु हुन्छ कि ?

आमा : हुन्छ, सोध न मलाई थाहा भएको कुरा म भन्छु नि ! तिम्रो कक्षामा पनि यस्ता कुरा पढाइ हुन्छन् कि क्या हो ?

छोरी : हो त आमा ! हाम्रो नागरिक तथा नैतिक शिक्षा विषयमा यस्ता कुराहरू पढ्नुपर्ने रहेछ । त्यसैले त मैले तपाईंसँग जिज्ञासा राखेकी । धेरै पढे लेखेकी नभए पनि व्यवहारबाट तपाईंले धेरै सिके जस्तो छ नि आमा ?

आमा : हो त पढेरभन्दा परेर जानिन्छ भनेको थाहा छैन त ! हामीले किताब पढेर मात्र हुँदैन । पढेका कुरा त व्यवहारमा उतार्न सके मात्र सही शिक्षा हुन्छ ।

छोरी : ल ! आमा त धेरै जान्ने पो हुनुहुँदो रहेछ । भो म त मेरै विषयवस्तुबारे जिज्ञासा राख्छु । तपाईंले भन्नुभएका नैतिक गुणमध्ये दयाका बारेमा बताइदिनु हुन्छ कि ?

आमा : दया आफ्ना प्रियजनमा देखाइने भाव हो । संसारका प्राणीप्रति दयामायाको भाव हुनुपर्छ । अर्काको दुःख र पीडा देखेर आफू पनि दुःखित र पीडित भई सक्दो सहयोग गर्नु दया हो हामीले पनि सबैप्रति दयाको भावना राख्नुपर्छ ।

छोरी : त्यसो भए विनम्रता भनेको नम्र व्यवहार गर्नु होला हैन त आमा ?

आमा : हो, सबैप्रति नम्र हुनु, कसैप्रति रुखो र घमन्डी व्यवहार नगर्नु विनम्रता हो । वास्तवमा राम्रो शिक्षा प्राप्त गरेको व्यक्ति विनम्र हुन्छ ।

छोरी : सहनशील भनेको नि !

आमा : सबैप्रति राम्रो भावना राखी शान्त हुने गुण सहनशीलता हो । सानातिना कुरामा मनमुटाव र झैझगडा नगरी सबैप्रति समभाव राखी शान्त भएर बस्नु सहनशीलता हो ।

छोरी : संयम र धैर्य भनेका कस्ता गुण हुन् त आमा ?

आमा : बुद्धि विवेक लगाएर, सोचविचार गरेर मात्र कुनै पनि प्रकारको प्रतिक्रिया जनाउनु संयम हो भने आपत्ति वा विपत्तिमा पनि एकनास रहनु धैर्य हो । बोलीवचन, व्यवहार, खानपान सबैतिर संयम आवश्यक हुन्छ भने जस्तोसुकै समस्या आए पनि त्यसको समाधान गर्न धैर्य चाहिन्छ ।

छोरी : त्यस्तै नैतिक गुणमध्ये सहयोगका बारेमा त मलाई पनि थाहा छ कि आमा, सुन्नुहोस् है त ! एकले अर्कोलाई समस्या पर्दा आवश्यक सहायता पुऱ्याउनु नै सहयोग हो । आफूलाई पर्दा अरूले र अरूलाई पर्दा आफूले सहयोग नपुऱ्याउने हो भने समाजमा बस्नुको के अर्थ रह्यो हैन र ! त्यसैले हामी सबैले एकले अर्कोलाई सक्दो सहयोग गर्नुपर्छ । आपसी सहयोगमा नै हाम्रो समाज चलेको त छ नि हैन आमा !

आमा: हो त तिमीले ठिक भन्यौ । त्यस्तै अर्को नैतिक गुण सभ्य व्यवहारका बारेमा पनि बताऊ न त !

छोरी : समाजलाई पच्ने र समाज अनुकूलको व्यवहार नै सभ्य व्यवहार हो । राम्रो सङ्गत पाएका मानिसको व्यवहार सभ्य हुन्छ । कसैलाई व्यक्तिगत रूपमा ठेस नपुऱ्याउने र सहज रूपमा लिइने व्यवहार नै सभ्य व्यवहार होला हैन त आमा !

आमा : हो तिमीले ठिकै भन्यौ । त्यस्तै सामाजिक सेवा पनि अर्को नैतिक गुण हो । समाजको चौतर्फी विकासका लागि जुट्नु समाज सेवा हो । समाजका विपन्न, पिछडिएका वर्गको सेवा गरेर पनि नैतिक गुणको विकास गर्न सकिन्छ । आफ्नो सम्पूर्ण धन सम्पत्ति समाज सेवामा अर्पण गर्ने मानिसहरूको नैतिक बल निकै उच्च रहेको हुन्छ । यस्ता व्यक्तिले समाजबाट उच्च सम्मान पनि पाउँछन् ।

छोरी : त्यस्तै आपसी राम्रो सम्बन्ध भनेको एकापसमा राम्रो व्यवहार, बोली वचन गर्नु होइन र आमा !

आमा : हो ! संसारलाई नै मित्रहरूको घर ठानेर समान व्यवहार गर्ने बानीले आपसी सम्बन्ध निकै बलियो बनाउँछ । हामीहरूले घर परिवार, छिमेकलगायत देशभित्र र देशबाहिरका सबै व्यक्तिप्रति राम्रो सम्बन्ध कायम गर्न सके विश्व नै एक गाउँ हुन सक्छ ।

छोरी : स्वस्थ दिनचर्या भनेको के होला नि !

आमा : स्वस्थ दिनचर्या भन्नाले हाम्रो दैनिक जीवनका गतिविधि, क्रियाकलाप स्वस्थ हुनुपर्छ भन्ने हो ।

छोरी : स्वास्थ्यलाई हानि नपुग्ने कामहरू पनि त स्वस्थ दिनचर्यामा पर्छन् होला नि आमा !

आमा : स्वास्थ्यलाई हानि नपुग्ने दैनिक कार्यहरू गरेर जीवन बिताउने तरिका पनि स्वस्थ दिनचार्या हो । हाम्रा प्रत्येक दिनका गतिविधि स्वास्थ्यसँग गाँसिएका हुन्छन् । हाम्रो जीवनमा निरोगिता सबैभन्दा ठुलो कुरा हो ।

छोरी : स्वस्थ दिनचर्यामा पर्ने कुराहरू के के हुन् त ?

आमा : समयमा सुत्ने र समयमा उठ्ने, सन्तुलित खानपान, आचार विचार, बोली व्यवहार आदिले पनि स्वास्थ्यसँग नजिकको सम्बन्ध राख्छन् । स्वस्थ रहन शारीरिक र मानसिक दुवै रूपबाट ठिक हुनुपर्छ ।

छोरी : त्यसो भए आजकल प्रचलनमा आएको शारीरिक व्यायाम र योग पनि स्वस्थ दिनचर्यामा पर्छ होला ?

आमा : हो त स्वस्थ रहने, स्वास्थ्यलाई बिग्रन नदिन गरिने सबै खाले कार्य स्वस्थ दिनचर्यामा पर्छन् । कम पानी पिउनु, जथाभावी रूपमा अनियमित तरिकाले खाना खानु, दिउँसो सुत्नु, राति नसुत्नु, लामो समयसम्म दिसा पिसाब नगर्नु आदि अस्वस्थताका कारक वा लक्षण हुन् । तसर्थ यस्ता कुरामा हामीले ध्यान दिनुपर्छ ।

छोरी : ओहो ! हामीले छलफल गर्दा पनि समय त निकै गएछ नि ! त्यसो त हामी पनि स्वस्थ दिनचर्याका लागि अहिले समयमा सुतेर भोलि बिहान समयमै उठ्नका लागि हाम्रो छलफल पनि त अन्त गर्नुपरेन र !

आमा : हो, छोरी आज तिमीले निकै व्यावहारिक कुरामा छलफल गऱ्यौ । भोलिपर्सी पनि यस्तो छलफल गरौँला ।

छोरी : साँच्चिकै आज मैले हामीले अपनाउनुपर्ने नैतिक गुणका बारेमा धेरै कुराका बारेमा अझ प्रस्ट हुने अवसर पाएँ । यति कुरा थाहा पाएपछि त यसका बारेमा कक्षामा प्रश्न सोधिरहनु नपर्ला जस्तो छ ।

आमा : लौ त छोरी आजलाई सुतौँ !

छोरी : हुन्छ त आमा !
(दुवै सुत्छन् ।)

क्रियाकलाप

१. **माथिको संवाद अध्ययनपछि तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) नैतिक गुणको विकास गर्न विद्यार्थीले आपसमा के कस्ता व्यवहार गर्नुपर्छ ? त्यस्ता नैतिक गुणको सूची बनाउनुहोस् ।

(ख) कस्ता कार्य नैतिक हुन् र कस्ता कार्य अनैतिक हुन् ? नैतिक र अनैतिक कार्यमा फरक देखाउनुहोस् ।

(ग) अहिलेको समाजमा के कस्ता नैतिक गुण आवश्यक परेका छन्, किन ?

२. **तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) नैतिक गुणहरूको सूची तयार गर्नुहोस् ।

(ख) दया भनेको के हो ? यो किन आवश्यक हुन्छ ?

(ग) मानिसम किन विनम्रता आवश्यक हुन्छ ?

(घ) सहनशीलता, संयम र धैर्यमा के फरक छ ?

(ङ) समाजसेवा किन गरिन्छ ?

(च) सभ्य व्यवहार मानिसको परिचायक हो । पुष्टि गर्नुहोस् ।

(छ) स्वस्थ दिनचर्याको महत्त्व उल्लेख गर्नुहोस् ।

पाठ ३ : श्रमको सम्मान

नेपालमा आजको पुस्तामा यस्तो धारणा विकास भएको देखिन्छ :

- पढ्ने मानिस वा पढेको मानिसले जस्तोसुकै काम गर्न हुँदैन ।
- युवापुस्ताले खेतीपातीको काम गर्न हुँदैन ।
- शारीरिक श्रम (भारी बोक्ने, खेतीको काम गर्ने, मजदुरी गर्ने आदि) सानो काम हो ।
- अरूलाई आदेश दिने मानिस ठुलो र काम गर्ने मानिस सानो हो ।
- पढेका मानिसले काम गर्दा लाज हुन्छ ।
- काम गर्न हुँदैन तर अन्य गलत तरिकाबाट भए पनि सम्पत्ति कमाउनुपर्छ ।
- जसरी पनि सुख सुबिधा उपभोग गर्न पाउनुपर्छ ।
- कृषकको छोराले कृषक नै हुनु हुन्न ।
- मिहिनेत नगरे पनि हुन्छ ।
- अरूले गरेको कामलाई महत्त्व नदिने ।
- आफ्नो देशमा श्रम गर्न हुन्न तर विदेशमा गएर जस्तो काम गरे पनि हुन्छ आदि ।

तपाईँ माथिको धारणासँग सहमत हुनुहुन्छ ? सहमत भए उक्त धारणामा परिवर्तन ल्याउन के के गर्नुपर्छ ? उक्त धारणामा परिवर्तन भएपछि माथि लेखिएका कुरामा कसरी सुधार गर्नुपर्छ । सुधार गरेर लेख्नुहोस्, जस्तै :

- पढ्ने मानिस वा पढेको मानिसले पनि जस्तोसुकै काम गर्नुपर्छ ।

तल दिइएको विषयवस्तु अध्ययन गर्नुहोस् :

श्रमको महत्त्व :

बल तथा बुद्धि लगाएर गरिने काम नै श्रम हो । श्रम आफैँमा सानो ठुलो हुँदैन । सबै प्रकारका श्रम तथा कामको आआफ्नो स्थानमा महत्त्व हुन्छ । धनीमानी र शिक्षित भनाउँदा (अल्पबुद्धि भएका) हरूले गरिब र नपढेका व्यक्तिहरूले गर्ने कामलाई हेँला गर्ने परम्परा बसालेका छन् । जयस्थिति मल्लका पालामा कामका आधारमा जातमा विभाजन भएको थियो । त्यतिवेला काममा व्यावसायिकता बनाउने उद्देश्यले यस्तो गरेको भए तापनि पछि गएर ठुलो जातले गर्ने काम राम्रो र सानो जातले गर्ने काम नराम्रो भनेर छुट्याउन थालियो । कतिपय समाजमा अझै पनि जातका आधारमा काम गर्ने चलन छ । काम जातका आधारमा, वर्गका आधारमा नभएर क्षमता र सिपको आधारमा गर्नुपर्छ ।

सबै प्रकारका श्रमको आआफ्नो ठाउँमा महत्त्व हुन्छ भन्ने कुरा प्रमाणित गर्न यहाँ केही उदाहरण प्रस्तुत गरिएको छ ।

- मानिसलाई बाँच्नको लागि नभई नहुने अन्न, फलफूल, तरकारी आदि किसानले उत्पादन गर्छ । किसानले खानेकुरा उत्पादन नगरेमा अन्य पेसा व्यवसाय गर्ने व्यक्हिरूको जीवन चल्न सक्दैन । त्यसैले किसानले गर्ने श्रमको ठुलो महत्त्व छ ।
- किसानले उत्पादन गरेको अन्नपात, फलफूल तथा तरकारी एक ठाउँबाट अर्को ठाउँमा लैजान र किनबेच गर्न व्यापारी चाहिन्छ । मानिस आफूलाई चाहिने सबै सामान उत्पादन गर्न सक्दैन । त्यसैले सामानको आदानप्रदान गराउन व्यापारीको महत्त्वपूर्ण भूमिका हुने हुँदा व्यापारीले गर्ने श्रमको पनि उत्तिकै महत्त्व छ ।

  मानिसलाई नभई नहुने अर्को वस्तु घर हो । घर डकर्मी सिकर्मीले बनाउँछन् । त्यसैले डकर्मी र सिकर्मीले गर्ने कामको पनि उत्तिकै महत्त्व रहेको हुन्छ ।
- उद्योग कलकारखानामा काम गर्ने मजदुर भएनन् भने उद्योगबाट उत्पादन हुने लुगा

कपडा, साबुन, चिनी आदि सामान उत्पादन हुन सक्दैनन् । त्यसैले मजदुरले गर्ने कामको पनि उत्तिकै महत्त्व छ ।

- हाम्रो समाजमा हुने अन्य पेसा व्यवसायहरू लुगा सिलाउने काम, फलामको काम, कार्यालयहरूमा गर्ने काम, पढाउने काम, विरामी उपचार गर्ने काम, भारी बोक्ने काम आदि सबै कामको उत्तिकै महत्त्व छ । एउटाले काम गरेन भने अर्कोको जीवन चल्न गाह्रो हुन्छ । त्यसैले सबै कामका बराबर महत्त्व छ ।

  काम सानो वा ठुलो हुँदैन । हामीले कामका आधारमा कसैलाई पनि भेदभाव गर्नुहुँदैन । हामी सबैले आआफ्नो रुचि, सिप र क्षमताअनुसारका काम गर्नुपर्छ । हामीले बिना काम समय खेर फाल्नु हुँदैन । केही न केही काम गर्नुपर्छ । अनि मात्र मानव जीवनको सार्थकता हुन्छ ।

क्रियाकलाप

१. **माथिको विषयवस्तुका आधारमा तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) श्रम भनेको के हो ?

(ख) श्रम कस कसले गर्नुहुन्छ र कसकसले गर्नुहुँदैन ?

(ग) श्रम सानो र ठुलो भनेर कसरी विभाजित गरियो ?

(घ) श्रम गरेन भने के हुन्छ ?

(ङ) उदाहरणसहित श्रमको महत्त्व पुष्टि गर्नुहोस् ।

२. **तलका भनाइहरूमा ठिक भए (✓) र बेठिक भए (X) चिह्न लगाउनुहोस् ।**

(क) शारीरिक श्रमभन्दा मानसिक श्रम सम्मानित हो ।

(ख) श्रम जातका आधारमा विभाजन गर्नु राम्रो हुन्छ ।

(ग) श्रम व्यक्तिको रुचि, सिप र क्षमताअनुसार गर्नुपर्छ ।

(घ) सबै प्रकारका श्रमको आआफ्नो ठाउँमा उत्तिकै महत्त्व हुन्छ ।

(ङ) हामीले सबै प्रकारका श्रमलाई सम्मान गर्न सिक्नुपर्छ ।

(च) पढेलेखेपछि शारीरिक श्रम गर्नु हुँदैन ।

(छ) श्रम नगर्ने व्यक्तिको जीवन निरर्थक हुन्छ ।

३. तपाईंको समुदायमा गरिने कामहरूको सूची बनाउनुहोस् ।

४. तपाईंलाई कुन काम गर्न मनपर्छ, किन ?

५. तपाईंले हाल के काम गर्दै हुनुहुन्छ ? त्यसका लागि कस्तो ज्ञान, सिप र क्षमता आवश्यक पर्छ ?

६. 'श्रमको महत्त्व' शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।

पाठ ४ : शिक्षामा मर्म

नेपालमा आजको पुस्तामा यस्तो धारणा विकास भएको देखिन्छ :

एकादेशमा एउटा हरिण थियो । त्यो हरिण आफ्ना बथानमा सबैभन्दा जान्ने र ज्ञानी थियो । उसले अरू हरिणहरूलाई शिक्षा दिन्थ्यो । उसकी बहिनीले एउटा बच्चा पाई र तुरुन्त माइत आई अनि दाजुलाई भनी– दाजु, मेरो बच्चालाई तपाईँले शिक्षा दिनुपर्छ ।

हरिणले त्यो कुरा स्वीकार गऱ्यो र भानिजलाई पनि अरू हरिणका बच्चासँगै शिक्षा दिन थाल्यो । एक दिन त्यो बच्चा हरिण पनि अरू साथीहरूसँगै बनमा घुम्न गयो । पहिलो पटक घर छोडेर बाहिर गएकोले उसलाई मज्जा लागिरहेको थियो । अरू साथीहरूले भने– तिमी एक्लै रमाउँदै नहिँड । शिकारीले भेट्न सक्छ, बाघले भेट्न सक्छ र जताततै शिकारीले जाल बिछ्याएका हुन्छन्, जालमा पर्न पनि सकिन्छ । तर उसलाई मज्जा लागिरहेको थियो र अरूसँग बिछोड भएछ कतिबेर घना जङ्गलमा पुगेछ । त्यो घना जङ्गलमा नभन्दै शिकारीले जाल बिछ्याएको थियो, त्यो बच्चा हरिणले देखेन र जालमा फस्यो ।

साथी हराएपछि अरू हरिणहरू जत्थामै उसलाई खोज्न यताउती लागे । बल्ल एउटाले जालमा परेको देख्यो र सबै गएर उसकी आमालाई यो कुराको खबर गरे । बच्चा हरिणकी आमा पनि सिधै दाजुको घरमा गई र रुँदै आफ्नो छोरो जालमा परेमो खबर गरी ।

दाजु हरिणले पटक्कै चिन्ता गरेन, बरु बहिनीलाई ढाढस दिँदै भन्यो– बहिनी, चिन्ता नलेऊ । भान्जा आइपुग्ने बेला भयो । अरू हरिणसहित बहिनी पनि चकित परी किनभने दाजु हरिणले पटक्कै वास्ता गरेन र भन्छ–भान्जालाई केही हुँदैन, एकछिनमा आइहाल्छन् नि ।

नभन्दै भानिज हरिण एकछिनमा हस्याङ् फस्याङ् गर्दै आइपुग्यो ।

सबै खुसी भए । अनि बहिनी हरिणले दाइलाई चिन्ता नगरेको र एकछिनमा भानिज आउने भनेको रहस्यका बारेमा सोधी । दाइ हरिणले भन्यो– मैले यस्तो शिक्षा दिएको थिएँ कि यदि शिकारीले जालमा पाऱ्यो भने कसरी बच्न सकिन्छ ? त्यस्ता जीवनमा आइपर्ने सबै समस्या र समाधानका उपायहरूका बारेमा मैले सिकाएकाले मलाई भानिज फुत्केर आउने कुरामा शतप्रतिशत विश्वास थियो र म ढुक्कसँग बसेको थिएँ ।

अनि बहिनी हरिणले मामाका कुरा सुनेर मख्ख परेको आफ्नो छोरालाई सोधी – बाबु, तिमी कसरी फुत्केर आयौ त ? अनि बच्चा हरिणले गर्वसाथ भन्यो– आमा, जब मैले शिकारीको जालमा परेको कुरा थाहा पाएँ, अनि म पटक्कै डराइँन । जब शिकारी मनेर आयो , म मरेको जस्तो गरी लमतन्न परेर सास रोकेर सुतेँ । शिकारी आएर पहिले मेरो शरीरको

निरीक्षण गऱ्यो । मैले पेट फुलाएर बसेकोले उसले मलाई मरेको सम्झेर जाल झिक्यो अनि घरमा गएर पोलेर खानका लागि दाउराको व्यवस्था गर्न अलि परतिर गयो । म त्यही बेलामा उठेर टाप कसैँ र पहिले गएको बाटोमा नबिर्सिन बाटा बाटामा पात चुँडेर राखेको थिएँ, त्यही बाटो फर्किएँ ।

अनि मामा हरिणले बहिनीलाई भन्यो– देखिस् बहिनी, मैले कस्तो शिक्षा दिएको रहेँछु र म ढुक्क भएर तँलाई भानिज आउलान् भनेर भन्न सकेको रहेँछु ।

सार

शिक्षा जीवनोपयोगी हुनुपर्छ । शिक्षाले समय सापेक्षतालाई सम्बोधन गरेको हुनुपर्छ ।

अभ्यास

१. चरित्र विकासका लागि शिक्षा कस्तो हुनुपर्छ ? छलफल गरौँ ।

२. यस्तै शिक्षाप्रद र समय सापेक्ष उदाहरणीय कथाहरू तयार गरौँ र वाचन गरौँ ।

३. यो कथाको मुख्य आशय के हो ? समूह बनाएर मजबुन तयार पारौँ र समूहमा प्रस्तुत गरौँ ।

४. अहिलेको जटिलतम समयमा हाम्रो समूह वा समाजका लागि अति आवश्यक कुराहरूको सूची तयार पारौँ र तिनको समाधानका लागि कस्तो शिक्षा आवश्यक पर्ला भनेर छलफल गरौँ । शिक्षाले कसरी चरित्र विकासमा सकारात्मक सोच तयार गर्छ भनेर एउटा २०० शब्दसम्मको निबन्ध वा कथा तयार पारेर त्यसैको प्रतिस्पर्धा गरौँ । राम्रो लेख्ने र भन्नेलाई पुरस्कारको समेत व्यवस्था गरौँ ।

५. त्यस्तो शिक्षा कसरी उपलब्ध गर्न सकिएला भनेर चिन्तन गरौँ । सकिने कुराको समाधानका लागि आजैबाट लागौँ ।

एकाइ दुई : सामाजिक मूल्य र मान्यता

पाठ १ : धार्मिक समन्वय र सहिष्णुता

'क' गाउँको अवस्था	'ख' गाउँको अवस्था
➨ यो गाउँमा हिन्दु, बौद्ध, इस्लाम, किराँत, क्रिस्चियन, सिख, जैन आदि धर्म मान्ने मानिसहरू बस्छन् ।	➨ यो गाउँमा पनि हिन्दु, क्रिस्चियन, सिख, किरात, इस्लाम, जैन धर्म मान्ने मानिसहरू नै बसोबास गर्छन् ।
➨ यो गाउँका मानिसहरूले पूजापाठ गर्न, प्रार्थना गर्न, ध्यान गर्न आदि आआफ्नो धार्मिक क्रियाकलाप सञ्चालन गर्न एक अर्कामा बाधा नपुऱ्याई धार्मिक स्थल बनाएका छन् ।	➨ यो गाउँका मानिसहरूले पनि आआफ्नो धार्मिक क्रियाकलाप गर्न धार्मिक स्थल बनाएका छन्, तर यहाँ अरूलाई बाधा पुग्ने नपुग्ने विचारै नगरी आआफ्नो अनुकूल मात्र हुनेगरी बनाएका छन् । अझ कतिले त जानीजानी अर्को धर्म मान्नेलाई बाधा पर्नेगरी पनि बनाएको पाइन्छ ।
➨ यो गाउँका मानिसहरू आआफ्नो धार्मिक कार्य गर्छन् । आफ्नो क्रियाकलापले अरूलाई बाधा पुग्यो कि भन्ने कुरामा सतर्क हुन्छन् ।	➨ यो गाउँका मानिसहरू पनि आ-आफ्नो धार्मिक क्रियाकलाप त गर्छन् तर अरूलाई बाधा व्यवधान पुगे नपुगेको विचार गर्दैनन् । कतिपय अवस्थामा त एउटाले माइक बजायो भने अर्काले त्योभन्दा ठुलो आवाजमा बजाएर पूरै समुदायलाई बाधा पुऱ्याउँछन् ।
➨ यो गाउँका सबै धर्मावलम्बीहरू समय समयमा एकै ठाउँ बस्छन् । आआफ्नो विचार राख्छन् । अरूको कुरा ध्यान दिएर सुन्छन् । अरू धर्म मान्नेको पनि राम्रो कुरा ग्रहण गर्छन् ।	➨ यो गाउँका सबै धर्मावलम्बी कहिल्यै पनि एकै ठाउँ बसेर छलफल गर्दैनन् । भेट भइहाल्यो भने पनि एकले अर्कोलाई होच्याउने, आफ्नो धर्म मात्र उत्तम भएको कुरा गर्ने गर्छन् ।

➨ यहाँका मानिसहरू कहिलेकाहीँ अर्को धर्म मान्नेहरूको धार्मिक स्थलमा जान्छन् । उनीहरूले गरेको क्रियाकलापमा पनि सहभागी हुन्छन् ।	➨ यहाँका मानिसहरू अर्को धर्मावलम्बीको धार्मिक स्थलमा जाँदैनन् र त्यहाँ जानुहुँदैन भन्ने सोच राख्छन् । अरूको धार्मिक स्थलमा गयो भने आफू अपवित्र हुने कुरा गर्छन् ।
➨ यो गाउँका मानिसहरू सबै धर्म आआफ्नो ठाउँमा महत्त्वपूर्ण हुन्छन् भन्ने कुरामा विश्वास राख्छन् ।	➨ यो गाउँका मानिस आफूले मानेको धर्म मात्र राम्रो र सर्वश्रेष्ठ भएकाले सबैले आफ्नो धर्म मान्नुपर्ने तर्क राख्छन् ।
➨ यहाँका मानिसहरू ईश्वर एक नाम तथा रूप अनेक र (परमेश्वर, अल्लाह, प्रभु, पासहाङ/सुङ्निमा आदि) भएको कुरामा विश्वास गर्छन् ।	➨ यहाँका मानिसहरू आफूले मान्ने धर्मका ईश्वर मात्र सर्वश्रेष्ठ भएको धारणा राख्छन् ।
➨ यो गाउँ सधैँ शान्त रहेको हुन्छ ।	➨ यो गाउँ प्राय:जसो होहल्ला र तनावपूर्ण रहेको हुन्छ ।
➨ यो गाउँमा धार्मिक समन्वय, सद्भाव र सहिष्णुता कायम रहेको छ ।	➨ यो गाउँमा धार्मिक समन्वय, सद्भाव र सहिष्णुता छैन ।

क्रियाकलाप

१. माथिका 'क' र 'ख' गाउँ दुवैमा मिल्ने कुराहरू के के छन् ?

२. 'ख' गाउँमा सधैँ अशान्ति र तनाव रहनुको कारण के हो ?

३. 'क' गाउँमा सधैँ शान्त वातावरण रहनुको कारण के हो ?

४. 'ख' गाउँमा 'क' गाउँ जस्तै हुन के के कुरामा सुधार गर्नुपर्ला ?

५. 'क' गाउँका ५ ओटा अनुकरणीय कुरा लेख्नुहोस् ।

६. तपाईं रहनुभएको ठाउँको अवस्था 'क' जस्तो छ कि 'ख' जस्तो गाउँ छ ? 'ख' जस्तो भए 'क' जस्तो बनाउन तपाईंको भूमिका के रहन सक्छ ?

हाम्रो देशको समग्र अवस्थामा थाहा पाउन तलका विषयवस्तु अध्ययन गर्नुहोस् ।

- हाम्रो देशको संविधानमा धर्म निरपेक्ष राज्य भनेर उल्लेख गरिएको छ । यसको अर्थ राज्यका तर्फबाट देशमा मान्ने धर्मलाई समान व्यवहार गर्ने, समान मान्ने, धर्मको सम्बन्धमा निष्पक्ष हुने भन्ने हुन्छ ।

- संविधानमा नै धर्मको बारेमा यसरी लेखिएको छ - "प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवम् सांस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुने छ । तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन र एकअर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न पाइने छैन । प्रत्येक धार्मिक सम्प्रदायलाई कानुनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुने छ ।"

- हाम्रो देशमा अहिलेसम्म धर्मको नाममा युद्ध भएको छैन ।

- हाम्रो देशमा विभिन्न धर्मावलम्बीहरू रहेर पनि एकता कायम छ ।

- हाम्रो देशमा सबै धर्मसँग सम्बन्धित पर्वहरूमा राष्ट्रिय बिदा दिने चलन छ । जस्तै हिन्दु धर्मसँग सम्बन्धित दसैँ, तिहार, जनै पूर्णिमा, छठ, महाशिवरात्री आदि । बौद्ध धर्मसँग सम्बन्धित बुद्ध जयन्ती, ल्होसार, आदि । किराँत धर्मसँग सम्बन्धित उधौली, उभौली । ईस्लाम धर्मसँग सम्बन्धित इद, बकरइद, इसाईसँग सम्बन्धित क्रिसमस आदि ।

- हाम्रो देशमा धार्मिक समन्वय, सद्भाव र सहिष्णुता कायम छ भन्ने कुरा विभिन्न उदाहरणबाट पुष्टि हुन्छ । जस्तै :
  - हिन्दुहरूको पवित्र तीर्थस्थल पशुपतिमा वर्षको एक पटक बुद्धको अष्टधातु चढाउने चलन छ ।
  - बौद्ध धर्मको पवित्र तीर्थस्थल स्वयभूसँगै हिन्दुहरूको देवी सरस्वतीको मन्दिर छ । त्यहाँ श्रीपञ्चमीको दिन धुमधाम पूजा हुन्छ ।
  - कुमारीलाई विभिन्न धार्मिक सम्प्रदायका मानिसहरूले आदर र भक्तिपूर्वक पूजा गर्छन् ।
  - एक धार्मिक सम्प्रदायको धार्मिक स्थलमा अर्को धार्मिक सम्प्रदायमा मानिसहरू गई धार्मिक क्रियाकलापमा सहभागी हुने गर्छन्, जस्तै : बौद्धमार्गीहरू मन्दिर जान्छन् । हिन्दुहरू गुम्बा गएर ध्यान गर्छन्, किरातहरू मन्दिर जान्छन्, हिन्दुहरू किराँत माङ्हिम/माङ्खिम जान्छन् आदि ।
  - हाम्रो देशमा धार्मिक सद्भाव र सहिष्णुता छ भन्ने कुरा तलको चार्टबाट अझ प्रस्ट हुन्छ :



अभ्यास

१. तलका भनाइहरू ठिक भए (✓) बेठिक भए (x) चिह्न लगाऊ ।

(क) नेपालमा धार्मिक सहिष्णुता कायम छ ।

(ख) नेपालमा समय समयमा धार्मिक युद्ध भएका छन् ।

(ग) हाम्रो संविधानमा धर्म निरपेक्ष हुने कुरा लेखिएको छ ।

(घ) प्रत्येक व्यक्तिलाई आआफ्नो परम्पराअनुसारको धर्म मान्ने अधिकार छ ।

(ङ) संविधानमा अरूलाई धर्म परिवर्तन गराउन सक्ने व्यवस्था छ ।

(च) धर्मको वास्तविक मूल्य र मर्म बुझेपछि झगडा हुँदैन ।

(छ) धार्मिक समन्वय सद्भाव कायम राख्नु हामी सबैको कर्तव्य हो ।

२. जोडा मिलाउनुहोस् :

क	ख
कुमारी	विद्याकी देवी
सरस्वती	इस्लाम
अल्लाह	बौद्ध
सुम्निमा	जीवित देवी
त्रिपिटक	किराँत
	क्रिस्चियन
	सिख

३. तलको प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) हाम्रो देशमा धार्मिक सहिष्णुता छ भन्ने कुरा उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(ख) धर्म निरपेक्ष राज्यको अर्थ लेख्नुहोस् ।

(ग) नेपालमा प्रचलित धर्महरूको विवरण तयार गर्नुहोस् ।

(घ) धर्मले मानिसलाई के केमा सहयोग पुऱ्याउँछ ?

(ङ) सबै धर्ममा मिल्ने कुराहरू के के छन् ?

(च) धार्मिक कलह हुन नदिन के गर्नुपर्छ ?

(छ) हाम्रो देशमा एक धर्म र अर्को धर्मबिचको सम्बन्ध कस्तो रहेको छ ?

थप क्रियाकलाप पनि गर्नुहोस् :

१. धार्मिक सहिष्णुताको सम्बन्धमा विभिन्न चार जना व्यक्तिको विचार सङ्कलन गरी त्यसको सार लेख्नुहोस् ।

(क) तपाईंको परिवारको एक जना सदस्यको विचार

(ख) तपाईंलाई सम्पर्क सत्रमा सहयोग पुऱ्याउने कुनै एक जना शिक्षकको विचार

(ग) सँगै अध्ययन गर्ने कुनै एक जना साथीको विचार

(घ) तपाईं आफ्नो विचार

२. धार्मिक सहिष्णुता झल्कने कुनै एउटा चित्र बनाउनुहोस् वा सङ्कलन गर्नुहोस् । उक्त चित्रको सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।

३. तपाईं आफ्नो घरदेखि केही टाढाको कुनै धार्मिक स्थलमा जानभएको छ भने तपाईंको धार्मिक यात्रा तथा अन्तरक्रियाको अनुभव लेख्नुहोस् । तपाईं आफू संलग्न हुनुभएको छैन भने त्यस्तो धार्मिक यात्रामा संलग्न हुने कुनै व्यक्तिसँग भेट गरी सोधेर लेख्नुहोस् ।

पाठ २ : ईश्वरप्रतिको हाम्रो धारणा

निम्न लिखित प्रश्नहरूको उत्तर खोज्ने प्रयास गर्नुहोस् :

- तपाईं दु:ख परेको समयमा कसलाई सम्झनुहुन्छ ?
- किन त्यसरी सम्झनु भएको हो ?
- तपाईंलाई दु:ख परेको समयमा जसलाई सम्झनुहुन्छ उसलाई सम्झँदा के फाइदा हुन्छ ?
- तपाईं यदि आस्तिक हुनुहुन्छ भने ईश्वर केलाई मान्नुहुन्छ ?
- के ईश्वर देख्नुभएको छ ?
- ईश्वर हुन्छ भन्ने कुरामा विश्वास गर्नुहुन्छ ?
- ईश्वरका रूप के के हुन सक्छन् ?
- तपाईंले कल्पना गर्नुभएको ईश्वर र साथीले कल्पना गरेको ईश्वर एउटै होला कि फरक होला ?
- हिन्दु, बुद्ध, किराँत, इस्लाम, इसाई, सिख, जैन आदिले मान्ने ईश्वर एउटै होला कि फरक होला ?

अब तलको दुई चित्रलाई अध्ययन गर्नुहोस् :





- माथिको पहिलो चित्रमा के के देख्नुभयो ?
- दोस्रो चित्रमा के के देख्नुभयो ?
- पहिलो चित्रका व्यक्तिहरूको नमिल्ने कुरा के हो ?
- पहिलो चित्रका व्यक्तिहरूले चाहेको वस्तु के हो ?
- पहिलो चित्रका व्यक्तिहरूले एउटै वस्तुलाई किन फरकफरक नाम दिए ?
- दोस्रो चित्रका व्यक्तिहरूले चाहेको कुरा के हो ?
- उनीहरूले चाहेको एउटै ईश्वरलाई किन फरक फरक नामकरण गरे ?
- हामीले ईश्वरमा के के देख्ने रहेछौँ त ?
- सबैले चाहेको ईश्वर एउटै रहेछ कि फरक फरक रहेछ त ?

कसले केमा ईश्वर देख्छन् भन्ने कुरा थप प्रस्ट हुन तलको केही उदाहरण अध्ययन गर्नुहोस् ।

हिन्दु – हिन्दुले ब्रह्मा, विष्णु, शिव, दुर्गा, सरस्वती, लक्ष्मी, गणेश, सूर्य, चन्द्रमा आदिमा ईश्वरको रूप देख्छन् । तिनीहरूको मूर्ति, तस्बिर आदिको पूजा गर्छन् । आफूले जे खान्छन् । आफूले मान्ने ईश्वरको रूपले पनि त्यही खाने ठान्छन् र त्यस्तै खाने कुरा चढाउँछन् । पूजापाठ गर्दा आनन्द महसुस गर्छन् ।

किरात –किराँतले रुख, जङ्गल, खोला, ढुङ्गा, नदी, पहाड, हिमाल आदिमा आफूले चाहे को ईश्वरको रूप देख्छन् । तिनै प्रकृतिको पूजा गर्छन् । तिनै वस्तुमा पारुहाङ, सुम्निमा र माङखिम देख्छन् । आफ्नो दुःखसुखमा सम्झन्छन् । प्रकृतिको पूजा गरेमा ईश्वर प्राप्त हुने कुरा सोच्छन् ।

बौद्ध – बौद्धले गौतम बुद्धको मूर्ति तथा तस्बीरमा आफूले चाहेको ईश्वरको रूप पाउँछन् । उनीहरू तिनी गौतम बुद्धको नाममा प्रार्थना गर्छन् । ध्यान गर्छन् । मूर्ति बनाउँछन्, गुम्बा बनाउँछन् र त्यहीँ पूजा गर्छन् । गौतम बुद्धको नाममा ध्यान गरेपछि आफूलाई शान्ति प्राप्त भएको महसुस गर्छन् ।

ईस्लाम – ईस्लामले हजरत महम्मदमा अल्लाहको रूप भेट्छन् । जहाँसुकै र जुनसुकै काममा भए पनि केही समय निकाल्छन् र अल्लाहलाई सम्झेर प्रार्थना गर्छन् । मस्जिद बनाउँछन् र त्यहाँ अल्लाहको नाममा प्रार्थना गर्छन् ।

इसाई – जिसस क्राइस्टमा ईश्वरको रूप भेट्छन् । उनै जिसस क्राइस्टको नाममा चर्च बनाउँछन् र त्यही गएर प्रार्थना गर्छन् । क्राइष्टको नाममा प्रार्थना गर्दा ईश्वरसँग साक्षात्कार भएको महसुस गर्छन् ।

जैन – तिर्थङ्कर (गुरु) मा ईश्वरको रूप देख्छन् । महावीरलाई आदर्श पुरुष ठान्छन् । तिनको नाममा ध्यान प्रार्थना गर्छन् र आफूलाई सुखशान्ति प्राप्त भएको महसुस गर्छन् ।

सिख – गुरुनानकलाई ईश्वरको रूप ठान्छन् । श्री गुरुग्रन्थ साहय पाठ गर्छन् । गुरुद्वारालाई पवित्र स्थल ठान्छन् । त्यहीँ गएर पूजापाठ गर्छन् । यसो गर्दा उनीहरू ईश्वर प्राप्त हुने कुरामा विश्वास गर्छन् ।

तल दिइएको कथा पनि अध्ययन गर्नुहोस् :

एकजना गुरुका दुई जना चेला थिए । गुरुलाई आफ्ना चेलाहरूले ईश्वर सम्बन्धमा के बुझेका रहेछन् भन्नेकुरा परीक्षण गर्न मन लाग्यो । यसको लागि उनले दुवै जनालाई बोलाएर एक एक ओटा स्याउ दिँदै भने - 'तिमीहरू अलग अलग ठाउँमा जाऊ र कसैले पनि नदेख्ने गरी यो स्याउ खाएर आऊ ।' गुरुको आज्ञाअनुसार दुवै जना अलग अलग दिशातिर गए । केही समय पश्चात् एकजना चेला फर्केर आए । गुरुले उनलाई सोधे - 'तिमीले स्याउ कसैले नदेख्ने गरी खायौ त ?' चेलाले जवाफ दिए - 'मैले त अँध्यारो कुनामा बसेर कसैले नदेख्ने गरी स्याउ खाएर आएँ ।' धेरै समय बितेपछि अर्को चेला गुरुले दिएको स्याउ नखाई जस्ताको तस्तै बोकेर आयो । गुरुले यो देखेर भन्नुभयो - 'तिमीले मैले दिएको स्याउ किन खाएनौ ?' चेलाले जवाफ दिए - 'मलाई माफ गर्नुहोस् गुरु, मैले हजुरको आज्ञा उल्लङ्घन गर्न खोजे को होइन तर मैले कसैले नदेख्ने ठाउँ नै भेटिँन । मानिसले नदेख्ने ठाउँ त भेटेँ तर ईश्वरले नदेख्ने ठाउँ कतै भेटिन । त्यसैले हजुरले दिनुभएको स्याउ खान सकिनँ ।' पछिल्लो चेलाको कुरा सुनेर ईश्वरको व्यापकताको धारणा प्रस्ट भएकोमा प्रसन्न हुँदै भने - "मैले दुवै जनालाई परीक्षण गरेको थिएँ । त्यसमा स्याउ नखाई आउने सफल भयौ ।"

क्रियाकलाप

१. ईश्वरको बारेमा तपाईंले कसरी बुझ्नुभयो ? एक अनुच्छेद लेख्नुहोस् ।

२. "ईश्वर एक रूप अनेक" यो भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

३. तलको खाली ठाउँ पूरा गर्नुहोस् :

(क) हिन्दुले ईश्वरको रूप ... मा देख्छन् ।

(ख) ईस्लामले ईश्वरको रूप ... मा देख्छन् ।

(ग) बौद्धले ईश्वरको रूप ... मा देख्छन् ।

(घ) इसाईले ईश्वरको रूप ... मा देख्छन् ।

(ङ) किरातले ईश्वरको रूप ... मा देख्छन् ।

४. तपाईं ईश्वरको रूप केमा देख्नुहुन्छ ?

५. माथिको कथाका आधारमा निम्न लिखित प्रश्नको जवाफ दिनुहोस् ।

(क) गुरुले चेलाहरूको किन परीक्षण गर्ने विचार गरे ?

(ख) गुरुले चेलाहरूको परीक्षण कसरी गरे ?

(ग) एक जना चेलाले स्याउ किन खान सकेनन् ?

(घ) के ईश्वर नभएको कुनै ठाउँ हुन्छ ?

(ङ) ईश्वरप्रतिको परीक्षामा को सफल भयो ?

६. तपाईंको ईश्वरप्रतिको धारणालाई चित्र, कविता, गीत, लेखमध्ये तपाईं मनपर्ने विधामा प्रस्तुत गर्नुहोस् र सिकाइ समूहमा छलफल गर्नुहोस् ।

पाठ ३ : बाल अधिकारका मूलभूत पक्ष

- कुनै पनि शिशु जन्मने बित्तिकै हामी के गर्छौं ?
- उमेर बढ्दै जाने क्रममा बालबालिकालाई हामी केकस्ता व्यवहार गर्छौं ?
- तपाईंले बालबालिकालाई केकस्ता कार्यहरू गर्दै आउनुभएको छ ?
- किन बालबालिकालाई उचित स्याहार, सुसार, शिक्षा, स्वास्थ्य, मनोरञ्जनको आवश्यकता पर्छ ?

तपाईंले बताएझैँ जन्मेपछि शिशु पनि देशको नागरिक हुन्छ । एउटा मानव भएका कारण उसले बाँच्न पाउनुपर्छ । आफ्नो विकास गर्ने अवसर पाउनुपर्छ । पढ्नलेख्न पाउनुपर्छ । उचित स्वास्थ्य सेवाको अवसर पाउनुपर्छ । यसरी बालबालिकाले आफ्नो विकासका लागि आवश्यक पक्षहरूको प्राप्ति हुने अवस्थालाई बालअधिकारका पक्षका रूपमा लिइन्छ ।

तलको चित्र अध्ययन गरी छलफल गरौँ :

माथिको चित्र सरस्वती मा.वि.का कक्षा ८ का बालबालिकाले तयार गरी कक्षाकोठामा टाँसे को चित्र हो । उक्त चित्रबाट तपाईंले बालबालिकाका के कस्ता अधिकार हुने रहेछन् भनेर यकिन गर्न सक्नुहुने छ । उक्त अधिकारहरूलाई चार ओटा प्रमुख पक्षमा बाँड्न सकिन्छ :

१. **बाँच्न पाउने अधिकार** : खाना, आवास, कपडा, उचित स्वास्थ्य तथा सुरक्षा प्राप्त गर्ने अधिकार यसअन्तर्गत पर्छन् ।

२. **बाल विकासको अधिकार** : शिक्षा, खेलकुद, व्यायाम, मनोरञ्जन, सहयोग, पारिवारिक मायाममता आदि प्राप्त गर्ने अधिकार यसअन्तर्गत पर्छन् ।

३. **बाल संरक्षणको अधिकार** : भेद्भाव, शोषण, अपहेलनाबाट संरक्षित हुने, जोखिमपूर्ण कार्यबाट संरक्षित हुने, बेचविखन, श्रमशोषण, सामाजिक विभेद आदिबाट संरक्षित हुने, मृत्युदण्ड, आजीवन काराबास जस्ता कार्यबाट संरक्षित हुने, युद्ध तथा अन्य जोखिमपूर्ण कार्यबाट संरक्षित हुने अधिकार यसअन्तर्गत पर्छन् ।

४. **बाल सहभागिताको अधिकार** : बाल विकासका विभिन्न क्रियाकलापमा सहभागी हुन पाउने, आफ्नो विचार तथा अभिमत व्यक्त गर्न पाउने, धार्मिक, सामाजिक तथा अन्य क्रियाकलापमा विना भेद्भाव सहभागी हुन पाउने, आफ्नो जीवनसँग सम्बन्धित पक्षमा निर्णय हुँदा सहभागी हुन पाउने आदि अधिकार यसअन्तर्गत पर्छन् ।

छिरिङ र नोर्बु विद्यालय जाँदैछन् । उनीहरूको विद्यालय पुग्न केही समय हिँड्नुपर्छ । यत्तिकैमा उनीहरूको शिक्षक पाल्तेनसँग भेट हुन्छ । विद्यालय जाने क्रममा उनीहरूले गर्दै गएको कुराकानी यस प्रकार छ :

छिरिङ : हैन मैले बाल अधिकारभित्र बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरि राख्ने, भेद्भावबाट जोगाउने, बालबालिकाको संरक्षण र विकास गर्ने र उनीहरूको विचार तथा भनेको सुनुवाई गरिने जस्ता पक्ष पर्छन् भनेर पढेको थिएँ, के यो सही हो ?

नोर्बु : सुन, छिरिङ, तिमीले भनेको कुरा एकदम ठिक हो । बरु यो बाल अधिकारको विकास कसरी भएछ ? एक पटक पाल्तेन सरलाई सोधौँ ।

छिरिङ : सर नमस्कार ! आज हामी बाल अधिकारको बारेमा छलफल गर्दै विद्यालय जाऔँ कि भनेर सोचेको ?

पाल्तेन : हुन्छ नि ! एकदम राम्रो गुरा गऱ्यौ तिमीहरूले । बरु भन के जान्न चाहन्छौ ?

नोर्वु : बाल अधिकारको विकासक्रम, बाल अधिकारका मुख्य मुख्य पक्ष र नेपालमा भएका प्रयासका बारेमा छलफल गर्न पाए राम्रो हुन्थ्यो ।

पाल्तेन : ओहो ! तिमीले त सबै पक्षलाई समेट्न खोज्यौ । ल धेरै धन्यवाद । अधिकारको सुरुआत् खासगरी संयुक्त राष्ट्रसङ्घको सन् १९४८ को विश्व मानव अधिकार घोषणा पत्रबाट भयो । हरेक व्यक्तिको मानव अधिकार सुरक्षित गरिनुपर्छ । हरेक व्यक्तिको बाँच्ने अधिकार हुन्छ । शिक्षा पाउने अधिकार हुन्छ । स्वास्थ्य उपचार पाउने अधिकार हुन्छ आदि अधिकारको व्यवस्था यसले गऱ्यो ।

छिरिङ : ए त्यसैका आधारमा हो र सर ? मैले त बाल अधिकार महासन्धि पनि छ भनेर सुनेकी थिएँ ।

पाल्तेन : हो छिरिङ । तिमीले भनेझैँ बालअधिकारको सुनिश्चितताका लागि बालअधिकार महासन्धि सन् १९८९ मा आयो । यो सन्धिमा नेपाललगायत धेरै मुलुकले हस्ताक्षर गरिसकेका छन् ।

नोर्वु : यो बालअधिकार महासन्धिका मुख्य मुख्य कुरा के छन् सर ?

पाल्तेन : यो महासन्धिमा जम्मा ५४ ओटा धारा छन् । यसले मुख्यतया: बालअधिकारको संरक्षण, संवर्धन र प्रयोगमा जोड दिएको छ । यसका निश्चित सिद्धान्त पनि छन् ।

छिरिङ : ए ! हो त सर । मैले पनि यस बारेमा सुनेको थिएँ । एउटा सिद्धान्त त जातजाति, भाषाभाषी, लिङ्ग, वर्गका आधारमा भेद्भाव गर्न नहुने भन्ने हो हो इन र सर ?

पाल्तेन : हो तिमीले एकदम ठिक कुरा गऱ्यौ ।

नोर्वु : ए ! त्यसो त मैले पनि एक पटक पढेको थिएँ । सरकार, समाज, परिवार सबै ले काम गर्दा बाल बालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्छ । होइन र सर ?

पाल्तेन : हो नोर्वुले भनेको दोस्रो सिद्धान्तका रूपमा रहेको छ । अब सुन तेस्रो सिद्धान्त

भनेको बाल बालिकाले बाँच्न पाउने अधिकार सुरक्षित हुनुपर्छ भन्ने हो । अनि चौथो सिद्धान्त बाल बालिकाको विचार र अभिमतको कदर गरिनुपर्छ भन्ने हो ।

छिरिङ : त्यसैले विश्वमा तथा नेपालमा पनि बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी काम हुन थालेका रहेछन् होइन र सर ?

पाल्तेन : हो छिरिङ । नेपालले पनि बालअधिकार महासन्धिमा हस्ताक्षर गरेको छ । बालअधिकार सम्बन्धी ऐन र कानुनको तर्जुमा गरेको छ । बालबालिकाको शिक्षा, स्वास्थ्यको विशेष प्रबन्ध गरेको छ । अन्तरिम संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । सशस्त्र द्वन्द्वमा बाल बालिका प्रयोग गर्न नपाइने, विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने जस्ता शिक्षा स्वास्थ्य सम्बन्धी प्रयासहरू हुँदै आएका छन् ।

नोर्वु : बाल अधिकारका बारेमा सबैले आआफ्नो तर्फबाट जिम्मेवारी तथा कर्तव्य निर्वाह गर्नुपर्ने जस्तो लाग्यो मलाई ।

पाल्तेन : हो नोर्वु तिमीले भनेको ठिक छ । बाल अधिकारको संरक्षण गर्नुपर्छ नागरिकको कर्तव्य हो । बालबालिकाहरू आफ्नो अधिकारप्रति सचेत हुनुपर्छ । आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकारको पनि ख्याल गर्नुपर्छ । सरकारले पनि बाल अधिकारको प्रवर्धनका लागि आवश्यक कानुनको सही पालना गर्नुपर्छ । घर परिवारबाट पनि यसको पालना गरिनुपर्छ ।

बालबालिका सम्बन्धी ऐन २०४८ ले गरेका केही व्यवस्थाहरू :

१. हरेक बालबालिकाको नाम राख्ने र जन्मदर्ता गर्नुपर्ने

२. छोरा छोरी, धर्मपुत्र, धर्मपुत्री जस्ता आधारमा भेद्भाव गर्न नहुने

३. बालबालिकाको उचित स्याहार सुसारको र स्वास्थ्योपचारको व्यवस्था गरिनु पर्ने

४. बालबालिकाप्रति क्रुर र यातनापूर्ण व्यवहार गर्न नपाइने

५. देवी देवताका नाममा बालबालिकालाई चढाउने वा भाक्ने काममा लगाउन नहुने

६. लागु पदार्थ र अन्य कारोबारमा बालबालिकालाई लगाउन नपाइने

७. १४ वर्ष नपुगेका बालबालिकालाई श्रमिकका रूपमा प्रयोग गर्न नपाइने ।

८. बेवारिसे बालबालिका राख्न बाल कल्याण गृहको व्यवस्था गर्ने

९. बालसुधार गृहको व्यवस्था गरी आपराधिक कार्यमा लागेका बालबालिकाको सुधार गर्ने

१०. सुस्त मनस्थिति केन्द्रको स्थापना तथा सञ्चालन गर्ने ।

संस्थागत व्यवस्था

बालअधिकार सम्बन्धी उपयुक्त व्यवस्था लागू गर्न हाल निम्नानुसारको संस्थागत व्यवस्था गरिएको छ :

- मन्त्रालयको व्यवस्था गरिएको बालबालिका तथा समाज कल्याण मन्त्रालय
- बाल सङ्गठनको व्यवस्था
- केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिको व्यवस्था
- सुस्तमनस्थिति केन्द्र तथा बालसुधार गृहको सञ्चालन

छलफलका लागि प्रश्न

१. बालअधिकारभित्र के के कुराहरू पर्ने रहेछन् ?

२. बालअधिकार सम्बन्धी मुख्य चार सिद्धान्त केके हुन् ?

३. बालअधिकारको संरक्षणमा कसको के कस्तो भूमिका रहन्छ ?

४. नेपालमा बालअधिकारको संरक्षणका लागि के कस्ता प्रयासहरू भएका छन् ?

५. बालबालिकाको अधिकारको उचित संरक्षणमा अभिभावकले के कस्ता सहयोग गर्न सक्छन् ?

पाठ ४ : मानवीय मूल्यहरू

यो संसारका प्राणीहरूमध्ये सबैभन्दा विवेकशील तथा सोचेर शब्दमा व्यक्त गर्ने अनि चिन्तन गर्ने मानव नै हो । मानवले नै यो संसार चलाएको छ । आफ्ना बारेमा होस् कि प्रकृतिका बारेमा होस्, अन्य प्राणीका बारेमा होस् कि आकाशका सूर्य, चन्द्र वा अन्य ग्रहका बारेमा होस् या वातावरणका बारेमा होस्, मान्छेले नै सोचेको हुन्छ र काम गरेको हुन्छ । संविधान, ऐन, कानुन, नियम, सन्धि, सम्झौता सबै तयार गर्ने र प्रयोग गर्ने मान्छेले नै हो । कति काम मान्छेले गर्नु हुने र कति काम गर्नु नहुने भनेर पनि कामको विभाजन गरिएको हुन्छ । आफ्नो आफ्नो परम्परा र देश अनुसार कतिपय कामहरू कुन गर्नु हुने वा नहुने भनेर पनि ऐन कानुन बनाएको हुन्छ । तर केही कामहरू सबैले गर्नैपर्छ । तिनलाई मानवीय मूल्यहरू भनिन्छ ।

सत्य बोल्ने, सदाचार गर्ने, अरूलाई नठग्ने, कसैको हिंसा गर्नु नहुने, गलत कुरा भन्नु नहुने आदि कुरा संसार भर एउटै हुन्छ ।

हामीले त्यस्ता मानवीय मूल्यहरूलाई तिन भागमा विभाजन गर्न सक्छौँ – आध्यात्मिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्यहरू ।

आध्यात्मिक मूल्य भनेको धार्मिक मूल्य मात्र होइन । यो भनेको आस्थाभन्दा पनि भावनात्मक रूपमा गर्नुपर्ने कामहरू हुन्छन् जसले मानवमा आपसमा माया, प्रेम, वन्धृत्वको भावना पलाउँछ । सत्य, अहिँसा, प्रेम, सदाचार आपसमा जरुरी छ । प्रत्येक व्यक्तिमा त्यो भावना आवश्यक छ । सँसार नै आपसको समन्वय र प्रेमले चलेको हुन्छ । कुनै पनि समस्या पर्दा धैर्यताका साथ समाधान गर्ने बानी जरुरी छ । धर्म मान्ने मानिसहरू ईश्वरप्रति आस्था राख्छन् तर धर्मप्रति कुनै आस्था नहुनेले पनि जीवनमा सबैलाई कसरी माया गर्ने भन्ने धारणा बनाएका हुन्छन् र बनाउनु पनि पर्छ । योग, साधना र ध्यानद्वारा मनलाई एकाग्र बनाउने र सबै प्राणीहरूलाई एउटै ठान्ने बानी बनाउन सक्नुपर्छ । संसारमा सेवाभन्दा ठुलो कुनै धर्म छैन भनिन्छ । सेवाले अरूको मनमा माया पलाउँछ र सबैले सबैलाई मान सम्मान गर्ने विचार बढेर जान्छ ।

राष्ट्रप्रति माया गर्ने बानी नै राष्ट्रप्रेम हो । माता र मातृभूमिभन्दा ठुलो कोही हुँदैन । त्यसै ले माता र मातृभूमि भनेको स्वर्गभन्दा पनि महत्त्वपूर्ण हुन्छन् भनिएको छ । आफ्नो देशको मान बढ्ने कुरा र देशको इज्जत बढ्ने कुरामा सदैव लाग्नुपर्छ । त्यस्तै विश्वका सबै देशहरू

र मानिसहरू एउटै पृथ्वीमा बस्छौँ । हामी एउटै ग्रहका बासी हौँ । राजनीतिक कारणले देशको सीमा देखिएको हो तर मानवीय मूल्य र आवश्यकता एउटै हो । उस्तै छौँ । त्यसैले एउटा देश र अर्को देशका बिचमा कुनै भेदभाव गर्नु हुँदैन । विश्व वन्धुत्वको भावना राख्नुपर्छ । एउटा देश र अर्को देशका बिचमा पञ्चशीलका आधारमा सम्बन्ध विकास हुनुपर्छ । पञ्चशील भनेको पाँच ओटा व्यवहार हो । ती पाँच ओटा व्यवहार भनेको एउटा देशले अर्को देशलाई बराबरीको मान्ने, शान्तिपूर्ण रूपमा रहने, कुनै देशमाथि अर्को देशले आक्रमण नगर्ने, हस्तक्षेप नगर्ने र आपसमा सहयोग गर्ने बानी हुनुपर्छ । संसारमा सबै मिलेर बस्नु नै मानवीय मूल्य हो । एकलाई आवश्यकता पर्दा अर्कोले सहयोग गर्नु पर्छ । जस्तो कि हाम्रो देशमा भूकम्प आउँदा कतिपय देशले हामीलाई सहयोग गरे र अझै गर्दैछन् । हामीले पनि अरूलाई अप्ठेरो पर्दा सहयोग गरेका छौँ ।

मानवले मानवलाई सहयोग गर्नु जरुरी छ । त्यस्तो बानी नै मानवीय मूल्य हो ।

अभ्यास

१. हामीले आफ्नो समाजमा कसरी मानवीय मूल्यलाई प्रयोग गरिरहेका छौँ ? छलफल गरौँ ।

२. हामीले छलफलमा राखेका मानवीय मूल्यभन्दा अरू पनि गर्नु पर्ने कामहरू छन् मानवका सेवाका लागि ? सूची तयार पारौँ ।

३. एउटा देशले अर्को देशलाई कसरी सहयोग गर्न सकिन्छ ? खासगरी दैवी विपत्ति पर्दा कसरी सहयोग गरिन्छ ? कुनै विषयमा केन्द्रित रहेर सहजकर्ता साथीले छलफल, वादविवाद र निबन्ध प्रतियोगिता गराउनुपर्छ र राम्रो प्रस्तुति गरेमा पुरस्कृत गर्नुपर्छ ।

एकाइ तिन : नागरिक कर्तव्य र व्यवहार

पाठ १ : समाजमा नागरिकको व्यवहार

१. **तलको वृक्षचित्रको अध्ययन गरौँ :**



माथिको चित्र अध्ययन तथा आफ्ना अनुभवका आधारमा तलका प्रश्नहरूका बारेमा सोचौँ र कापीमा बुँदा टिपौँ :

१. सामाजिक नागरिक व्यवहारमा पर्ने मख्य कुराहरू के के हुन् ?

२. के हामी यस्ता कुराहरू हाम्रो दैनिक व्यवहारमा पनि लागु गर्न सक्छौँ ?

२. तलको सूचना पढौँ

श्री अमरसिंह खुला शिक्षा माध्यमिक विद्यालय

पोखरा, कास्की

मिति २०६७।८।१

सूचना ! सूचना !! सूचना !!!

यस खुला शिक्षा विद्यालयमा अध्ययनरत सहभागीहरूबाट निम्न मिति, समय र स्थानमा तपसिलबमोजिमका विषयमा प्रवचन कार्य आयोजना गरिएकाले उक्त प्रवचन कार्यक्रममा सबै सहभागीहरू उपस्थित भइदिनुहुन अनुरोध छ ।

प्रवचन हुने मिति, समय र स्थान

मिति : २०६७/८/५,

समय : विहान ९:०० बजे

स्थान : विद्यालय प्राङ्गण

प्रवचनका विषयहरू

१. सामाजिक सहयोग/अरूलाई मदत

२. श्रम गर्ने बानी

३. लोभरहित जीवनयापन

४. सामाजिक भेदभावरहित व्यवहार

५. सामाजिक कार्यमा अग्रसरता

संयोजक

प्रवचन कार्यक्रम आयोजक समिति

३. प्रवचन कार्यक्रम आयोजना

(खुला विद्यालयको प्राङ्गणमा स्रोत शिक्षक र विद्यार्थीहरू रहेका छन् । मञ्चमा प्रवचन कर्ता र शिक्षकहरू रहेका छन् । एक जना सहभागी माइकतर्फ गएर कार्यक्रम सुरु गर्छिन् ।)

उद्घोषक : आदरणीय गुरुवर्ग, अतिथिगण र सहभागी साथीहरू ! आजको प्रवचन कार्यक्रममा पूर्व सूचनाअनुसार ५ ओटा विषयमा प्रवचन कार्यक्रम हुन गइरहेको छ । अब म पहिलो वक्ता श्री मन्सुरी गुरुङलाई सामाजिक सहयोग/अरूलाई मदत विषयमा आफ्ना विचार व्यक्त गर्न अनुरोध गर्दछु ।

मन्सुरी गुरुङ : सभाध्यक्षज्यू, अतिथि वर्ग र सहभागी मित्रहरू ! मानिस सामाजिक प्राणी हो । ऊ समाजबिना बाँच्न सक्दैन । मानिसले समाज सञ्चालनका लागि आफ्नै प्रकारका नियम, परम्परा, संस्कृति र रीतिरिवाज चलाएका हुन्छन् । समाजका सदस्यहरूको आपसी सहयोगद्वारा नै समाज सञ्चालन भएको हुन्छ ।

समाजको सन्तुलित विकासका लागि सबैको उत्तिकै सहयोगको आवश्यकता पर्दछ । सबैले सक्दो सहयोगले नै समाजको चौतर्फी विकास हुन सक्छ । समाजलाई उन्नत पार्ने जिम्मेवारी समाजका सबै सदस्यको हो । समाजका हरेक सदस्यको सहयोग, सद्भाव र सक्रियताले नै समाजले उचित गति लिन सक्छ ।

समाजको बनोटमा विविधता रहेको हुन्छ । समाजको परम्परा, नीति, संस्कृति आदिले समाजको विकासमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । कतिपय समाजमा अन्धविश्वास, कुरीति रहेका हुन्छन् । हाम्रो देशका कतिपय समाजमा अझै पनि बालविवाह, बहुविवाह, जातीय भेद्भाव र छुवाछुत जस्ता परम्परा रहेका छन् । जुवातास, जाँडरक्सी सेवन र लागुपदार्थ दुर्व्यसनले समाज समस्याग्रस्त बन्दै गएको अवस्था पनि रहेको छ । यस्ता विकृति र विसङ्गति हाम्रो समाजको बाधक बन्न पुगेको पाइन्छ । त्यसैले जबसम्म यस्ता विकृति जरैदेखि उखेलेर फ्याँक्न सकिन्न तबसम्म समाज अग्रगामी दिशातर्फ लाग्न सक्दैन । यस्ता विकृतिहरू निर्मूल गर्न समाजलाई सचेत बनाउनुपर्छ । समाजलाई सचेत बनाउन समाजका सचेत नागरिहकले अरूलाई मदत गर्नुपर्छ ।

हाम्रो समाजमा धर्मकर्म र संस्कृतिको आड लिएर विभिन्न विकृति फैलाउने स्वार्थी प्रवृत्ति पनि रहेको छ । त्यस्तै पवित्र धर्मग्रन्थको अपव्याख्या गरेर पनि समाजलाई प्रदूषित बनाउने प्रयास भएको पाइन्छ । यस्ता कार्यले समाज र धर्मप्रति

नकारात्मक प्रभाव गर्दछ । त्यसैले एकअर्काको सहयोगमा यस्ता विकृतिका बारे मा सत्य कुरा समाजमा पुऱ्याउनुपर्छ ।

समाजको चौतर्फी विकासका लागि आवश्यक शिक्षा, स्वास्थ्य, लगायत विकास निर्माणका कार्यमा सबैले सक्दो सहयोग गर्नुपर्दछ । सक्नेले नसक्नेलाई सहयोग गर्नुपर्दछ । पिछडिएको वर्ग, समुदायलाई आवश्यक सहयोग गर्नुपर्दछ । समाजका मानिसहरू एकापसमा सँगै मिलेर हिँड्ने, प्रेमपूर्वक वार्तालाप गर्ने गर्नुपर्दछ । एकले अर्कोलाई उचित आदर र सम्मान गर्न सिक्नुपर्छ । पछाडि परेको वर्ग समुदायलाई समाजको मूल धारमा ल्याउन सबैले आआफ्नो ठाउँबाट सक्दो सहयोग गर्नुपर्छ । यसका लागि समाजका सम्पूर्ण सदस्यहरूबिच पारस्परिक मेल र सहयोगको भावना विकसित गर्नुपर्छ ।

समाजमा व्याप्त अशान्ति र द्वन्द्वको अन्त गर्दै भाइचाराको सम्बन्ध कायम गर्नुपर्छ । समाजका कुनै एक सदस्यलाई समस्या पर्दा सबैले सहयोग गर्नुपर्छ । महिला, वृद्ध, रोगी, अशक्त, अपाङ्गता भएका जातजाति, पीछडिएको वर्ग, क्षेत्र आदि वर्गप्रति सबै सदस्य मिलेर सक्दो सहयोग गर्नुपर्छ । यसबाट नै आदर्श समाजको निर्माणमा सहयोग पुग्दछ भन्ने मेरो विचार रहेको छ । अन्तमा हामी सबैले एकआपसमा सहयोग गर्दै स्वस्थ सुन्दर र शान्तिपूर्ण समाज निर्माणमा हामी सबै लागौँ भन्ने आग्रहका साथ मेरा विचार यहीँ टुङ्ग्याउँछु ।

उद्घोषक : अब श्रम गर्ने बानी शीर्षकमा आफ्ना विचार व्यक्त गर्न आउँदै हुनुहुन्छ मनवीर वि.क. ।

मनवीर वि.क. : आदरणीय सभाध्यक्षज्यू, मञ्चमा आसिन महानुभाव र सहभागी मित्रहरू !

म तपाईंहरू समक्ष श्रम गर्ने बानी र यसको प्रभावका बारेमा आफ्ना भावना व्यक्त गर्न गइरहेको छु । वास्तवमा समाज विकासको मूल आधार नै परिश्रम नै हो । निरन्तर परिश्रम गर्नाले जस्तोसुकै कठिन कार्य पनि सहज रूपमा गर्न सकिन्छ । भनिन्छ परिश्रमीले घन घोटेर बन्चरो बनाउन सक्छ । त्यसैले सत्यनिष्ठापूर्वक कर्तव्य पथमा अघि बढ्न चाहनेले परिश्रममा विश्वास गर्नुपर्छ । अहिले संसारले गर्न सकेको प्रगतिको एक मात्र कारण हो परिश्रम । परिश्रमबिना कुनै समाज पनि अगाडि बढ्न सक्दैन । अल्छी नगरी निरन्तर रूपमा परिश्रम गर्ने व्यक्तिलाई सहजै सफलता हात लाग्छ ।

श्रम नगर्ने बानी समाज विकासको बाधक हो । जसले श्रम गर्दैन उसले जीवनमा सफलता पाउन सक्दैन । आफ्नो बल, बुद्धि, क्षमता र साधन स्रोतले भ्याएसम्म सबैले श्रम गरेर जीविकोपार्जन गर्नुपर्छ । त्यसैले समाजको सन्तुलित विकास गर्न सबैलाई परिश्रम गर्नेतर्फ उत्प्रेरित गर्नुपर्छ । श्रम गर्नाले एकातर्फ शरीर स्वस्थ हुन्छ भने अर्कोतर्फ आयआर्जन भई जीवनयापन गर्न सहयोग पुग्छ । तसर्थ हामी सबैले श्रम गर्ने बानी बसाल्नु पर्छ भन्दै मेरा विचार यहीँ अन्त गर्दछु ।

उद्घोषक : अब म लोभरहित जीवनयापन शीर्षकमा आफ्ना विचार राख्न नारायण शर्मालाई अनुरोध गर्दछु ।

नारायण शर्मा : कार्यक्रमका सभाध्यक्षज्यू लगायत उपस्थित अन्य सम्पूर्ण महानुभावहरू ! म आज हाम्रो समाजको एउटा कलङ्कका रूपमा रहेको लोभ र त्यसको प्रभावका बारेमा आफ्ना विचार राख्न गइरहेको छु । वास्तवमा समाज विकासको एउटा बाधक तत्त्वका रूपमा लोभलाई लिने गरिन्छ । व्यक्तिगत स्वार्थका लागि गरिने लोभ लालचले प्रथमतः सम्बन्धित व्यक्तिलाई परिश्रम गर्ने बानी हटाउँछ भने अर्कोतर्फ त्यसले समाजलाई पनि प्रत्यक्ष प्रभाव पार्दछ । लोभले मानिसलाई पापकर्मतिर धकेल्छ । लोभकै कारण मानिस अपराध कार्यतर्फ अग्रसर हुन्छ । त्यसले समाजमा अनेकौँ विकृति जन्माउँछ ।

हाम्रो समाजमा भन्ने पनि गरिन्छ - "भोजन र धनमा सधैँ सन्तोष गर्नु तर अध्ययन अनुसन्धान र सेवा कार्यमा कहिल्यै सन्तोष नगर्नु ।" वास्तवमा अनावश्यक रूपमा जोडिएको धन सम्पत्तिले मान्छेलाई आन्तरिक सुख दिँदैन । अनावश्यक धन सम्पत्तिको सञ्चयले क्षणिक सुख सुविधा दिए पनि त्यसबाट सन्तोष दिँदैन । धन सम्पत्ति जोड्ने लोभले मानिसलाई पथभ्रष्ट बनाउन सक्छ । त्यसैले लोभ, लालच, स्वार्थ जस्ता कुरा समाज विकासका अवरोध हुन् । त्यस्ता कुराहरू हाम्रा मनभित्र प्रवेश गर्न दिनु हुँदैन । हामीले सधैँ परिश्रममा विश्वास गर्नुपर्छ । परिश्रमबाट आर्जित सम्पत्तिले सन्तोष पनि प्रदान गर्दछ । त्यसैले लोभ र लालचलाई सधैँ त्याग्नुपर्छ । स्वार्थ त्याग नै सर्वश्रेष्ठ त्याग हो र लोभरहित जीवननै आदर्श जीवन हो । समाजको समुचित विकासका लागि हामीले स्वार्थ त्याग गरी आदर्श जीवन बिताउन आफवान गर्दै आफ्ना भनाइको अन्त गर्दछु ।

उद्घोषक : अब सामाजिक भेद्भावरहित व्यवहारका बारेमा सन्तोष पासवान आफ्ना विचार राख्न अगाडि आउँदै हुनुहुन्छ ।

सन्तोष पासवान : वक्तृत्वकला कार्यक्रमका सभापतिज्यू, उपस्थित महिला तथा सज्जनवृन्द !

हाम्रो समाजका विभिन्न समस्याहरूमध्येको एक प्रमुख समस्या सामाजिक भेद्भाव पनि हो । बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक देश भएकाले यहाँ विभिन्न जात, जाति, धर्म र संस्कृतिका मानिसहरू बसोबास गर्छन् । त्यस्तै लिङ्ग, भौगोलिक क्षेत्रका दृष्टिले विविधता रहेको छ । यस्तो विविधतायुक्त विभिन्नता भए पनि मानिसका नाताले सबै समान हुन्छन् । तर हाम्रो समाजमा जाति, लिङ्ग, धर्म, संस्कृति, भौगोलिक क्षेत्र, धनी गरिब वर्गबिच भेद्भाव हुने गरेको छ । यो हाम्रो समाजको ठुलो समस्याका रूपमा रहेको छ । सामाजिक भेद्भावले विशेष गरी गरिब र कमजोर व्यक्तिहरू पीडित छन् । यस्तो कार्यले पीडित पक्षको आत्म सम्मानमा चोट पुग्छ । समाजमा यस्तो खालको अन्याय अत्याचार बढ्दै गएमा पीडित पक्षबाट विद्रोह पनि हुन सक्छ । त्यसले समाजमा अनावश्यक द्वन्द्व र हिंसाको सिर्जना गर्न सक्छ । यसबाट समाज विकासको गतिविधि पनि रोकिन सक्छ । त्यसैले आदर्श र शान्तिपूर्ण समाजको निर्माणका लागि सर्वप्रथम सामाजिक भेद्भावको अन्त्य हुनुपर्छ ।

हाम्रो समाजमा अन्ध विश्वास, कुरीति र कुसंस्कारले जरा गाडेकाले पनि सामाजिक भेद्भावको अन्त्य हुन सकेको छैन । विशेषगरी महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति आदि यस्तो भेद्भावको सिकार बन्न पुगेका छन् । जातीय आधारमा हुने गरेको भेद्भाव पनि गहिरो रूपमा रहेको छ । त्यसैले यस्ता खालका विभे दको अन्त्य गरी भेद्भावरहित समाजको निर्माण गर्नु समाज विकासको प्रमुख आवश्यकता हो । मूलत: हाम्रो समाजको सन्तुलित विकासका लागि निम्नानुसार को भेद्भावको अन्त्य आवश्यक देखिन्छ :

१. **बालश्रमको शोषण** : गरिब, पिछडिएका वर्गका बालबालिका, घरेलु कामदार, सडक बालबालिका, जोखिमयुक्त काममा संलग्न बालबालिका आदिको शोषण अन्त्य गरी बाल अधिकारको संरक्षण गर्नुपर्छ ।

२. **महिला शोषण** : लैङ्गिक असमानताका कारण महिला हिंसा कायमै रहेकाले लैङ्गिक समता र समानता कायम गर्नुपर्छ ।

३. **चेलीबेटी बेचविखन** : चेलीबेटीलाई ललाएर, फकाएर लोभ देखाएर स्वदेश वा विदेशमा बेचविखन गर्ने व्यवहारले समाजमा अनेकौँ विकृति सिर्जना भएकाले चेलीबेटी बेचविखनको अन्त्य गरिनुपर्छ ।

४. **जातीय शोषण** : मानव अधिकारको विश्वव्यापी घोषणाले मानिसलाई जातका आधारमा विभेद गर्न र शोषण गर्न पाइँदैन । तर हाम्रो समाजमा जातीय भेद्भाव अझै पनि चर्को रूपमा रहेकाले यसको अन्त्य गरिनुपर्छ ।

५. **क्षेत्रीय र वर्गीय भेद्भाव** : भौगोलिक क्षेत्रका आधारमा र धनी गरिबको आधारमा हुने भेद्भावले चर्को विभेद निम्त्याएको छ । तसर्थ समाजको सन्तुलित विकासका लागि भौगोलिक र वर्गीय विभेदको अन्त्य गरिनुपर्छ ।

यसरी माथि उल्लेख गरिएका विभिन्न विभेदको अन्त्य गरी भेद्भावरहित समाजको निर्माण गर्न सकेमा मात्र समाजको सन्तुलित विकास हुन सक्दछ भन्दै मेरा भनाइ यहीँ अन्त गर्दछु ।

उद्घोषक : अब अन्तमा सामाजिक कार्यमा अग्रसरता विषयमा आफ्ना विचार प्रस्तुत गर्न जगदीश घिमिरेलाई आमन्त्रण गर्दछु ।

जगदीश घिमिरे : यस कार्यक्रमका सभाध्यक्षज्यू लगायत उपस्थित सम्पूर्ण महानुभावहरू ! म आजको यस कार्यक्रममा सामाजिक कार्यमा नागरिकको भूमिकाका सम्बन्धमा चर्चा गर्न गइरहेको छु । सामाजिक कार्य भनेको व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समाज हितका लागि गरिने कार्य हो । सामाजिक कार्यमा समाजमा रहेका सबै सदस्यको भलाइ गर्दछ । त्यसैले समाजसेवीहरूले सामाजिक कार्यलाई सर्वश्रेष्ठ कार्य मान्दछन् । कतिपय विद्वानहरू त संसारका धर्महरूमध्ये सर्वश्रेष्ठ धर्म समाजसेवा मान्दछन् । अर्थात् सामाजिक कार्यलाई सर्वाधिक महत्त्व दिइएको छ ।

हाम्रो समाजका कतिपय मानिसहरू पनि सामाजिक कार्यलाई निकै महत्त्व दिन्छन् । हाम्रा गाउँघरमा रहेका मानिसहरू परिश्रमी, लगनशील र इमानदार हुन्छन् । उनीहरूलाई श्रम र सरलताको पर्यायका रूपमा चिन्न सकिन्छ । तर कतिपय समाजमा समाज विरोधी तत्त्वहरू पनि रहेका छन् । कतिपयले सामाजिक कामका नाममा शोषण गर्ने गरेको पाइन्छ । जुन समाजमा सामाजिक कार्यले बढी महत्त्व पाउँछ, त्यो समाज छिट्टै विकासको गतिमा अगाडि बढ्ने गर्दछ ।

समाज कार्यमा व्यक्तिको रुचि र क्षमताअनुसार जिम्मेवारी दिने वातावरण सिर्जना गर्ने कार्य नेतृत्ववर्गबाट हुन सकेमा समाज विकासले द्रुत गति लिन सक्दछ ।

समाज सेवामा लाग्ने व्यक्तिमा एकातर्फ व्यक्तिगत सन्तुष्टि हुन्छ भने अर्कोतर्फ समाजको विकासले गति लिन्छ । सामाजिक कार्यमा अग्रसर हुने व्यक्तिलाई समाजले सम्मान पनि गर्दछ । माथिल्लो तहको सामाजिक सेवा गर्ने व्यक्तिलाई उच्च श्रद्धा र सम्मान पनि दिने गरिन्छ । जस्तै : फ्लोरेन्स नाइटिङ्गेल, मदर टेरेसा, महात्मा गान्धी जस्ता व्यक्ति सामाजिक कार्य गरी प्रख्याति प्राप्त गर्ने व्यक्तित्व हुन् । नि:स्वार्थ रूपमा समाजसेवा गर्ने व्यक्ति सधैँ अमर रहने गर्दछ । हामीले पनि हाम्रो समाजको विकासका लागि हरतरहले सहयोग गर्न आवश्यक हुन्छ । नि:स्वार्थ सेवा, इमानदारिता, देशभक्ति, धैर्य, लगनशील आदि समाज सेवाका आधारहरू हुन् । त्यसैले हामी सबै आआफ्नो ठाउँबाट सामाजिक कार्यमा अग्रसर होऔँ भन्दै आफ्ना विचारको अन्त गर्दछु ।

४. क्रियाकलाप

(क) माथिको प्रवचन पढेका आधारमा तलका प्रश्नको उत्तर तयार गर्ने प्रयास गर्नुहोस् :

१. सामाजिक नागरिक व्यवहारमा पर्ने मुख्य सूची तयार गर्नुहोस् ।

२. तपाईंको समाजमा हाल के कस्ता विकृतिहरू रहेका छन् र तिनलाई के कसरी हटाउन सकिएला ? आफ्ना सुझाव लेख्नुहोस् ।

३. लोभरहित जीवन नै आदर्श जीवन हो भन्ने भनाई पुष्टि गर्नुहोस् ।

४. तपाईं कुनै एउटा सामाजिक संस्थाको सदस्य हुनुभयो भने तपाईं के के गर्न चाहनु हुन्छ ? चर्चा गर्नुहोस् ।

५. "सामाजिक कार्यमा विद्यार्थीको भूमिका" विषयमा आफ्ना विचार दिनुहोस् ।

६. तपाईंको समाजमा बालबालिका र महिलाप्रति कस्तो व्यवहार गरिन्छ ? सुधार गर्नुपर्ने व्यवहारहरू भए कसरी सुधार गर्नुपर्ला ?

७. सामाजिक भेद्भाव भनेको के हो ? यस्ता भेद्भावबाट कस्ता व्यक्ति पीडित छन् ?

८. चेलीबेटी बेचविखन भनेको के हो ? यसलाई कसरी अन्त गर्न सकिन्छ ?

९. हाम्रो देशबाट जातीय भेद्भावको अन्त्य हुन नसक्नुका कारणहरू के के हुन् ?

१०. तपाईंको समाजमा के कस्ता सामाजिक भेद्भाव रहेका छन् ? ती भेद्भाव हटाउन के गर्नुपर्ला ?

पाठ २ : नागरिक व्यवहार

१. तलको सन्दर्भ अध्ययन गरौँ :

२०६६ जेठ १५ गते गणतन्त्र दिवस मनाइने कार्य भइरहेको थियो । मञ्चबाट एक जना नेताले भने - नेपाली जनता रैतीबाट प्रजा भएका थिए भने गणतन्त्र प्राप्ति भएपछि वास्तविक नेपाली नागरिक भएका छन् ।" ..... "हुन त वास्तविक नागरिक बन्न कठिन छ । नागरिकले आफ्नो हक अधिकार मात्र खोज्ने होइन कि सर्वप्रथम नागरिक कर्तव्य र दायित्व पुरा गरेर नागरिक अधिकार खोज्ने मानिस वास्तविक नागरिक हो ।"

म पनि उक्त कार्यक्रममा सहभागी भएको थिएँ । मैले पनि नागरिक तथा नैतिक शिक्षा भन्ने विषय पढ्नुपर्ने भएकाले नेताले 'नागरिक' का बारेमा व्यक्त गरेको विचारले मेरो मन छोयो । मलाई नागरिकका अर्थ र नागरिकमा के कस्ता व्यवहार हुनुपर्ने रहेछ भन्ने बारेमा जिज्ञासा जाग्यो । तर मञ्चमा भएका नेतालाई सोध्ने कुरा भएन । कार्यक्रम सकिएपछि मैले मेरो छिमेकमा बस्ने एक जना नागरिक समाजको सदस्यलाई निम्न जिज्ञासा राखेँ :

(क) नागरिक भनेको के हो ?

(ख) असल नागरिकमा हुनुपर्ने गुणहरू के के होलान् ?

नागरिक समाजको सदस्यले बताएको कुराको सारांश मैले यसरी टिपेँ :

'नागरिक' भनेको :

- नागरिक राज्य वा राष्ट्रको एउटा सदस्य हो, जसले राज्यद्वारा प्रदान गरिएका अधिकारको उपभोग तथा कर्तव्यहरूको पालना गर्दछ ।
- राज्यको निश्चित सीमा वा भूभागमा बसोबास गर्ने व्यक्तिका नाताले राज्यले दिएको सदस्यता प्राप्त व्यक्ति हो ।
- राज्यमा बसोबास गर्ने व्यक्तिको हक, अधिकारको उपभोग गर्दै नागरिक दायित्व पूरा गर्ने गरी नागरिकता प्राप्त व्यक्ति हो ।

असल नागरिकमा हुनुपर्ने गुणहरू :

- असल चरित्र
- नैतिकता र इमानदारिता
- सवल स्वास्थ्य
- समुचित शिक्षा
- परिश्रम र लगनशीलता
- राष्ट्रभक्तिको भावना
- राष्ट्र, राष्ट्रियता र राष्ट्रिय एकताप्रति प्रतिबद्ध
- संविधान र कानुनको पालना
- मताधिकारको सही प्रयोग
- धार्मिक सहिष्णुता
- भाषिक सामाञ्जस्यता
- अधिकार र कर्तव्यप्रति सजग
- लोकतान्त्रिक व्यवहार

यसरी एउटा असल नागरिकले आफ्नो अधिकार र कर्तव्यप्रति सजक र सतर्क रहन्छ । आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको हनन् नहुने गरी प्रयोग गर्दछ । यसरी असल नागरिक भनेको अधिकार, दायित्व र कर्तव्यप्रति सचेत नागरिक हो । असल नागरिक बनाउन नागरिक शिक्षा दिएर नागरिकलाई नागरिकका अधिकार र कर्तव्यबारे जानकारी दिने र कर्तव्य पालन गर्न प्रेरित गर्ने काम नागरिक शिक्षाले गर्दछ ।

२. खुला शिक्षाको नागरिक तथा नैतिक शिक्षा विषयको पाठ्यक्रममा नागरिक व्यवहार उल्लेख भएको रहेछ । त्यस सम्बन्धमा आफू स्पष्ट हुनका लागि एकै ठाउँमा रहेका ४ जना साथीहरू मिलेर हामी ४ ओटा शीर्षकमा नागरिक व्यवहारका बारेमा तयार पारेको विवरणलाई सङ्क्षेपमा प्रस्तुत गरेका थियौँ । उक्त जानकारी अध्ययन गरी तीबाहेक अन्य नागरिक व्यवहार के कस्ता हुनुपर्छ भन्ने तपाईँलाई लाग्छ, तपाईँ पनि थप्नुहोस् है त ?

वास्तवमा असल नागरिकले आपसमा मिलेर बस्ने, परिश्रममा विश्वास गर्ने, अरूलाई सेवा र सहयोग गर्ने, सबैको भलाइका लागि काम गर्ने जस्ता असल व्यवहार गर्दछ । सार्वजनिक स्थल र सम्पत्तिको संरक्षण गर्दै सही तरिकाले प्रयोग गर्नुपर्दछ । तसर्थ असल नागरिकले सामाजिक नियमहरू अक्षरश: पालना गर्दछ । तल केही उदाहरण रहेका छन् :

(१) **सार्वजनिक नियमको पालना**

- आफ्नो समाजका मौलिक परम्परा रीतिरिवाजको संरक्षण गर्ने
- आफ्ना भाषा संस्कृतिको संरक्षण प्रयोग गर्ने
- नराम्रा कुरीति र अन्धविश्वास त्याग्ने
- बाबु, आमा र गुरुलाई उच्च आदर गर्ने
- पति पत्नीबिचको सम्बन्ध पवित्र र गाढा बनाउने
- भाइबहिनी र साना बालबालिकालाई माया ममता गर्ने
- साँचो बोल्ने, चोरी नगर्ने
- जथाभावी फोहोर नफाल्ने, सरसफाइ गर्ने
- एकापसमा मनभुटाव र झैझगडा नगर्ने
- आफ्नो अधिकारको उपभोग गर्दा अर्काको अधिकार हनन् नगर्ने ।

(२) **सार्वजनिक स्थलहरूको संरक्षण र सरसफाइ**

- आफ्नो ठाउँमा रहेका बाटोघाटो, गुम्बा, मन्दिर, मस्जिद, चर्च, मठ, इनार, धारा, खेल मैदान आदिको संरक्षण गर्ने
- त्यस्ता स्थलमा जथाभावी फोहोर नगर्ने र सरसफाइ गर्ने
- सामाजिक स्थलको स्याहार संरक्षण गरी आकर्षक बनाउने
- प्राकृतिक, धार्मिक र ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण क्षेत्रको संरक्षण गर्ने । जस्तै : सगरमाथा लगायतका हिमाल, पशुपति, स्वयम्भू, लुम्बिनी आदि
- विभिन्न ताल, पोखरी, नदी, कुण्ड आदिको संरक्षण गर्ने
- विद्यालय, अस्पताल, स्वास्थ्य चौकी आदिमा फोहोर नगर्ने र संरक्षण गर्ने
- आफ्नो घर वरपरको वातावरण स्वस्थ राख्ने आदि ।

(३) **विद्यालयको नियम पालना र अनुशासित व्यवहार**

- विद्यालय शिक्षाको स्रोत भएकाले यसलाई सुन्दर र आकर्षक बनाउने
- विद्यालयमा नियम, आचारसंहिता बनाई लागु गर्ने
- विद्यालयमा नियमित जाने, गुरुको आज्ञा पालना गर्ने, दैनिक पाठ बुझाउने
- विद्यालयको वातावरण शान्त राख्ने
- विद्यालयका कक्षा कोठा, खेलकुद मैदान आदि सधैँ सफा राख्ने
- विद्यार्थीहरू मिलेर सिक्ने सिकाउने क्रियाकलाप गर्ने
- विभिन्न अतिरिक्त क्रियाकलापमा भाग लिने
- आफुभन्दा सानालाई माया र ठुलालाई आदर गर्ने
- परिश्रम र मिहिनेतमा विश्वास गर्ने

(४) अशक्त, वृद्धवृद्धा र बालबालिकाप्रति सहयोग

- अशक्त, अपाङ्गता भएका र असहायलाई सक्दो सहयोग गर्ने
- वृद्धवृद्धा र बालबालिकालाई आवश्यक सहयोग गर्ने
- कमजोर र रोगीहरूलाई तिरस्कार नगरी सक्दो सेवा गर्ने
- पिछडिएको अल्पसङ्ख्यक वर्ग समूहलाई सम्मानजनक व्यवहार र सहयोग गर्ने
- सेवा, सहयोग र परोपकारमा विश्वास गर्ने
- दीन दु:खी, अन्धा, अपाङ्ग, निर्धन, विकलाङ्ग आदिका लागि सक्दो दान गर्ने
- परोपकार नै मानव धर्म भन्ने भावना राख्ने
- व्यक्तिगत स्वार्थ त्याग गरी अरूको भलाइ गर्ने
- बालअधिकार, महिला अधिकार र मानव अधिकारको संरक्षण गर्ने
- सामाजिक सेवालाई मुख्य मानव धर्म मान्ने ।

माथिको अध्ययनपछि तलका प्रश्नहरूको उत्तर तयार गर्ने प्रयास गरौँ :

१. नागरिक भनेको के हो ? असल नागरिकका गुणहरूको सूची तयार गर्नुहोस् ।

२. समाजका सदस्यको प्रमुख कर्तव्य के हो ?

३. तपाईंको समाजमा रहेका राम्रा मूल्य मान्यताहरू के के हुन् ?

४. आदर्श समाजको निर्माण कसरी हुन सक्छ ?

५. सामाजिक नियमको पालना कसरी गर्न सकिन्छ ?

६. तपाईंको क्षेत्रका सार्वजनिक स्थलहरूको संरक्षण र सरसफाइ कसरी गर्नुहुन्छ ?

७. विद्यालयमा रहँदा पालना गर्नुपर्ने आचार संहिता के के हुन् ?

८. अशक्त र असहायप्रति कसरी सहयोग पुऱ्याउन सकिन्छ ?

९. सेवा, सहयोग र परोपकार नै सबैभन्दा ठुलो धर्म हो, पुष्टि गर्नुहोस् ।

पाठ ३: सूचनाको हक

सूचनाको हक सम्बन्धी ऐन २०६४ र यसका विशेषताहरू

साथीहरू, हामीले पहिलो तहमा सूचनाको हक सम्बन्धमा केही कुरा थाहा पाएका छौँ । एक पटक हामी सूचनाको हक सम्बन्धमा छलफल गरौँ । छलफल गर्नुभन्दा पहिले मनन गरौँ

सूचनाको हक सम्बन्धी कानुन

संवैधानिक रूपमा प्रत्याभूत सूचनाको हकलाई कार्यान्वयनमा ल्याउनका लागि छुट्टै कानुनको निर्माण गरिएको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ नै त्यो कानुन हो । यस ऐनको उचित कार्यान्वयनका लागि सूचनाको हक सम्बन्धी नियमावली २०६५र २०७० पनि लागू भइसकेका छन् ।

सूचनाको हक सम्बन्धी ऐनको उद्देश्य :

सूचनाको हक सम्बन्धी ऐनको उद्देश्य निम्न लिखित रहेका छन् ।

- राज्यका काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाउने
- राज्यलाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने
- सार्वजानिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको सरल र सहज पहुँच बनाउने
- राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्ने र
- नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने ।

सूचनाका हक सम्बन्धी ऐन २०६४का विशेषताहरू

सूचनाको हक भनेको नागरिक हक हो । सूचनाको हक सम्बन्धी कानुन बनाएर आम नागरिकलाई सूचना उपलब्ध गराउनुको उद्देश्य नै सार्वजनिक निकायहरूको सूचना आफुलाई चाहिएको बेलामा प्राप्त होस् भन्नका लागि हो । त्यसैले सूचनाको हक सम्बन्धी ऐनले सूचनाको हकको प्रभावकारी प्रचलन गर्नका लागि आवश्यक परेको नागरिकले सूचना माग्ने अधिकार र सूचना उपलब्ध गराउनै पर्ने सार्वजनिक निकायको भूमिकालाई स्पष्ट पारेको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ का प्रावधानहरू केलाउँदा निम्न लिखित विशे षताहरू उल्लेख गर्न सकिन्छ :

- नेपालको कानुनी इतिहासमा नै सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न निर्माण गरिएको यो नै पहिलो र बेग्लै ऐन हो ।
- यस ऐनमा सूचना, सूचनाको हक, सार्वजनिक निकायवारे स्पष्ट परिभाषा दिइएको छ ।
- सूचनाको हकलाई मौलिक हकको रूपमा कार्यान्वयन गर्नका लागि एउटा बेग्लै स्वतन्त्र निकायको रूपमा राष्ट्रिय सूचना आयोग गठन गर्ने व्यवस्था गरिएको छ जसअनुसार अहिले आयोग सक्रिय रूपमा कार्यरत छ ।
- सार्वजनिक निकायहरूले प्रत्येक तिन तिन महिनामा स्वत:स्फूर्तरूपमा आफ्ना सूचनाहरू सार्वजनिक गर्नैपर्ने कानुनी व्यवस्था गरिएको छ ।
- सूचना माग गर्ने स्पष्ट प्रक्रियाको व्यवस्था गरिएको छ ।
- सबै तहमा सूचना माग्ने र सूचना उपलब्ध गराउने समय सीमा स्पष्ट किटान गरिएको छ ।
- सूचना प्राप्त गर्नका लागि आवश्यक पर्ने शुल्कको स्पष्ट किटान गरिएको छ ।
- सूचना दाताको संरक्षण सम्बन्धी व्यवस्था ऐनमा गरिएको छ ।
- सूचना वर्गीकरणका लागि मार्गदर्शन र सीमाको व्यवस्था गरिएको छ ।
- सूचना संरक्षण सम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ ।
- सार्वजनिक निकायले सूचना नदिएमा हुने सजाय तोकिएको छ।
- सूचना नपाएका कारणले हुने क्षतिबापत क्षतिपूर्ति सम्बन्धी व्यवस्था गरिएको छ ।
- सूचना अधिकारीको व्यवस्था र उजुरी तथा पुनरावेदन सम्बन्धी स्पष्ट तथा सरल व्यवस्था गरिएको छ ।

घटना १

सूचनाको हकले न्याय दिलायो

मोहनकुरमा लोहार आफ्नो पिताको नाममा रहेको जग्गा नामसारी गर्न जतिखेर जिल्ला मालपोत कार्याय रूपन्देहीमा पुगे, त्यतिखेर थाहा भयो विगत लामो समयदेखि जग्गा रोक्का भएको रहेछ । मालपोत कार्यालय रूपन्देहीको अभिलेखअनुसार आन्तरिक राजश्व कार्यालयको च.नं. २६५/०५/१६ को पत्रले उक्त जग्गा रोक्का गरेको देखिन्छ । जग्गा रोक्का हुनुको कारणबारे बुझ्न लोहार करिब दुई वर्षसम्म कहिले मालपोत कार्यालय त कहिले आन्तरिक राजश्व कार्यालय धाए । आन्तरिक राजश्व कार्यालयको अभिलेखमा किन जग्गा रोक्का गरिएको भन्ने नदेखिएको तर मालपोत कार्यालयको रोक्का फाँटको मोठ अभिलेखमा रोक्का देखिएको छ । यसै विषयमा मनोजकुमार लोहारका बाबु स्व. प्रदेशी लोहारको नाममा भुजौली गाविस वडा नं. ७ मा रहेको कि.न. ३९८ को सो जग्गा के कति कारणले रोक्का रहेको हो भनी सूचनाको हक प्रयोग गरी सूचना माग गरिएको एक हप्तामा जग्गा फुकुवा नै भएको छ ।

दुई वर्षसम्म कहिले मालपोत कार्यालय त कहिले आन्तरिक राजश्व कार्यालय धाउँदा पनि केही हात नपरेपछि मानव अधिकार संरक्षण प्रवर्धन समितिसँग आबद्ध पत्रकार राम विकास चौधरीको सल्लाह र पहलमा मोहनकुमार लोहारले १६, पुस २०७१ मा आन्तरिक राजश्व कार्यालयमा सूचना माग गर्दै सूचनाको हम सम्बन्धी ऐन, २०६४ अनुसारको सूचना मागको निवेदन दर्ता गराए । उक्त निवेदनमा आन्तरिक राजश्व कार्यालयको च.नं. २६५/०५/१६ को पत्र कुन आधारमा मालपोत कार्यालय रूपन्देहीमा पठाएको हो । सोको लिखित विवरण उपलब्ध गराई पाउँ भनिएको थियो । साथै उकत निवेदमा तत्तकालिन जिल्ला पञ्चायत सचिवालयबाट ६, चैत्र २०४७ मा जिविसको पत्रबाट फुकुवा भएको र कर कार्यालयबाट प्रदेश लोहारको नाममा सि.न.पा. १३, रूपन्देही बस्ने मनोजकुमार लोहारको बाबुको नाममा रहेको एक कठ्ठा पाँच धुर जग्गा मालपोत कार्यालयमा रोक्का देखिनुपर्ने कारण लिखित रूपमा पाउँ भनी माग गरिएको छ । उक्त निवेदनमा नै आफ्ना पिता स्व. प्रदेश लोहारको नाममा ठोस कागजात प्रमाण यस कार्यालयले उपलब्ध गराउन नसक्ने हो भने उक्त जग्गा फुकुवा गरी पाउनका लागि परिपत्र गर्नको लागि अनुरोध गरिएको थियो ।

यो भन्दा अगाडि नै २५, भदौ २०७१ मा मालपोत कार्यालय रूपन्देहीले प्रदेशी लोहारको जग्गा रोक्का गर्नुपर्ने कारणबारे जानकारी माग गर्दै पठाएको पत्रलाई पूर्णतया बेवास्ता गरिरहेको

आन्तरिक राजश्व कार्यालयले सुरुमा निवेदन दर्ता गर्न नै मानेको थिएन । पछि सूचनाको हकका अभियान कर्ताले कार्यालय प्रमुखलाई सूचनाको हक सम्बन्धी ऐन अनुसार राष्ट्रिय सूचना आयोगमा जानसक्ने अधिकारको बारेमा बुझाएपछि उनको सो निवेदन दर्ता गरको थिए । निवेदन दर्ता गरी खोजबिन गर्दा उनको सो जग्गा रोक्का गरी राख्नुपर्ने कुनै कारण नभेटेपनि आन्तरिक राजश्व कार्यालय भैरहवाले २३, पुस २०७१ अर्थात् एक हप्ता पनि नबित्दै मालपोत कार्यालय रूपन्देहीका नाममा रोक्का फुकुवा सम्बन्धमा अनुरोध गर्दै पत्र पठायो । उक्त पत्रमा आन्तरिक राजश्व कार्यालयमा रहेको बक्यौता भिडान गर्दा निज करदाता प्रदेश लोहारको नाममा निजले दाखिला गर्नुपर्ने कुनै कर बाँकी बक्यौता रहेको कार्यालयमा उपलब्ध रेकर्डबाट देखिन आएन भनी मालपोत कार्यालयलाई लेखी पठाएको छ । साथै पत्रमा भनिएको छ - यसरी निजले दाखिला गर्नुपर्ने कुनै कर बक्यौता कार्यालयको लागतबाट देखिन नआएको अवस्थमा जिको नाममा रहेको जग्गा रोक्का राखी रहनुपर्ने अवस्था नदेखिएको व्यहोरा यस कार्यालयको २०७१/०९/२२ को निर्णय अनुसार अनुरोध छ ।

यसरी आन्तरिक राजश्व कार्यालयको फुकुवा भएपछि तत्काल त्यो जग्गा स्व. प्रदेश लोहारको नामबाट छोरा मनोजकुमाराको नाममा नामसारी भयो । यसरी सूचनाको हक प्रयोग गर्दा मनोजकुमारको दुई वर्षदेखि सरकारी कार्यालयको लापरवाहीले पाएको झमेलाबाट मुक्त मात्र होइन जग्गा समेत प्राप्त भएको मनोजकुमारले जानकारी दिएका छन् । मनोजकुमार भन्छन् - सूचनाको हक सम्बन्धी ऐनले मलाई न्याय दिलायो । यो ऐन मेरै लागि बनाए जस्तो लाग्यो मलाई, आफ्ना स्व. पिताको नाममा रहेको जग्गा के कति कारण रोक्का गरिएको हो भन्ने थाहा नभएर वर्षौंसम्म भौतारिएँ । उनी थप्छन् - 'आफूले धेरैलाई गुहारे पनि, हजारौ रूपियाँ खर्च समेत गरे, तर कारण थाहा पाउन सकेको थिइन । अन्त्यमा सूचनाको हकबारे थाहा पाएर सोहीअनुसार सूचना माग गरेपछि मेरा काम फत्ते भयो । आखिर कुनै कारण नहुँदा नहुँदै पनि आन्तरिक राजश्व कार्यालयले मेरो जग्गा रोक्का गरी राखेको प्रमाणित भयो ।'

घटाना २

सूचनाको हकले दिलायो ज्याला

- दिपेश घिमिरे

नेपालकै दुर्गम मध्यको एक जिल्ला हो कालिकोट । यहाँ यातायातको सुविधा पुगेको भर्खर सात वर्ष भयो । यातायातमात्र होइन यस दुर्गम जिल्लामा हवाई जहाजको सुविधासमेत छैन । यातायात र हवाई जहाज दुवैको सुविधाबाट विमुख हुँदाको पीडा कालिकोटबासीले जति अरूले भोगेका हुन् र ? यस्तो पीडाबाट मुक्ति पाउनका लागि यसअघि पनि प्रयासहरू नभएका होइनन् । तर राजनीतिक तथा आर्थिक समस्या र सुशासनको अभावले यस्ता प्रयासहरू निरर्थक भएका हुन् ।

लामो समयदेखि कालिकोट जिल्लामा विमानस्थल बनाउनको लागि विभिन्न क्षेत्रबाट पहल भइरहेको थियो । यसै क्रममा वि.सं. २०५३ सालबाट कालिकोटको कोटवाडा सुनथराली विमानस्थल निर्माण कार्य सुरु भयो । तर झन्डै १९ वर्ष वितिसक्दा पनि यो विमानस्थल निर्माण कार्य सम्पन्न हुन सकेको छैन । यातायातको सुविधाबाट विमुख रहेका कालिकोटबासीको हवाई जहाज चढ्ने चाहना पनि समयमा पुरा हुन सकेन । यही जहाज चढ्न पाइने र केही पैसा आम्दानी पनि हुने उत्कृष्ठ चाहनामा विमानस्थल निर्माणको कार्यमा खटिएका मजदुरले समेत विगत लामो समयदेखि ज्याला पाएनन् । मजदुरहरूले आफ्नो ज्याला पाउनको लागि धेरै प्रयास गरे । विमानस्थल निर्माण उपभोक्ता समितिसँग कयौँपटक कुरा गरे । जिल्ला प्रशासन कार्यालयमा जुलस गरे । राजनीतिक दलका नेताहरूलाई गुहारे । तर, कहीँ कतै बाट उनीहरूको पीडाको सुनुवाइ भएन । मजदुरले ज्याला पाएनन् ।

विमानस्थल निर्माणमा काम गरेर ज्याला नपाएकामध्ये एक हुन अम्बा बूढा । आफूहरूले लामो समय श्रम गरेर पनि ज्याला नपाएको उनी बताउँछन् । “वि.सं. २०६६ सालदेखि काम गरेको ज्याला हामीले पाएनौँ,” बूढाले भने “धेरै चोटी उपभोक्ता समितिका पदाधिकारी, कर्मचारी, ठेकेदारलाई भेट्यौँ तर कहिबाट ज्याला पाइएन ।”

दिनभरी काम गरेर विहान बेलुकाको हातमुख जोड्ने मजदुरले आफ्नो आन्दोलनलाई निरन्तरता दिन सक्ने कुरा पनि भएन । केही समय प्रयास गरेपछि पनि उपलब्धि हात नलागेपछि आफ्नो भाग्यलाई दोष दिँदै मजदुरहरू अर्को काममा लागे । विस्तारै यो घटना सामसुम हुँदै गयो । मजदुरले पनि विस्तारै बिर्सँदै गए । उपभोक्ता समिति र ठेकेदारले

बेवास्ता गर्दै गए । प्रशासनमा कर्मचारी फेरिए । नयाँ कर्मचारीले पुरानो समस्याबारे जान्ने कुरै भएन । २०६४ सालमा कालिकोटमा यातायातको सुविधा पुगेपछि स्थानीय बासिन्दाले पनि विमानस्थल निर्माणमा चासो राख्न छाडे । विमानस्थल झनै अलपत्र हुँदै गयो । यसै क्रममा कालिकोटका सूचनाको हकका अभियन्ता खगेन्द्र भट्टराईलाई किन लामो समयसम्म पनि उक्त विमानस्थल निर्माण भएन भन्ने जिज्ञासा उत्पन्न भयो । त्यसैले उनले लामो समयसम्म पनि विमानस्थल निर्माण सम्पन्न नहुनुको कारणबारे सूचनाको हक प्रयोग गरेर निवेदन दिने विचार गरे । उनले निवेदन लिएर उपभोक्ता समितिको कार्यालयमा पुगे । तर उपभोक्ता समितिले सो निवेदन दर्ता गर्न मानेन ।

उपभोक्ता समिति पनि सार्वजनिक निकाय भएकोले निवेदन दर्ता गर्नुपर्नेभन्दा पनि निवेदन दर्ता नभएपछि अभियन्ता भट्टराईले सो निवेदन जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्ने विचार गरे । यस बिचमा विमानस्थल निर्माणकार्य ढिलो मात्र नभई त्यहाँ काम गरेका मजदुरले लामो समयसम्म पनि ज्याला नपाएको सूचना भट्टराईले प्राप्त गरे । “सुरुमा विमानस्थल निर्माण ढिलो हुनुको कारण खोजी गर्न निवेदन दिने योजनामा थिए” भट्टराई भन्छन् “यसै क्रममा निकै लामो समयदेखि मजदुरले ज्याला नपाएको सूचना पाएपछि मैले पनि मजदुरलाई प्राथमिकता दिने विचार गरे ।”

यसपछि अभियन्ता भट्टराईले उक्त विमानस्थल निर्माणको क्रममा काम गर्ने मजदुरहरूलाई खोज्न थाले । यसरी खोजी गर्ने क्रममा झन्डै सात आठ वर्षदेखि ज्याला नपाएका मजदुरहरूसँग उनको भेट भयो । त्यसपछि तिनै मजदुरलाई उनीहरूको हक अधिकारको बारेमा जानकारी गराएर शसक्त बनाए । त्यसपछि भट्टराई र केही मजदुरले सूचनाको हक सम्बन्धी ऐन २०६४ अनुसार २०७१ वैशाख ११ गते जिल्ला प्रशासन कार्यालय मान्म कालिकोटमा निवेदन दिए । निवेदनमा विमानस्थल निर्माणका लागि अहिलेसम्म कति बजेट आएको छ ? सो बजेट कहाँ कहाँ खर्च भयो ? मजदुरहरूले अहिलेसम्म गरेको काम कति हो ? उनीहरूलाई कति भुक्तानी दिइयो ? त्यसको यथार्थ विवरण पाउँ भन्ने उल्लेख गरिएको थियो ।

यसरी सूचनाको हक सम्बन्धी ऐन २०६४ अनुसार निवेदन परे लगत्तै जिल्ला प्रशासन कार्यालय कालिकोटले यसलाई प्राथमिकतामा राखेर छानविन प्रक्रियालाई अगाडि बढायो । यसपछि उपभोक्ता समितिसँग यसका सम्बन्धमा भएका सम्पूर्ण कागजपत्र लिएर छानबिन अगाडि बढायो । वर्षौं अगाडि काम गरेर पनि कामदारहरूले १४ लाख रूपियाँ ज्याला नपाएको छानबिनबाट देखियो । छानबिनपछि तत्कालीन प्रमुख जिल्ला अधिकारी किशोर चौधरीले विमानस्थल निर्माण उपभोक्ता समितिका पदाधिकारी तथा मजदुरका प्रतिनिधिलाई

छलफलका लागि जिल्ला प्रशासन कार्यालयमा बोलाए । उक्त छलफलपछि उपभोक्ता समितिमा अभियमितता भएको देखियो भने कति रकमचाहिँ पर्यटक तथा नागरिक उड्डयन मन्त्रालयबाटै रकम निकासा नभएको देखियो । यसपछि जिल्ला प्रशासन कार्यालयले तत्काल मन्त्रालयलाई यो समस्या सहितको पत्राचार गऱ्यो । साथै उपभोक्ता समितिमा हिनामिना भएको रकम पनि तत्काल मजदुरलाई वितरण गर्नको लागि निर्देशन दियो । यसपछि उपभोक्ता समितिले पनि जिल्ला प्रशासनले भने जति रकम तत्काल जम्मा गऱ्यो भने मन्त्रालयबाट पनि लामो समयदेखि थन्किएर रहेको फाईल तत्काल अगाडि बढायो र बाँकी रकम पठायो । जसले गर्दा आठ वर्ष देखिको ज्याला मजदुरले पाउन सके ।

“पहिला पनि मजदुरले ज्याला पाउन आन्दोलन गरेका थिए भन्ने जानकारी पाइयो” प्रमुख जिल्ला अधिकारी विजयनारायण मानन्धर भन्छन् “तर त्यसबाट कुनै उपलब्धि भएनछ । तर सूचनाको हक सम्बन्धी ऐन २०६४ अनुसार दिएको एउटा निवेदनले मजदुर वर्षौंदेखिको ज्याला भुक्तानी दिलाउन सफल भयो ।”

वर्षौं अघि काम गरेर ज्याला नपाएर निराश भएका मजदुरहरू पनि सूचनाको हक सम्बन्धी ऐनअनुसारको एउटा निवेदनले ज्याला दिलाई दिएकोमा दङ्ग छन् । “सूचनाको हक प्रयोग गरेर निवेदन दिएपछि आठ वर्ष पछि मैले ३० हजार रूपियाँ पाए” मजदुर बुढा भन्छन्, “यत्रो वर्षपछि पैसा पाउँदा सपना जस्तै लागेको छ ।” एउटा निवेदन यति बलियो हतियार हुन्छ होला भनेर आफूहरूले कहिल्यै नसोचेको बुढा बताउँछन् । कत्रो आन्दोलन गर्दा पनि नपाएको ज्याला त्यहि निवेदनले दिलाउँछ होला भन्ने कहिल्यै सोचेको थिइन । बुढा भन्छन्, “त्यही निवेदनले नै यत्रो वर्षपछि ज्याला दिलाई दियो हामी सबै मजदुर खुसी छौँ ।” उनी यदि आफुलाई यस्तो समस्या परेको भएमा सूचना माग गर्न अरूलाई सल्लाह दिन्छन् ।

यसैगरी सूचनाको हकका अभियन्ता खरेन्द्र भट्टराई सूचनाको हक सम्बन्धी एने २०६४ अनुसार दिइएको एउटा निवेदनले दर्जजौ मजदुरले ज्याला पाएका बताउँछन् । “हरेक अनियमितता, विकृति, विगतीका बारेमा सूचना माग गर्ने हो भने त्यसले सकारात्मक प्रभाव पार्दछ,” अभियन्ता भट्टराई भन्छन्, “सूचनाको हक व्यक्तिको दैनिकीसँग जोडिएको छ त्यसैले आफूलाई चित्त नबुझेको तथा जान्न चाहेको विषयमा तत्काल सूचना मागगर्ने बानी बसाल्नुहोस् ।

घटना ३

विद्यार्थीले पाए उत्तर पुस्तिका

काठमाडौँ शङ्करदेव क्याम्पसबाट बीबीएस प्रथम वर्षको परीक्षा दिएका विजय आर्यालको बिजनेस स्टाटिस्टिक्स र अङ्ग्रेजीमा कम नम्बर आएपछि ती विषयको उत्तर पुस्तिकाको प्रतिलिति हेर्न पाउँ भनी ३१ जेठ, २०६६ मा त्रिविविका सूचना अधिकारीसँग सूचना मागे । प्राय: अरू सबै विषयमा प्रथम श्रेणीको अङ्क पाएका अर्यालले एउटा विषयमा जम्मा १ नम्बर पाएपछि चित्त नबुझेर यो बाटो रोजेका थिए ।

सूचना अधिकारबिाट नपाएपछि १६ असारमा परीक्षा नियन्त्रण कार्यालयका प्रमुख समक्ष सूचना मागे । त्यहाँबाट पनि सूचना नपाएपछि अर्यालले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरे । आयोगले २९ साउन २०६६ मा परीक्षकको नाम नामेसी नखुल्ने गरी उत्तर पुस्तिका हेर्न दिनु भनी त्रिविका नाममा आदेश दियो । विजयसँगै सोही क्याम्पसमा शङ्कर पौडेललगायतका चार जना विद्यार्थीले सूचनाको हकको प्रयोग गरी उत्तर पुस्तिका मागे पनि पाएका थिएनन् ।

आयोगको आदेशपछि पनि उत्तर पुस्तिका नपाएपछि आयोगले पुन: त्रिविलाई काट्यो । पत्रमा सूचना के कति कारणले उपलब्ध नगराइएको सो लिखित जवाफसहित ७ दिनभित्र उपस्थित हुन भनिएको थियो । त्रिविले ९ भदौमा पत्र पठाई उत्तर पुस्तिका हेर्न दिन नमिल्ने दाबी गरेका मात्र होइन पुनरावेदन खारेज गर्न माग गरेको थियो । तर आयोगले पुनरावेदकको माग बमोजिमको उत्तर पुस्तिकाको प्रतिलिपि दिन आदेश दियो ।

आयोगको आदेशअनुसार सूचना दिनुको साटो आयोगको आदेश विरुद्ध त्रिवि सर्वोच्च अदालत गएको थियो । अग्राधिकारमा राखिएको सो मुद्दामा लामो बहसपछि सर्वोच्चले त्रिविलाई विद्यार्थीले परीक्षा दिएको विषयको उत्तर पुस्तिका दिन ४ जेठ २०६८ मा आदेश दियो । सर्वोच्चको फैसलापछि पनि त्रिविले यसबारे अहिलेसम्म नियम बनाएको छैन । तर विद्यार्थीले उत्तर पुस्तिकाको प्रतिलिपि पाउने सिद्धान्त सर्वोच्च आदलबाट कामय भएकोले अन्य परीक्षा कार्डहरूको समेत यसबारेमा व्यवस्था गर्नुपर्ने परिस्थिति बन्न गयो । यो आदेशपछि परीक्षाका बोर्डहरूलाई सूचना आयोगले "प्रतिलिपि उपलब्ध गराउने" व्यवस्था गर्न आदेश दियो । उत्तर पुस्तिका खोज्ने अभियानमा सूचनाको हक सम्बन्धी कानुन विद्यार्थीका लागि महत्त्वपूर्ण अस्त्र बन्यो । सर्वोच्च अदालतको यो आदेशपछि विद्यार्थीले यसको उपयोग गरिरहेका छन् । सर्वोच्च अदालतले सो आदेशमा निर्देशिका बनाएर सूचना दिनु भन्ने

आदेश दिएकोले कतिपय विश्व विद्यालयहरूले उत्तर पुस्तिकाको प्रतिलिपी दिने बारेमा यस्तो निर्देशिका बनाएका छन् भने त्रिभुवन विश्व विद्यालयले भने अन्यको भन्दा ढिला अर्थात वि.सं २०७० भदौ २४ गते निर्देशिका निर्माण सम्बन्धी निर्णय गरेको छ ।

अभ्यास

१. सूचनाको हक सम्बन्धी ऐन २०६४का विशेषताहरू के के हुन् ?

२. नेपालको परिप्रेक्ष्यमा यो ऐनले लोकतन्त्रको प्रवर्धनमा मुख्य औजारको रूपमा काम गर्न सक्छ । यो भनाइको पुष्टि गर्नुहोस् ।

३. तपाईंको क्षेत्रको विद्यालयमा वा गाउँ पालिकामा वा जिल्ला प्रशासन कार्यालयमा वा अन्य सार्वजनिक कार्यका लागि खुलेका कार्यालयहरूमा तपाईंलाई चाहिने सूचना तत्काल उपलब्ध भएका छन् ? छैनन् भने तपाईं आफूलाई आवश्यक पर्ने सूचना माग्नका लागि कसरी जानुहुन्छ ?

पाठ ४: सामाजिक न्याय

सामाजिक न्यायको भनेको मानिसको बाँच्ने अधिकारसँग सम्बन्धित छ । समाजमा मानिस बस्दछन् । समाजको निर्माण गर्ने पनि मानिस हो । समाजको आवश्यकता मानिसलाई नै परेकोले मिलेर बस्ने एउटा प्रक्रिया मानिसले सुरु गरेका हुन् । समाजमा कसरी मिलेर बस्ने भनेर केही अलिखित नियम बनाइयो । पछि मानिसले नै ती नियम मान्न बाध्यता देखाएन । त्यसपछि मानिसलाई नै बन्धनमा राख्न मानिसले नै लिखित नियम, कानुन, संविधान, कारागार, दण्ड र सजायको व्यवस्था गरेको देखिन्छ । समाजको निर्माण देखि आजको अवस्थासम्म आइपुग्दा मानिसले आफैं विरुद्ध आफू उभिनु पर्ने अवस्था पनि धेरै पटक आयो र उभियो पनि । आफ्नो प्रतिबद्धतामा अडिग भएर उभिने पनि मानिस नै भयो । कार्य सम्पादनको सिलसिलामा मानिसका कामका हिसाबले तहको पनि निर्माण हुनगयो । एउटा काम अह्राउने तहमा पुग्यो र अर्को काम गर्ने तहमा देखियो । काम अह्राउने र काम गर्ने वा नगर्ने पनि मानिस नै हुनगयो । आफ्नो भनाइ नमान्ने वा मान्ने पनि मानिस नै भएकोले त्यहाँ दण्ड र पुरस्कारको प्रक्रिया अपनाइयो । दण्डका विरुद्धमा उठ्ने पनि मानिस नै भयो । त्यसपछि भइरहेको प्रक्रियामा नै समानता वा न्याय खोज्ने र समाजमा सबै बराबरीको सिद्धान्त बनाउन मानिस नै बाध्य भयो । आजको असमानता, अविवेक, अन्याय, अत्याचार र थिचोमिचो त्यसैको परिणाम हो । त्यसैले समाजमा स्थापित देखिने नदेखिने न्यायको सूक्ष्म पुनरावलोकन गरी समय सापेक्ष रूपमा मानवोचित न्याय प्राप्त गर्न र गराउन सामाजिक न्यायको प्रसङ्ग आउने गर्दछ । आजको सामाजिक न्यायको प्रसङ्गमा यी भनाइहरू आउने गर्दछन् :

- ✓ समाजका सबै सदस्यहरू बराबरीका हकदार हुन् , कोही ठुलो वा सानो हुँदैन । जन्मदा नहुने विभेद जीवनमा गर्नु हुँदैन । कसैलाई ठुलो सानो बनाउँदा समाजमा भेदभाव हुन्छ । समाजको संरचना नै त्यस्तो बनेको छैन । समाजमा सबै सम हुन् भन्ने अवधारणा नै सामाजिक न्याय हो । धनीले गरिबलाई शोषण नगर्ने, पढेकाले नपढेकालाई नठग्ने, माथिल्लो जात भनिनेले तल्लो जात मानिनेलाई बराबरी ठान्ने, सँगै बसेर खानपिन गर्ने, गोराले कालालाई बराबर मान्ने, अन्तर्राष्ट्रिय भाषा बोल्नेले स्थानीय भाषा बोल्नेलाई उत्तिकै सम्मान गर्ने, केन्द्रीय भाषा बोल्नेले स्थानीय भाषिका बोल्नेलाई आफैं सरह ठान्ने प्रवृत्ति नै सामाजिक न्याय हो । सामाजिक न्यायको सम्बन्ध व्यक्तिको समुदायप्रतिको त्यो नैतिक जिम्मेवारी हो जसको अन्तिम लक्ष्य सर्वसाधारणको कल्याण गर्नु हो । समाजमा कसैमाथि हुने भेदभावविना सही व्यवहार गर्नु, जुनकुरा सही छ

त्यसको रक्षा गर्नु, विशेषत: द्वन्द्वपूर्ण अवस्थामा निष्पक्षतापूर्वक व्यक्तिलाई समायोजित गर्नु नै सामाजिक न्यायतर्फको पहिलो कदम हुन जान्छ । समाजभित्रको न्याय, समाजमा न्याय, सबै सरह सबैलाई न्याय, व्यक्तिगत भन्दा सामुदायिक प्रवृत्तिको बराबरीको हक अधिकार जे भने पनि सामाजिक न्यायले दण्ड र पुरस्कारसँग पनि सरोकार राख्दछ ।

- ✓ व्यक्तिहरूबाट, समुदायहरूबाट र समाजबाट स्वीकृति प्राप्त प्रचलन नै सामाजिक न्याय बन्न पुग्दछ । यस्ता सामाजिक न्यायका अवधारणाहरूले सामाजिक संस्थाहरूमा पनि ग्राह्यता पाएका हुन्छन् ।

- ✓ समाजमा धनका कारणले, सोचाइका कारणले, पढाइका कारणले, शक्तिका नजिक र टाढाका कारणले, गुणकर्म प्रकृतिका कारणले समानता र असमानता पाइन्छ । ती असमानताका बिचमा समानता खोजेर मानवीय मूल्यको जगेर्ना गर्नु नै सामाजिक न्याय हो ।

- ✓ त्यसैले सामाजिक न्याय भनेको त्यो संरचना हो जहाँ जात, वर्ग, वर्ण, लिङ्ग, भाषा आदिको भेदभावबिना समाजमा विद्यमान सबै किसिमका बन्धन र असमानताको अन्त्यका लागि नागरिक स्वतन्त्रता, सहभागिता, शक्तिको वितरण, सामाजिक साँस्कृतिक न्याय, सम्पत्ति, अवसर र आयको न्यायोचित रूपले वितरण हुन्छ ।

सामाजिक न्याय केका लागि ?

सामाजिक न्यायलाई सङ्कुचित अर्थमा मात्र अर्थ्याउन मिल्दैन । सामाजिक न्याय कसैको पृष्ठपोषण गर्न वा विरोधमा लाग्न सुरु गरिएको तर्क नभई समाजमा सवैको समान हक सिर्जना गर्ने प्रयासको थालनी हो । सामाजिक न्यायलाई जोन रावल्सले यसरी परिभाषित गरेका छन् : समाजका आधारभूत संस्थाहरूमा सवै नागरिकको समान अधिकार र कर्तव्यको प्रत्याभूति प्रदानगर्ने, लाभ तथा सामाजिक सहयोगको बोझ समान र न्यायोचित वितरण गर्ने प्रक्रियाको नाउँ नै सामाजिक न्याय हो । यथार्थमा सामाजिक न्यायको प्रक्रिया र लक्ष्य नै समाजमा देखिन, भोगिने सबै प्रकारका शोषण, दमन र शक्ति प्रयोगका विरुद्धको सामाजिक आन्दोलन हो, सापेक्षित सत्य र न्यायको खोजी हो । सामाजिक न्यायले राजनीतिक सत्ताबाट मात्र होइन, सामाजिक परिवेशमा पनि न्यायको अनुभूति गराउने उपाय खोजिनु पर्ने कुरामा जोड दिन्छ ।

सामाजिक असमानताका कारणले अन्याय महसुस हुन्छ । त्यसबाट समाजमा धेरै ओटा समस्याहरू देखा परेका छन् । कार्ल मार्क्स सम्पत्तिको असमान वितरणले समाजमा स्वत:

असमानता निम्त्याएको मान्दछन् र असमानता मौलाएको छ । राजनीतिक प्रक्रियामा देखिने कार्यकारी प्रमुख, न्याय सेवा, निजामती सेवा, सेना, धर्म, संसद तथा आम सञ्चारका विविधताले र तिनका आआफ्ना महत्त्वले पनि समाजमा असमानताले जरो गाडेको देखिन्छ ।

समाजमा विभिन्न प्रकारबाट शोषण वा दमनले स्थान प्राप्त गरेको हुन्छ । शोषण वा दमन कहीँ पनि ग्राह्य हुँदैन तर समाजमा त्यसले जानिँदो वा नजानिँदो पारामा जरो गाडेको हुन्छ , त्यसैले शोषण वा दमनबाट असमानताको जग बस्दछ अनि शोषणबाट असमानता प्रष्ट देखिन्छ । शोषण सामान्यत: तिन प्रकारबाट हुने गरेको पाइन्छ–व्यक्तिगत, सांस्कृतिक र संस्थागत । व्यक्तिगतरूपमा देखिने शोषण वा दमनको रूपमा अर्काप्रति हेरिने दृष्टिकोण, सामाजिकीरणमा देखिने विविधता, व्यक्तिगत आनीबानी, विश्वास तथा व्यक्तिहरूबिचको अन्तरक्रियालाई लिन सकिन्छ । सांस्कृतिक प्रक्रियाममा देखिने शोषण वा दमनको स्वरूप भनेको समाजको मूल्य र मान्यता, आवश्यकता, सुन्दरता, लैङ्गिक व्यवहार, सामाजिक आकांक्षा, भाषा चाडबाड, सार्वजनिक विद्या र सामाजिक सोचाइ हुन् । संस्थागत रूपका सोचाइमा शोषणमा शिक्षा, धर्म, सरकार, रोजगारी ,सञ्चार , स्वास्थ्य सेवा र कानुनी प्रणाली पर्दछन् ।

व्यक्तिगत, सांस्कृतिक तथा संस्थागत शोषणबाट असमानता फैलिरहेको पाइछ । कतिपय असमानता थाहा नभइकन भइरहेको हुन्छ । प्रत्येक व्यक्ति आफ्नो स्वतन्त्र पहिचान कायम गर्न चाहन्छ । प्रत्येक व्यक्ति अर्को व्यक्तिभन्दा चरित्र, बानी व्यवहार र धारणाले फरक हुन्छ । तर मानवीय स्वभाव भने कोहीभन्दा आफु कम नभएको र आफ्नो स्वाभिमान बचाइ राख्ने हुन्छ । यो सामाजिक, मनोवैज्ञानिक, भौतिक र सांस्कृतिक मान्यताबाट पनि निर्देशित भइरहेको हुन्छ । व्यक्तिगत पहिचानको कुरा गर्दा प्रत्येक व्यक्ति परिवार मा वा समाजमा आफ्नो दृष्टिकोणले मान्यता पाओस् भन्ने ठान्दछ । उसको बिचार तर्कपूर्ण तरिकाले चित्त बुझाउने गरी मात्र नकार्न सकिन्छ, सक्नुपर्छ । त्यो एउटा व्यक्तिको पहिचान हो ।

दमनात्मक तरिकाले हुने सामाजिकीकरणले व्यक्तिलाई निमुखो वा विद्रोही बनाउँछ । निमुखो हुँदा उसको सम्पूर्ण स्वाभिमान हराएको हुन्छ र उसको पहिचान केही हुँदैन, उसलाई पहिचानको जरुरत पनि पर्दैन । जब ऊ विद्रोही हुन्छ, उसले दमनका सबै कारक तत्त्वहरूको अन्त्य गर्न स्वत: लाग्छ ।

व्यक्तिको पहिचान गर्नुभन्दा व्यक्तिको पहिचान जोगाउने काम सामाजिक न्यायको परिधिभित्र पर्दछ ।

शिक्षामा सामाजिक न्याय

- ✓ शिक्षामा सामाजिक न्याय भन्नाले समुदायको अवधारणालाई स्पष्ट पार्छ ।
- ✓ समाजमा सामाजिक समानताका स्थापनाका लागि शिक्षा प्रदान गरिन्छ ।
- ✓ सामाजिक समानता प्राप्तिका लागि शिक्षकलाई विषयगत तथा पेसागत तालिम दिइन्छ ।
- ✓ समुदायको कल्याणको अवधारणा सम्बन्धी ज्ञान, सिप तथा विचारहरू विद्यार्थीहरूलाई दिइनु पर्दछ ।
- ✓ त्यसका लागि पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षक निर्देशिकाहरूमा सामाजिक न्याय सम्बन्धी तत्त्वहरू समावेश गरिनु पर्दछ ।
- ✓ जात जाति, धर्म, वर्ण, लिङ्ग, उमेर, समूह, महिला, अल्पसङ्ख्यक, यौनिक अल्पसङ्ख्यक, पिछडिएको क्षेत्रमा बसोबास गरिरहेका, सही अर्थमा छुवाछुत र सामाजिक वहिष्करणमा परिररहेका सीमान्तकृत तथा दलितको कुनै भेदभाव नराखी विविधतामा आधारित, विभेद रहित समावेशी, अधिकारमा आधारित रही शिक्षा प्रदान गर्नुलाई सामाजिक न्यायमा आधारित शिक्षाको रूपमा लिने गरिएको छ ।
- ✓ समुदायको जीवनस्तर सुधार्नका लागि गरिने सकारात्मक रूपान्तरण, द्वन्द्व व्यवस्थापन, सबै जनताको समान सहभागिता र समान उपलब्धिको अवसर सुनिश्चित तथा विभेदको अन्त्य गर्नु नै शिक्षाको मूलभूत उद्देश्यका रूपमा रहनु पर्दछ ।
- ✓ सामाजिक न्याय सबै नागरिक तथा समुदायका लागि एकदम जरुरी छ । त्यसैले यो पाठ्यक्रम, पाठ्यपुस्तकका विषयवस्तु, कक्षामा गरिने शैक्षिक क्रियाकलापभन्दा पनि प्रक्रिया र उपलब्धिमा आधारित हुन्छ । सामाजिक न्यायको परिधिभन्दा पनि बाहिर रहेका, वहिष्करणमा परेका तथा सीमान्तकृत व्यक्ति तथा समाजको मूलधारमा कतै पनि नदेखिएका र नसमेटिएका व्यक्ति तथा समूहलाई सामाजिक न्याय प्राप्तिका लागि आवश्यक ज्ञान, सिप तथा दक्षताको विकास गर्ने तत्त्वहरू पहिचान गरी शैक्षिक प्रक्रियामा समावेश गर्नु पर्दछ ।

शिक्षापछि सामाजिक न्याय कि सामाजिक न्याय पछि शिक्षा ?

वास्तवमा यो एउटा यक्ष प्रश्न बनेको छ कि शिक्षा प्राप्त नभई सामाजिक चेतना प्राप्त हुँदैन र सामाजिक न्यायको प्रत्याभूति भनेको नै शिक्षाले मात्र दिन सक्दछ । कुन पहिले त ? सामाजिक न्याय प्राप्तिका लागि आवश्यक पर्ने चेतनाका लागि शिक्षा नै अपरिहार्य तत्त्व हो, त्यसैले पनि शिक्षालाई आधारभूत आवश्यकता र मौलिक हकको रूपमा लिइएको छ विश्वव्यापी रूपमा । अवसरको लागि पनि शिक्षा आवश्यक छ । सामाजिक न्यायको सिद्धान्तले पनि के भन्दछ भने बञ्चित समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले सुसज्जित पार्न पनि उनीहरूलाई सशक्तीकरण गर्नु अनिवार्य छ । मानवीय सशक्तीकरणका लागि शिक्षा नै पूर्वसर्त पनि हो र परिणाम पनि हो । त्यसैले सामाजिक न्याय प्राप्तिका लागि पहिलो पूर्वाधार नै शिक्षा उपलब्ध गराउनु हो । एउटा सर्वमान्य धारणा के छ भने शिक्षा प्राप्ति पछि सामाजिक न्याय प्राप्त गर्न सवै मान्छे स्वत: सक्षम हुन्छन् । सामाजिक न्यायको वितरणको लेखाजोखा गर्न पनि शिक्षाको नै जरुरत पर्दछ । तर अर्को समस्या के देखापर्दछ भने शिक्षा प्राप्ति नै यत्ति दुरुह भएको छ कि यो नै सर्वप्रथम सामाजिक न्यायको पहिलो शर्तको रूपमा उपलब्ध गराउनु पर्दछ। आज शिक्षालाई मौलिक हकको पनि प्राथमिकरूपमा लिइएको छ । शिक्षा पाउनु पनि सामाजिक न्यायको आधारभूमि हो र सामाजिक न्याय पाएको भनेको नै शिक्षा पाउनु हो । यसलाई केस्रा केस्रा गर्न पनि सकिँदैन तर शिक्षा प्राप्त गर्नु नै सामाजिक न्यायको पहिलो खुड्किलो चढ्नु हो भनेरचाहिँ मान्नु पर्दछ ।

छलफलका लागि

१. अब हामी पनि छलफल गरौँ त– के रहेछ सामाजिक न्याय ? किन हामीलाई चाहियो सामाजिक न्याय ?

(सहजकर्ता साथी, यस सम्बन्धी व्यवस्था नेपालको संविधान २०७२ मा कहाँ कहाँ व्यवस्था गरेको छ, संविधानको पुस्तक खोजी पत्ता लगाउन सिकारु साथीहरूलाई प्रोत्साहित गर्नुहोस् र नयाँ व्यवस्थाअनुसारका गाउँ पालिका, नगर पालिकाहरूमा सामाजिक न्याय सम्बन्धी व्यवस्था के के छन् , ती वडा कार्यालय तथा स्थानीय तह कार्यपालिकाको कार्यालयमा गएर पत्ता लगाउने कोसिस गर्नुहोस् । सिकारुहरूको सहभागितामा मात्र गर्नुपर्छ ।)

२. प्राप्त हुने सुविधा प्राप्त नभए सूचनाको हकको प्रयोग गर्नुपर्छ ।

३. सूचनाको हकको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्छ र त्यसबाट सामाजिक न्याय प्राप्तिको लागि कसरी सहज हुन्छ भन्ने कुरामा छलफल गरौँ र अभ्यास गरौँ ।

४. शिक्षा प्राप्त गर्न पनि सामाजिक न्यायको आवश्यकता पर्छ एकातिर भने शिक्षाले मात्र सामाजिक न्यायको बारेमा जानकारी पाइन्छ । अब हामी छलफल गरौँ –शिक्षा पहिले पाउने अधिकार चाहियो कि सामाजिक न्याय प्राप्तिको अधिकार पहिले पाउनुपर्ने हो ? यसमा समूह बनाई छलफल गर्ने र आएको सारलाई आफ्ना समाजमा अभ्यास गर्ने ।

सकारात्मक चिन्तनको विकास

सकारात्मक सोच

हामीले महाभारतका बारेमा सुनेका छौँ र हामीमध्ये कतिले महाभारत पढेका पनि हौँला । त्यहाँ एउटै सन्तानमा पनि जेठा दाजु महाराज धृतराष्ट्रका छोराहरूलाई कौरब भनिन्थ्यो भने भाइ पाण्डुका पाँच ओटा छोराहरूलाई पाण्डव भनिन्थ्यो ।

पाण्डुको देहावसानपछि सबै एक सय पाँच भाइहरूलाई नै गुरु कृपाचार्य र गुरु द्रोणाचार्यले हस्तिनापुर दरबारमा नै शिक्षा दीक्षा दिइरहनु भएको थियो । एकपटक गुरु द्रोणाचार्यले भावी राजाहरूका रूपमा मानिएका पाण्डुका जेठा छोरा युवराज युधिष्ठिर र धृतराष्ट्रका जेठा छोरा युवराज दुर्योधनलाई एउटा परीक्षा लिन चाहनु भयो । उनीहरूको भित्री धारणा बुझ्नका लागि दुर्योधनलाई भन्नुभयो – युवराज, हस्तिनापुर सहरमा भएका मानिसहरूमध्ये सबैभन्दा असल मानिस खोजेर ल्याउनु पर्‍यो । दुर्योधन बिहान सबेरैदेखि काँधमा धनुष, लिएर घुमिरहे तर एक जना पनि असल मानिस भेट्न सकेनन् । साँझमा खुइय गर्दै गुरुलाई भने–गुरु, मेरो नजरमा पुरै हस्तिनापुरमा एक जना पनि असल मानिस भेट्न सकिन । यसो हेर्छु, सबै बदमास, लुच्चा र फटाहा जस्तोमात्र लाग्यो ।

युवराज दुर्योधनले कोही पनि असल फेला पार्न नसकेपछि भोलिपल्ट युवराज युधिष्ठिरलाई हस्तिनापुरमा सबै बदमासमात्र छन् भनेकाले कोही असल पनि छन् कि खोजेर ल्याउन गुरुले अह्राउनु भयो । युधिष्ठिर तत्कालै गुरुको आज्ञा पाएर रित्तो हात नै हिँडे । बिहानदेखि साँझसम्म खराब मानिस खोज्दै रहे तर एक जना पनि मानिस खराब, बदमास, लुच्चा फेला पार्न सकेनन् । अनि गुरुलाई निवेदन गरे–गुरुवर, मैले त कोही पनि बदमास, लुच्चा , फटाहा भेटिन, माफ गर्नुहोस् । सबै हस्तिनापुर बासीहरू सज्जन, सहयोगी र असल पो फेला पारेँ ।

छलफलका लागि

१. यो कथाको सार के हो ? समूहगत रूपमा छलफल गरौँ ।

२. किन युधिष्ठिरले नराम्रो मानिस फेला पार्न सकेनन् र दुर्योधनले राम्रो मान्छे किन फेला पार्न सकेनन् ? समूहगत रूपमा यसको विवेचना गरौँ ।

३. सकारात्मक सोच भनेको के हो ? नकारात्मक सोच भनेको के हो ? सूची तयार पारौँ ।

४. समाजको विकासमा सकारात्मक सोचको प्रभाव कसरी पर्छ ? उदारहण दिएर प्रस्तुत गरौँ ।

अभ्यास

१. अहिले भर्खरै राज्य पुनर्संरचनाको क्रममा गाउँपालिका र नगर पालिकाको व्यवस्था गरिएको छ । यसको संवैधानिक दायित्वप्रति सकारात्मक सोच बनाउँदा भावी दिनमा नेपालको अनुहार कस्तो होला भनेर हामी कल्पना गर्नसक्छौँ ? भावी दिनमा जनताको लागि सुशासन कसरी कायम गर्न सकिएला र हामी नागरिकले कसरी आफ्नो कर्तव्य पूरा गर्नुपर्ला ? एउटा मार्गचित्र तयार गरौँ । यसमा सिकारुको कल्पना र सूचीलाई सहजकर्ताले व्यवस्थापन गर्नु सहज होला ।

२. सर्वप्रथम नकारात्मक सोचले काम गर्दोरहेछ तर तत्कालै त्यसको उज्यालो पक्षले पनि मार्गदर्शन गर्दो रहेछ । सकारात्मक सोचले चाहिँ आपसमा सहयोग, समन्वय र सहकारिताको उपाय पत्ता लगाउँदो रहेछ भन्ने कुरामा छलफल गरौँ ।

एकाइ चार : **नागरिक कर्तव्य र व्यवहार**

पाठ १ : लोकतन्त्र

के तपाईँ पनि लोकतन्त्रका प्रक्रियामा सरिक हुनुभएको छ ? एकपटक तलका प्रश्नहरूको उत्तर खोजौँ :

- तपाईँ आफैँले जनप्रतिनिधि चुन्न भनेर कति पटक मतदानमा भाग लिनुभएको छ ?
- तपाईँले मतदान गरेको, गराएको देख्नुभएको छ ?
- तपाईँले जनताले किन यसरी मतदान गरेर आफ्नो प्रतिनिधि छानेको होला ?
- तपाईँले लोकतन्त्र भनेर सुन्ने गर्नुभएको छ ? यसको किन आवश्यकता ठान्नुहुन्छ ?
- विकासका काममा तपाईँ सरिक हुनुभएको छ ?

अब तलको संवाद हुनौँ र हेरौँ :

रमिला : सर ! आजकल जताततै लोकतन्त्रका कुरा गरिन्छन्, लोकतन्त्र भनेको के रहेछ कुन्नि ! लौन एकपटक मलाई लोकतन्त्रबारे स्पष्ट पारिदिनुहोस् ।

शिक्षक : हुन्छ । रमिला बरु कहाँबाट सुरु गरौँ ?

रमिला : यसको परिभाषाबाटै गरौँ कि ?

शिक्षक : लोकतन्त्र जनताद्वारा जनहितका लागि गरिने शासन हो । यसलाई विभिन्न ढङ्गबाट बुझ्ने बुझाउने गरिन्छ । कसैले यसलाई जनताको शासन भन्छन् । कसैले बहुमतद्वारा सञ्चालन हुने शासन भन्छन् । कसैले अधिकांश जनताको शासनमा सहभागिता भएको शासन भन्छन् । कसैले यसलाई सबै भाषाभाषी, जातजाति, वर्ग, लिङ्गका जनतालाई कदर गरिएको शासन पनि भन्छन्, बुझ्यौ ?

रमिला : ए ! त्यसो भए लोकतन्त्रमा जनताका सक्रिय सहभागिता हुने रहेछ हैन । अनि कसरी सञ्चालन हुन्छ त सर ?

शिक्षक : हो, जनताले आम निर्वाचन गरेर आफ्ना जनप्रतिनिधि छान्छन् । तिनै प्रतिनिधिहरूबाट सरकार बन्छ । मन्त्री हुन्छन् । नीति निर्माण हुन्छ । योजना र कार्यक्रम बन्छ । यसरी जनप्रतिनिधिद्वारा लोकतन्त्रको अभ्यास हुन्छ । समय समयमा आफ्ना प्रतिनिधिलाई जनताले सचेत गराउँछन् ।

रमिला : ए ! त्यसो भएर लोकतन्त्रलाई जनताबाट छानिएका व्यक्तिहरूबाट जनताको हितका लागि काम गर्ने व्यवस्था भनेर भनिएको होइन ?

शिक्षक : हो, तिमीले एकदम सही कुरा गऱ्यौ ।

रमिला : यसका फाइदाका बारेमा पनि कुरा गर्ने कि ?

शिक्षक : हुन्छ । ल सुन, यसमा जनताको हित गर्ने कार्य हुन्छ । जनताको हितलाई सर्वोपरि राखिन्छ । जनहित र चाहनाअनुसार काम नभए सरकारको खुलेर आलोचना गरिन्छ । सरकार परिवर्तन पनि गरिन्छ । जनताका मौलिक हकको रक्षा हुन्छ । स्वतन्त्रताको उपयोग गर्ने काम हुन्छ । अशक्त, वृद्ध, अपाङ्गता भएका व्यक्तिको विशेष हेरचाह, शिक्षा, स्वास्थ्य सम्बन्धी व्यवस्था आदि हुन्छ ।

रमिला : त्यसैले यसको व्यापकता हुँदै गएको रहेछ हैन सर ?

शिक्षक : हो तिमीले ठिक भन्यौ । त्यसैले लोकतन्त्रमा यसको विकासमा सबै जनता सचेत हुनुपर्छ र सरिक हुनुपर्छ । अनि जिम्मेवार पनि ।

रमिला : हो सर । यो कुरा त म अरू साथी तथा घरपरिवार र छरछिमेकमा पनि बताउँछु ।

शिक्षक : हो तिमीले धेरै राम्रो कुरा गऱ्यौ । लोकतन्त्रको रक्षाका लागि सबै जनता जिम्मेवार बन्नुपर्छ । त्यसैले नेपालको संविधान २०६३ ले यसप्रकारका मौलिक हकको व्यवस्था गरेको छ । नेपालको संविधानले मौलिक हकका साथै अन्य धेरै व्यवस्था गरेको छ । संविधानका मूलभूत विशेषताहरू निम्न लिखित छन् :

- बालिग मताधिकार
- संसदीय शासन प्रणाली
- सङ्घात्मक राज्य संरचना
- गणतन्त्रात्मक सङ्घीय शासन
- सार्वभौम सत्ता जनतामा निहित
- स्वतन्त्र न्यायपालिका

छलफलका लागि प्रश्न :

१. लोकतन्त्रलाई तपाईं कसरी परिभाषित गर्नुहुन्छ ?

२. लोकतन्त्रका के कस्ता गुणहरू हुने रहेछन् ?

३. लोकतन्त्र रक्षाका लागि नागरिकले के कस्तो भूमिका तथा जिम्मेवारी बहन गर्नुपर्ने रहेछ ?

४. संविधानका के कस्ता विशेषताहरू रहेका छन् ?

याद राखौँ

- जनताको मौलिक हकको सुरक्षा गरिएको शासन लोकतान्त्रिक शासन हो ।
- जनताले आफ्नो प्रतिनिधि चुनेर तिनै प्रतिनिधिबाट राज्य सञ्चालन गर्ने पद्धति लोकतन्त्र हो ।
- जनताको जनताका लागि जनताद्वारा गरिने शासन हो ।
- लोकतन्त्रमा जनता मिलेर शासन गर्छन् ।

पाठ २ : लोकतान्त्रिक शासन पद्धतिका मूलभूत कुराहरू

छलफलका लागि प्रश्न

१. माथिको रुखमा उल्लेख भएका हकहरू के के हुन् ?

२. किन त्यस प्रकारका हकको व्यवस्था गर्नु परेको होला ?

३. लोकतन्त्रमा मौलिक हक किन आवश्यक हुन्छ ?

४. उपर्युक्त बाहेक के अरु हकहरू पनि हुन्छन् ?

तलको घटना अध्ययन गर्नुहोस्

घटना १

स्याङ्ताङ भन्ने एउटा ठाउँ छ । त्यस ठाउँमा विभिन्न जातजाति, धर्म, वर्ण, लिङ्गका व्यक्तिहरू बसोबास गर्ने गर्दछन् । यस गाउँमा धार्मिक स्थलहरू, मठमन्दिर आदि पनि प्रशस्त छन् । यो गाउँमा जातीयताका आधारमा व्यक्तिहरूलाई अलग अलग व्यवहार हुन्छ, जस्तै : गरिबलाई अपहेलना गर्ने, दलितलाई छुवाछुत गर्ने, महिलालाई विभेद गर्ने, जनजातिलाई हेयको दृष्टिले हेर्ने अनि बुढा बुढीलाई अपहेलना गर्ने । त्यसैले यो गाउँका व्यक्तिहरूमा समानताको अवस्था देखिँदैन । धनी र गरिबबिच असमानता छ । तल्लो जात र माथिल्लो जातबीच विभेद छ । जनजाति र हुनेखाने जातिबीच द्वन्द्व र विभेद छ । अपाङ्गता भएका व्यक्तिहरू कष्टपूर्ण जीवन बिताइरहेका छन् । त्यसो त विभिन्न सङ्घ संस्था खोल्न पनि यो गाउँमा रोक छ । व्यक्तिहरूले आफ्नो विचार सहजरूपमा राख्न पाउँदैनन् । शान्तिपूर्ण धर्ना, जुलुस पनि हुन दिइँदैन । नागरिकलाई आफूखुसी पेसा, व्यवसाय, व्यापार गर्न पनि रोक छ । सूचना पाउन सकिँदैन । आफ्नो सम्पत्ति भोग चलन, बेचविखन गर्न पनि ज्यादै मुस्किल पर्ने अवस्था छ । बालबालिकाहरू श्रमिकका रूपमा काम गर्छन् । बाल विवाहको प्रचलन अझै पनि छ । मानव बेचबिखनका घटना पनि हुने गर्दछ ।

१. माथिको घटनामा तपाईंले जनताको के कस्ता हकहरूको हनन् भएको पाउनुभयो सूची बनाउनुहोस् ।

२. उक्त गाउँका जनताको दैनिक जीवन कस्तो लाग्यो ?

३. के उक्त गाउँमा लोकतन्त्रको अवस्था छ ?

४. मौलिक हकको सुरक्षा नगरेको अवस्थामा जनजीवन कस्तो हुने रहेछ ?

५. लोकतन्त्र नागरिकका लागि किन आवश्यक रहेछ ?

हो तपाईंहरूले बताएझैँ माथिको गाउँमा नागरिकका सर्वमान्य मौलिक हकको हनन् भएका छन् । त्यसैले एउटा सच्चा नागरिकले आफ्नो मौलिक हकका बारेमा जानकारी लिइराख्नु पर्छ । यी हकहरू प्रयोग गर्न सरिक हुनपर्छ । नेपालको संविधान निम्नानुसारका मौलिक हकको व्यवस्था गरिएको छ ।

याद राखौँ

नेपालको सांविधानमा व्यवस्था भएका विभिन्न मौलिक हकअन्तर्गत विभिन्न कुराहरू पर्दछन् :

१. **समानताको हक**

- धर्म, वर्ण, जातजातिका आधारमा विभेद नहुने
- लिङ्गका आधारमा भेद्भाव गर्न नपाइने
- कानुनका दृष्टिमा सबै समान रहने
- महिला, अशक्त, अपाङ्गता, विशेष आवश्यकता भएका व्यक्तिलाई संरक्षण दिने ।

२. **स्वतन्त्रताको हक**

- सबै नागरिकलाई व्यक्तिगत स्वतन्त्रता हुने
- बाँच्न पाउने हक हुने
- विचार राख्न पाउने हक हुने
- विना हातहतियार शान्तिपूर्ण भेला गर्न पाउने
- देशभर आवत जावत बसोबास गर्न पाउने
- आफूखुसी पेसा, व्यवसाय गर्न पाउने
- आफ्नो सम्पत्तिको भोगचलन, बेचविखन गर्न पाउने

३. **सूचना सम्बन्धी हक**

- राज्यको सूचना प्राप्त हुने
- सूचना माग्ने र प्राप्त गर्ने हक

४. **छापाखाना तथा पत्रपत्रिका सम्बन्धी हक**

- जनविचार पत्रिकामार्फत् व्यक्त गर्न पाउने
- पत्रपत्रिका प्रकाशन गर्न पाउने
- छापाखाना सञ्चालन गर्न पाउने हक ।

५. **सम्पत्तिको हक**

- सम्पत्ति आर्जन गर्न पाउने
- सम्पत्ति भोगचलन गर्न पाउने
- सम्पत्ति बेचविखन गर्न पाउने
- कानुन विपरीत व्यक्तिगत सम्पत्ति जफत गर्न नपाउने

६. **भाषा तथा संस्कृतिको हक/शिक्षा सम्बन्धी हक**

- आफ्नो धर्म मान्न पाउने
- भाषा, लिपि, संस्कृतिको संरक्षण गर्न पाइने
- निर्वाध रूपमा शिक्षा प्राप्त गर्न पाउने

७. **शोषण विरुद्धको हक**

- मानव बेचबिखन गर्न नपाउने
- बाँधा राख्न नपाइने
- कानुनले तोकेभन्दा बढी सजाय दिन नपाइने
- कानुनको अगाडि सबै समान हुने
- समान कानुनी उपचार पाउने ।

८. **छुवाछुत तथा जातीय भेद्भाव विरुद्धका हक**

- छुवाछुत गर्न नपाइने
- छुवाछुत गरेमा कानुनी सजाय हुने

९. **स्वच्छ वातावरण/स्वास्थ्य सम्बन्धी हक :**

- स्वच्छ वातावरणमा जिउन पाउने
- स्वास्थ्य उपचार गर्न पाउने ।

१०. **महिलाको हक**

- पुरुष सरह महिलालाई समान हक रहने
- प्रजनन् स्वास्थ्य सम्बन्धी हक रहने

- महिलाविरुद्ध हुने शोषणविरुद्ध कानुनी हक

११. बालबालिकाको हक

- पढ्न पाउने हक
- खेल्न पाउने हक
- मनोरञ्जन गर्न पाउने हक
- उचित स्वास्थ्य उपचार पाउने हक ।

१२. सामाजिक न्यायको हक

१३. दलितको हक

१४. ज्येष्ठ नागरिकको हक

१५. धार्मिक स्वतन्त्रताको हक ।

हो तपाईंले विभिन्न मौलिक हक सम्बन्धमा जानकारी प्राप्त गर्नुभयो । अब भन्नुहोस् तपाईंको टोल, छिमेकमा केकस्ता मानव अधिकार तथा मौलिक हक हनन् भएका घटना घटेका छन् ?

क्रियाकलाप

तल केही घटनाहरू प्रस्तुत गरिएका छन् । ती घटनाका आधारमा के कस्तो मौलिक हक हनन् भएका छन् यकिन गर्नुहोस् :

१. सानै उमेरमा बालिकाको विवाह भयो र उनी सानो उमेरमा आमा बनिन् । ☐

२. बालबालिकाहरू विद्यालय गएका छैनन् । ☐

३. दलित र गैह्र दलितको नाममा भेद्भाव हुने गर्छ । ☐

४. सम्पत्ति बेच्न दिइएन, घर बनाउन दिइएन । ☐

५. बिनाकसुर सजाय दिइयो । ☐

६. मानव बेचविखन गरी प्रशस्त सम्पत्ति कमाइयो । ☐

७. धर्म, वर्णका आधारमा फरक फरक व्यवहार गरियो । ☐

८. सरकारी कार्यालयको सूचना जनताले पाएनन् । ☐

९. जबरजस्ती धर्म परिवर्तन गर्न लगाइयो । ☐

अब तपाईं भन्नुहोस् मौलिक हकको नागरिक जीवनका लागि के कति महत्त्व रहने रहेछ ?

पाठ ३ : राष्ट्रप्रति नागरिकको दायित्व

तपाईंले सरकारलाई के कस्ता करहरू तिर्ने गर्नु भएको छ ? तल उल्लेख गर्नुहोस् ।



अब तलको चित्र अध्ययन गर्नुहोस् :

- माथिको चित्र नागरिक समाजले गरेको नागरिक आन्दोलनको हो । अब भन्नुहोस् तपाईं हामीले केकस्ता करहरू तिर्ने गरेका रहेछौँ ?
- के तपाईंले माथि लेखेको कर र चित्रमा उल्लेख गरेका करबीच समानता पाउनुभयो ?
- यसरी कर तिर्नु नागरिकको कर्तव्य हो । नागरिकले राज्यप्रति गर्ने दायित्व हो । अब तलको सूचना एक पटक पढ्नुहोस् ।



हो माथिको सूचनाले भने जस्तै व्यवहार हामीले गर्नुपर्छ । यस्तो व्यवहार नगर्ने व्यक्तिलाई यसका लागि प्रोत्साहित गर्नुपर्छ । यसो गर्न सकेमा हामीले हाम्रो राष्ट्रप्रति न्याय गर्छौँ । राष्ट्रिय दायित्व निर्वाह गर्न सक्छौँ ।

घटना अध्ययन

डाँडागाउँ अत्यन्त सुन्दर गाउँ हो । यहाँका जनताले पाटी, पौवा, कुवा, चौतारी, मठमन्दिर आदि निर्माण गरेका थिए । आवश्यक परेको बखत सबै जनताले यस्ता राष्ट्रिय सम्पत्तिको प्रयोग गर्दै आएका थिए । दिन, हप्ता, महिना, वर्ष हुँदै यस्ता सम्पत्तिहरू जीर्ण बन्दै गएका छन् । जनता यस्ता ठाउँको जतन गर्नुको सट्टा नष्ट गर्न थाले । पाटीपौवा मासेर घर बनाए । धारा कुवा मासेर खेल मैदान बनाए । बाटोघाटो मासेर खेती गर्न थाले । हाल डाँडागाउँमा धार्मिक काम गर्न ठाउँ छैन । धर्मशाला पाटीपौवाको अभावमा धर्म संस्कृति लोप भएर धार्मिक ठाउँको अवलोकन गर्न विदेशी पाहुना आउन छाडे । फलत: डाँडागाउँ हाल आएर कुरूप गाउँका रूपमा विकसित हुन पुग्यो ।

- डाँडागाउँलाई सुन्दर हराभरा बनाउन जनताले के गर्नुपर्ने थियो ?
- राष्ट्रिय सम्पत्तिको विनाशबाट डाँडा गाउँमा के कस्तो प्रभाव पऱ्यो ?
- एउटा असल नागरिकले डाँडागाउँको विकासका लागि के कस्ता काम गर्नुपर्ने थियो ?

राष्ट्रिय सम्पत्तिको जतन गर्नु, सही प्रयोग गर्नु, सरसफाइ तथा पुनर्निर्माण गर्नु र प्राकृतिक सौन्दर्यता कायम राख्नका लागि सबै नागरिकको दायित्वभित्र पर्छन् ।

तलको अवस्था अध्ययन गर्नुहोस् :

अवस्था : तल्ला घरे कान्छाले बाटो मिचेर खेतबारी बढायो । घर वरपरका अन्य छिमेकीहरूले बाटो हिँड्न पाएनन् । धारा, कुवा जान सकेनन् । दैनिक जीवन चलाउन कठिनाइ उत्पन्न भयो । सबै जना गाउँले मिलेर कानुन बनाए । नियम तय गरे । सरकारले बनाएका र समाजले बनाएका नियम पालना गर्नेतर्फ सबैलाई थाहा दिन सचेतना कार्यक्रम सञ्चालन गरे ।

माथिको अवस्थाबाट तपाइँले के निष्कर्ष निकाल्नु हुन्छ ? के तपाइँले निम्न निष्कर्ष निकाल्नुभयो ? एक पटक दाँजेर हेर्नुहोस् ।

- नियम, कानुन र सामाजिक रीतिथितिबाट समाज निरन्तर रूपमा चलिरहन्छ ।
- राज्य सञ्चालनका लागि पनि कानुनको जरुरत पर्छ ।
- कानुनको सही पालनाबाट सबैको भलाइ हुन्छ ।
- ऐन कानुनको मर्यादापूर्वक पालना गर्नु सबै नागरिकको दायित्व हो ।
- कानुनको पालनाबाटै व्यक्तिको, परिवारको, समाजको र राष्ट्रको विकास सम्भव हुन्छ ।

याद गरौं

- देशको भलाइका लागि सबै एक जुट हुनु राष्ट्रिय एकता हो ।
- एकता भावले राष्ट्रको विकास हुन्छ ।
- सबै जातजाति, भाषाभाषी राष्ट्र एकताको सूत्रमा आवद्ध हुनुपर्छ ।
- आपसी कलह, द्वन्द्वलाई एकताभावले अन्त्य गर्छ ।
- सहिष्णुता, जातीय समानता, सदभाव, स्वतन्त्रता, ऐक्यबद्धता, श्रद्धाभाव जस्ता पक्षहरू राष्ट्रिय एकताका आधार हुन् ।

छलफलका लागि प्रश्नहरू

१. नागरिकको राष्ट्रप्रति के कस्ता दायित्व रहन्छन् ?

२. कानुनको पालना नागरिकबाट भएन भने के हुन्छ ?

३. नागरिकबाट कानुनका राम्ररी पालना भएमा के के फाइदा हुन्छ ?

४. किन हामीले राष्ट्रिय सम्पत्तिको जगेर्ना गर्न आवश्यक छ ?

५. राष्ट्र हितलाई सर्वोपरि राख्नु नेपालीको कर्तव्य हो । यो भनाइ तपाईंलाई कस्तो लाग्छ ?

६. तपाईंका विचारमा एउटा सच्चा नेपाली नागरिकले नेपाल र नेपालीको हितका लागि के के गर्न सक्छ ?

७. राष्ट्रिय एकताका आधारहरू के के हुन् ?

एकाइ पाँच : सामूहिक जीवन पद्धति र विविधता

पाठ १ : सामाजिक मेलमिलाप

"फूलसँगै काँडा पनि हुन सक्छ
अमृतसँगै विष पनि हुन सक्छ ।"

यो भनाईको अर्थ पत्ता लगाउनुहोस् :

समाजमा बेमेल र अशान्ति केले ल्याउँछ ?

छुवाछुत

एउटा मानिसले अर्को मानिसलाई छुनु हुँदैन भन्ने प्रथा नै छुवाछुत हो । एउटा मानिसले छोएको अर्को मानिसले खानु हुँदैन, एउटा मानिसको घरमा अर्को मानिस पस्नु हुँदैन, सँगै हिँडडुल गर्न हुँदैन भन्ने जस्ता विचार समाज विरोधी हुन् । सभ्य मानव समाजको लागि अत्यन्त ठुलो विकृतिको रूपमा छुवाछुत प्रथा रहेको देखिन्छ । यसले समाजमा अशान्ति र बेमेल ल्याउन ठुलो भूमिका खेलेको छ । यस्तो विकृति मध्य युगमा सुरुवात भएको कुरा अनुसन्धानकर्ताहरू बताउँछन् । लडाइँमा जित्ने समूहले हार्ने समूहलाई आफ्नो दासदासी बनाउने प्रचलनबाट सुरु भएको प्रथा पछि गएर कामको आधारमा जात विभाजन गरेर सानो जात र ठुलो जात बनाइयो । ठुलो जात भनिनेले सानो जात भनिनेलाई छुवाछुतको व्यवहार गर्ने चलन बढ्दै गयो ।

हाल कानुनी रूपमा छुवाछुत प्रथा पूर्णरूपमा बन्देज लगाइए पनि कतिपय स्थानमा यो प्रथा अवशेषको रूपमा अझै बाँकी रहेको देखिन्छ । छुवाछुत प्रथाले गर्दा समाजमा अशान्ति हुने, झैझगडा भइरहने गर्दछ । छुवाछुत गरिनेले आफूलाई अपमान भएको ठान्छ । उसले यस्तो ठान्नु स्वभाविक पनि हो । यसले गर्दा समाजमा असन्तोष रहिरहन्छ । आफ्ना अधिकार प्राप्तिको लागि द्वन्द्व भइरहन्छ । फलस्वरूप समाजमा छुवाछुत प्रथा रहेसम्म बेमेल र अशान्ति रहिरहन्छ ।

अन्धविश्वास

समाजमा बेमेल र अशान्ति ल्याउने अन्धविश्वास पनि हो । राम्रो वा नराम्रो पक्ष नसोची कुनै पनि चलनमा विश्वास गर्ने बानी नै अन्धविश्वास हो । हाम्रो समाजमा यस्ता अन्धविश्वासहरू धेरै छन् । जस्तै एउटा मानिसलाई अर्को मानिसले बोक्सीको आरोप लगाई कुटपिट गर्ने, बिरालोले बाटो काट्यो भने राम्रो हुँदैन भन्ने, बाटोमा हिँड्दा रित्तो गाग्रो देख्यो भने

साइत बिग्रिन्छ भन्ने, छोरीलाई पढाउनु हुँदैन भन्ने आदि । यस्ता अन्धविश्वासले गर्दा पनि समाजमा सधैँ तनाव रहिरहन्छ । यसले गर्दा समाजमा बेमेल र अशान्ति निम्त्याउँछ ।

महिलाप्रतिको विभेद

हाम्रो समाजमा महिलाप्रति भेदभाव गर्ने चलन छ । महिला घरभित्रको काम मात्र गर्नुपर्दछ, भात पकाउने काम, लुगा धुने काम, भाँडा माझ्ने काम महिलाको मात्र हो भनेर भेद्भाव गर्ने चलन छ । महिलाले पढ्लेख गर्नु हुन्न, जागिर खान र राम्रो कमाउने पेसामा लाग्न हुन्न, महिलाले पढ्यो भने बिग्रन्छ भन्ने चलन कतिपय समाजमा अझै कायम छ । आधा जनसङ्ख्या रहेका महिलामाथि यसरी विभेद हुँदा घरपरिवारदेखि समाजमा अशान्ति रहिर हन्छ ।

जातीय विभेद

समाजमा अशान्ति हुने अर्को कारण जातीय भेदभाव पनि हो । कतिपय समाजमा सानो जात ठुलो जात भनेर विभेद गर्ने चलन छ । मध्यकालमा कामको आधारमा जात छुट्याएपछि जातीय भेदभावको चलन सुरु भएको भन्ने गरिन्छ । हाम्रो देशमा एक सयभन्दा बढी जात भएकोमा यसरी जातीय भेद्भाव गर्नाले समाजमा बेमेल र अशान्ति सिर्जना हुन पुगेको छ । यस्तो जातीय विभेद सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा बढी छ ।

वर्गीय विभेद

धनी गरिबबीच हुने भेदभाव नै वर्गीय विभेद हो । धनीले गरिबलाई हेँला गर्ने, हेप्ने गरेर यस्तो भेदभाव गरिन्छ । धनीले बढी भौतिक सुविधा उपभोग गरेर ऐसआरामको जीवन बिताउने, गरिबले दुई छाक पनि खान नपाउने अवस्था सिर्जना भएको देखिन्छ । यसरी एउटा वर्गले चयन गर्ने र अर्को वर्गले सधैँ दुःख मात्र गर्ने अवस्थाले द्वन्द्व सिर्जना गर्दछ र समाजमा अशान्ति र बेमेल हुन्छ । हाम्रो देशमा गाउँमा भन्दा सहरमा यस्तो भेदभाव बढी भएको देखिन्छ ।

घृणा र इर्ष्या

समाजमा अशान्ति र बेमेल हुनुको प्रमुख कारण घृणा र इर्ष्या पनि हो । अरूलाई होच्याउने, हेप्ने कार्य घृणा हो । अरूले गरेको काममा रिस गर्ने, अरूको सुख देखि नसहने, आफूले गरेको सबै ठिक, अरूको काम सबै बेठिक भन्ने काम इर्ष्या हो । अरूको रिस र डाहा गर्नु पनि इर्ष्या हो । परिवार तथा समुदायमा यसरी एकले अर्कोलाई घृणा र इर्ष्या गर्नाले बेमेल र अशान्ति सिर्जना हुन्छ ।

(यी बाहेक अन्य पनि सामाजिक अशान्ति र बेमेल हुन सक्लान्, तपाईं पनि सोच्नुहोस् है !)

समाजमा मेलमिलाप कायम राख्न के के गर्नुपर्छ त ?

- मानव समाजकै कलङ्कका रूपमा रहेको छुवाछुत प्रथा पूर्ण रूपमा बन्द गर्नुपर्छ ।
- हाम्रो समाजमा रहेका अन्धविश्वास हटाउनुपर्छ । कुनै प्रमाण र आधारविना विश्वास गर्ने प्रचलन त्याग्नुपर्छ ।
- महिला र पुरुषमा समान व्यवहार गर्नुपर्छ ।
- छोराछोरी दुवैलाई बराबर व्यवहार गर्नुपर्छ ।
- महिलाहरूलाई पनि पुरुष सरह जिम्मेवारी दिनुपर्छ । उनीहरूलाई निरिह र अबलाको रूपमा हेरिनु हुँदैन ।
- जातिका आधारमा भेदभाव गर्नु हुँदैन ।
- धर्मका आधारमा भेदभाव गर्नुहुँदैन ।
- भाषाका आधारमा भेदभाव गर्नुहुँदैन ।
- धनी र गरिबबिच भेदभाव गर्नुहुँदैन ।
- सबै प्रकारका कामको सम्मान गर्नुपर्छ ।
- व्यक्तिगत तथा सामूहिक घृणा र इर्ष्यालाई त्याग्नुपर्छ ।
- लोभ र मोह त्याग्नुपर्छ ।
- सबैसँग समान व्यवहार गर्नुपर्छ ।
- अरूको दुःखमा समानुभूति देखाउनुपर्छ ।
- सकारात्मक सोचको विकास गर्नुपर्छ आदि ।

क्रियाकलाप

१. **तलका प्रश्नहरूको उत्तर खोजी गर्नुहोस् :**

(क) समाजमा अशान्ति र बेमेलको कारण के के रहेछन् त ?

(ख) छुवाछुत प्रथा भनेको के हो ?

(ग) अन्धविश्वासको ५ ओटा उदाहरण दिनुहोस् ।

(घ) वर्गीय विभेद भनेको कस्तो विभेद हो ?

(ङ) तपाईंको घरपरिवार तथा समुदायमा कस्ता विभेदहरू रहेका छन् ?

(च) तपाईंको समाजमा रहेका भेदभाव हटाउने उपाय के के हुन सक्छन् ?

(छ) समाजमा मेलमिलाप कायम गर्न के के गर्नु आवश्यक छ ?

२. **जोडा मिलाउनुहोस्**

समूह 'क'	समूह 'ख'
अन्धविश्वास	महिला र पुरुषबीच हुने भेदभाव
छुवाछुत	धर्मको आधारमा हुने भेदभाव
लैङ्गिक विभेद	ठाउँको आधारमा हुने भेदभाव
वर्गीय विभेद	कुनै प्रमाण र आधारविना विश्वास गर्ने काम
भाषिक विभेद	जातको आधारमा हुने भेदभाव
क्षेत्रीय विभेद	धनी र गरिबबिचको भेदभाव
	भाषाका आधारमा हुने भेदभाव
	कामका आधारमा हुने भेदभाव

३. तलको चित्र हेरी दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।

(क) चित्रमा कुन कुन धर्म मान्ने मानिसहरू होलान् ?

(ख) ती मानिसहरू के गरिरहेका छन् ?

(ग) यस चित्रको उपयुक्त शीर्षक के हुन सक्ला ?

(घ) चित्रले कुन देशको अवस्था प्रतिनिधित्व गर्छ ?

४. 'सामाजिक मेलमिलाप' शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।

पाठ २ : हाम्रा सम्पदा र कला कौशलहरू

नेपाल प्राकृतिक र सांस्कृतिक सम्पदाको धनी मुलुक हो । प्राकृतिक रूपमा हेर्ने हो भने विश्वको प्राय: सबै ठाउँमा पाइने हावापानी पाइन्छ । हावापानीअनुसारको प्राकृतिक वनस्पति र जीवजन्तु पनि पाइन्छन् । सांस्कृतिक रूपमा हेर्ने हो भने पनि विविधता छ । प्रत्येक जाति तथा भाषाअनुसारको कला संस्कृति रहेका छन् । प्राकृतिक तथा सांस्कृतिक सम्पदा र कलाकौशलका केही उदाहरण तल प्रस्तुत गरिएका छन् ।

हाम्रो देशमा रहेको दस ओटा क्षेत्रलाई विश्व सम्पदा सूचीमा पनि समावेश गरिएका छन् । ती यस प्रकार छन् :

सम्पदाको नाम	रहेको स्थान	विशेषता
१. लुम्बिनी	रूपन्देही	गौतमबुद्धको जन्मस्थल, मायादेवीको मन्दिर, विश्वका विभिन्न देशले विभिन्न शैलीमा निर्माण गरिएका स्तुप र बौद्ध विहार रहेको
२. हनुमानढोका दरबार क्षेत्र	काठमाडौँ	पुराना कलात्मक दरबार, मन्दिरहरू, सङ्ग्रहालय आदि रहेको
३. स्वयम्भूनाथ	काठमाडौँ	स्वयम्भू स्तुप, अन्य विभिन्न बौद्धविहार र स्तुपहरू, नेपालकै सबैभन्दा ठुलो बुद्धको मूर्ति रहेको
४. पाटन दरबार क्षेत्र	ललितपुर	पुरानो दरबार, कृष्णको मन्दिरलगायत अन्य विभिन्न मन्दिरहरू र कलात्मक सङ्ग्रहालय रहेको
५. पशुपति नाथ	काठमाडौँ	हिन्दुहरूको आरध्यदेव पशुपतिनाथको मन्दिर, गुहेश्वरी किराँतेश्वरलगायत धेरै मन्दिर रहेको
६. भक्तपुर दरबार क्षेत्र	भक्तपुर	पचपन्न झ्याले दरबारलगायत अन्य विभिन्न मन्दिर, सालिक र सङ्ग्रहालय रहेको ।
७. चाँगुनारायण	भक्तपुर	मानदेवको पालामा बनेको चाँगुनारायण मन्दिरलगायत अन्य मन्दिर र ऐतिहासिक शिलालेखहरू रहेको

८. बौद्धनाथ स्तुप	काठमाडौँ	बौद्धको स्तुपलगायत अन्य बौद्धविहारहरू रहेको ।
९. चितवन राष्ट्रिय निकुञ्ज	चितवन	विश्वमा दुर्लभ एकसिङ्गे गैँडा, हात्ती, विभिन्न प्रजातिका मृग, गोही रहेका र मनोरम पर्यटकस्थल
१०. सगरमाथा राष्ट्रिय निकुञ्ज	सोलुखुम्बु	विश्वको सबैभन्दा अग्लो हिमाल सगरमाथा, विभिन्न प्रकारका गुराँसलगायत अन्य वनस्पति, थार, घोरल, कस्तुरी आदि जीवजन्तु रहेको

माथि उल्लिखित बाहेक पनि अन्य थुप्रै प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू हाम्रो देशमा रहेका छन् । जनकपुरको जानकी मन्दिर, काठमाडौँको बुढानिलकण्ठ, ताप्लेजुङको पाथीभरा, गोरखाको दरबार, नुवाकोटको दरबार, पाल्पाको रानी महल, मुस्ताङको मुक्तिनाथ, खोटाङको हलेसी, प्युठानको स्वर्गद्वारी, रसुवाको गोसाइँकुण्ड आदि सांस्कृतिक तथा ऐतिहासिक सम्पदाका उदाहरण हुन् । मकालु राष्ट्रिय निकुञ्ज, कोशीटापु वन्यजन्तु आरक्ष, धनकुटाको राजारानी, रसुवाको लाम्टाङ राष्ट्रिय निकुञ्ज, पोखराको फेवाताल र वेगनास ताल, बर्दियाको बर्दिया राष्ट्रिय निकुञ्ज, मुगुको रारताल, डोल्पाको सेफोक्सुण्डो ताल, शुक्लाफाँट वन्यजन्तु आरक्ष, खप्तड राष्ट्रिय निकुञ्ज आदि प्रमुख प्राकृतिक सम्पदा र पर्यटकस्थल हुन् ।

प्यागोडा शैली

शिखर शैली

स्तुपा शैली

हाम्रो देशमा विभिन्न प्रकारका कलाकौशलको पनि धनी मुलुक हो । यहाँ विभिन्न प्रकारको वास्तुकला, मूर्तिकला र चित्रकलाका नमुनाहरू छन् । यसका केही उदाहरण यसप्रकार छन् :

वास्तुकला : पुरानो मन्दिर तथा दरबारहरू विभिन्न शैलीमा निर्माण भएका छन् । पशुपतिनाथको मन्दिर, चाँगुनारायण मन्दिर प्यागोडा शैलीका उदाहरण हुन् । यस्तै स्वयम्भू

र बौद्धनाथ स्तुप शैलीका उदाहरण हुन् । पाटनको कृष्ण मन्दिर शिखर शैलीमा निर्माण भएको छ । जानकी मन्दिर गुम्बज शैलीको नमुना हो ।

मूर्तिकला : विभिन्न मन्दिरहरूमा पाइने देवीदेवताका मूर्ति र विभिन्न ऐतिहासिक व्यक्तित्वहरूको शालिक मूर्तिकलाका नमुना हुन् । बुढानिलकण्ठको मूर्ति, काठमाडौँको टुँडिखेल वरपर रहेका राजाहरूको शालिक, विभिन्न बाटाका चोकहरूमा रहेका राजा र राजनीतिक नेताहरूको शालिक मूर्तिकलाका उदाहरण हुन् ।

मूर्तिकला

चित्रकला : चित्रकला पनि विभिन्न शैलीका हुन्छन् । विभिन्न ग्रन्थ (पुस्तक) हरूमा रहेका चित्र ग्रन्थ चित्र हुन् । विभिन्न कपडामा बनाइएको चित्रलाई पौभा चित्र तथा थाङ्का चित्र भनिन्छ । यस प्रकारका चित्रले पर्यटकहरूलाई समेत आकर्षण गरेको देखिन्छ । पुरानो दरबार, मन्दिर गुम्बा आदिको भित्तामा बनाइएको चित्रलाई भित्तेचित्र भनिन्छ । मिथिला चित्र भित्ते चित्रको राम्रो नमुना हो ।

थाङ्का चित्र

हाम्रो देशमा विभिन्न जातीय समुदाय, धार्मिक समुदाय, भाषिक समुदाय रहेकाले हरेक समुदायभित्र केही न केही कला मौलिक कला संस्कृति रहेका छन् । समुदायमा प्रचलित लोकगीत, लोकबाजा, लोकधुनहरू रहेका छन् । बिनायो, मुर्चुङ्गा, ढोलक, मादल, ढोल, झ्याम्टा, सारङ्गी, डम्फु, एकतारे, यलम्बर, पञ्चेबाजा आदि लोकबाजाका उदाहरण हुन् । त्यसैगरी पालम, कौरा, सेलो, बालन, भजन, होरी, झ्याउरे आदि लोकगीतका उदाहरण हुन् । सोरठी, धान नाच, हनुमान नृत्य, चण्डीनाच लाखेनाच, ढोलनाच, मारुनी नाच, कौरा नाच, देउडा नाच आदि लोकनृत्यका उदाहरण हुन् ।

हाम्रो देशमा रहेका माथि उल्लिखित प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाहरू संरक्षणको अभावमा कतिपय सम्पदा नास हुने अवस्थामा पुगिसकेका छन् । कलाकौशलहरू पनि संरक्षणको अभावमा भत्किएर जाने, चोरी हुने गरेका छन् । आधुनिकताका नाममा हाम्रा लोकगीत र लोक नृत्यहरू लोप हुन थालेका छन् । हामी सबै मिलेर यी सम्पदा, कलाकृतिहरू संरक्षण र सम्बर्धन गर्नु पर्दछ । आआफ्नो ठाउँको सम्पदा जोगाउन पहल गर्नुपर्छ ।

स्वक्रियाकलाप

१. **तपाईँको आफ्नो समुदाय (गाउँ ठाउँ) मा रहेको सम्पदा तथा कला कौशलहरू तिनीहरूको वर्तमान अवस्थासमेत तलको जस्तै तालिका बनाएर लेख्नुहोस् :**

सम्पदा तथा कलाको प्रकार	प्राकृतिक सम्पदा	सांस्कृतिक सम्पदा	ऐतिहासिक सम्पदा	मूर्तिकला	चित्रकला	वास्तुकला	लोकगीत	लोकनृत्य
नाम								
हालको अवस्था								
संरक्षण गर्ने तरिका								

२. तपाईँ रहनुभएको स्थानमा रहेको कुनै सम्पदा तथा महत्त्वपूर्ण सार्वजनिक स्थलको सरसफाइ गर्न योजना बनाउनुहोस् । उक्त योजनाअनुरूप समूहमा मिलेर सरसफाइ कार्यमा सहभागी हुनुहोस् । त्यसको अनुभव कापीमा लेख्नुहोस् ।

द्रष्टव्य : तपाईँले व्यक्तिगत तथा सामूहिक रूपमा गर्नुभएको कार्यको विवरण सम्पर्क सत्रमा सबैलाई सुनाउनुहोस् ।

एकाइ छ : अनुशासन तथा सकारात्मक चिन्तन

पाठ १ : आत्मानुशासन

१. **तलको घटना अध्ययन गर्नुहोस्**

रमा र रजनी दुई दिदीबहिनी थिए । उनीहरू नयाँ वर्ष मनाउन भनेर माइतीमा आएका थिए । दुवै आआफ्नो घर परिवारका बारेमा सोधपुछ गर्दै थिए । यस क्रममा उनीहरूले आआफ्ना सन्तानका बारेमा पनि जिज्ञासा राखे । रमाले आफ्नो छोरा अनुशासित नभएको मा चिन्ता व्यक्त गर्दै थिइन् । तर बहिनी रजनी भने आफ्नो सन्तान अनुशासित भएकोमा सन्तोष व्यक्त गर्छिन् । बहिनीका छोरी अनुशासित भएको सुन्दा रमालाई कताकता भित्रभित्र ईर्ष्या पनि लाग्दथ्यो । रमाले आफ्नो छोराले सही बाटो नलिएकामा आफ्नो पारिवारिक जीवन नै सङ्कटमा परेको बताउँछिन् । उनको छोरा प्राथमिक तहका कक्षाहरूमा पहिले दोस्रो पनि हुने गरेको र निकै आज्ञाकारी, सज्जन पनि थियो । कक्षा ५ पास गरेपछि कक्षा ६ देखिको शिक्षा लिन २ घन्टाको बाटो जानुपर्‍यो । टाढा रहेको स्कुलमा जाँदा कुसङ्गतमा परेकाले ऊ क्रमशः बिग्रँदै गएको थियो । ऊ बेलुकी ढिला आइपुग्थ्यो । खाना खाएपछि सुतिहाल्थ्यो । बिहान पनि ढिला उठ्थ्यो र खाना खाएर स्कुलतिर लाग्थ्यो । बुबाआमासँग बिहान बेलुका मात्र भेट हुन्थ्यो । किसान भएकाले बाबुआमा आफ्नै काममा व्यस्त हुनुहुन्थ्यो । सामान्य साक्षर मात्र भएकाले छोराको पढाइको अवस्थाबारे थाहा पाउन पनि कठिन थियो ।

यस्तै दिनचर्या चल्दै जाँदा कक्षा ६ पास गर्दा उसलाई दुई विषय लागे । कक्षा ७ को अन्तिम परीक्षामा त फेल नै भएछ । यसरी अनुत्तीर्ण भएको थाहा पाएपछि के कारणले फेल भयो भनी सोध्नका लागि विद्यालय पुग्दा उसको व्यवहार निम्नानुसारको भएको कुरा रमाले शिक्षकबाट थाहा पाइन् :

- विद्यालयमा समयमा नपुग्ने र पुरा पिरियड नपढी बिचैमा कक्षा छाड्ने
- गृहकार्य कहिल्यै पनि नगर्ने
- स्कुलमा कापी, कलम र किताब पनि अपुरो ल्याउने
- कक्षामा सोधेका प्रश्नको उत्तर दिनुको सट्टा शिक्षकसँग उल्टो झगडा गर्ने
- खराब बानीव्यहोरा भएको साथीको सङ्गत गर्ने

- जाँचमा चोर्न खोज्ने र चोर्न नदिँदा शिक्षकसँग झगडा गर्ने
- परीक्षामा अनुत्तीर्ण भएको विषयको शिक्षकलाई धम्क्याउने
- साथीहरूसँग मेलमिलाप नगरी झगडा गर्ने
- छात्रा साथीहरूलाई अभद्र व्यवहार गर्ने
- पसलमा उधारो खाएर नतिर्ने आदि ।

आफ्नो छोराले यस्तो व्यवहार गर्ने गरेको थाहा पाएर रमालाई ठुलो चिन्ता परेछ । त्यस्तो व्यवहार गर्ने गरेको कुरा विद्यालयबाट थाहा भएको जानकारी गराएर सम्झाउन खोज्दा उल्टै आमाबाबुसँग झगडा गर्ने र घरमै नआउने जस्ता व्यवहार गर्न थालेछ । तर आफ्नी बहिनी रजनीको छोरी त्यसको ठिक विपरीत सज्जन, कर्तव्यनिष्ठ, लगनशील र चरित्रवान् भएको कुरा थाहा पाउँदा उनलाई पनि आफ्नो सन्तान त्यस्तै भइदिए हुन्थ्यो भन्ने परिकल्पना गर्थिन् । छोराको व्यवहार सुनेदेखि उनलाई रातभरि निद्रा पनि लाग्दैनथ्यो । छोराकै कारण श्रीमान्सँग पनि भनाभन हुन थाल्यो । छोराको व्यवहारका कारण छिमेकीहरूले पनि हेप्न थालेका छन् । यस्तो हुँदा रमा ज्यादै चिन्तित भएकी छिन् ।

माथिको घटना अध्ययनपछि तलका जिज्ञासाको उत्तर खोज्ने प्रयत्न गर्नुहोस् :

(क) रमाका छोराको व्यवहार कस्तो लाग्यो ?

(ख) रजनीका छोरीको व्यवहार कस्तो लाग्यो ?

(ग) रमाका छोराको मुख्य समस्या के हो ?

(घ) रमाका छोराको व्यवहार सुधार्न सकिएला ? किन ?

(ङ) रमाका छोरालाई अनुशासित बनाउने केके उपाय होलान् ?

रमाले छोराका सारा कुरा बहिनी रजनीलाई सुनाएपछि रजनी पनि ज्यादै दुःखी भइन् । उनले मनमनै दिदीको छोरा सुधार्न के गर्नुपर्ला भनी सोचिन् । त्यसपछि रजनीले दिदीको छोराको व्यवहार सुधार्ने बारेमा आफ्ना विचार दिदी समक्ष राखिन् ।

दिदी मानिसको सबैभन्दा ठुलो गहना आत्मानुशासन हो । आफैँले आफैँलाई अनुशासनमा राख्नु आत्मानुशासन हो । हाम्रो छोराको मुख्य समस्या भनेकै आत्मानुशासन नहुनु हो । आफैँले समाजमा प्रचलित व्यवहार, नीतिनियमको पालना वा अनुसरण नगर्नु आत्मानुशासन

नहुनु हो । वास्तवमा गलत कार्य गर्न रोक्ने, नियन्त्रण गर्ने उपाय अनुशासनले निर्देशित गर्दछ । आत्मानुशासन भएको व्यक्तिले आफु अनुशासित हुँदै अरूको अनुशासनको पनि पालना र रक्षा गर्दछ । तसर्थ अब हाम्रो छोरालाई आत्मानुशासनको बाटोमा हिँडाउन प्रयत्न गर्नुपर्दछ । उसलाई त्यसभन्दा बिग्रन नदिने र सही मार्गमा ल्याउन हामी सबैले मिलेर सहयोग गर्नुपर्छ । त्यसैले म सर्वप्रथम आत्मानुशासनका विभिन्न पक्षका बारेमा चर्चा गर्न चाहान्छु ।

वास्तवमा आत्मानुशासन आफैँले कायम गर्ने अनुशासन हो । किताबी ज्ञान मात्र ठुलो होइन । किताबी ज्ञान हासिल गरेर शैक्षिक उपाधि मात्र लिनु ठुलो कुरा होइन । प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न सकिए मात्र त्यो मानिस व्यावहारिक र कुशल मानिन्छ । त्यसैले छोराले पढेन भन्नुभन्दा पनि अनुशासित व्यवहार भएन भन्ने कुरा महत्त्वपूर्ण रह्यो । छोरालाई आत्मानुशासित बनाउन हामी सबै मिलेर आत्मानुशासनका विभिन्न पक्ष उसमा लागु गराउन सहयोग गर्नुपर्छ । तसर्थ म आत्मानुशासनका विभिन्न पक्षहरू के के हुन् भन्ने बारेमा तपाईँसँग विचार व्यक्त गर्न चाहन्छु । यस्ता व्यवहार प्रदर्शन गर्न सकेमात्र वास्तविक मानवीय चरित्र भएको मान्न सकिन्छ :

आत्मानुशासनका विभिन्न पक्षहरू

- सबैसँग शिष्ट र नम्र व्यवहार गर्ने
- मिठो बोल्ने, सत्य बोल्ने
- कसैको रिस, राग, ईर्ष्या, डाहा नगर्ने
- असल कुराको अनुकरण गर्ने
- खराब बानी क्रमशः सुधार गर्दै जाने
- सबैसँग मिलीजुली बस्ने
- गलत कुराको विरोध गर्ने
- अन्धविश्वास र रुढिवादमा विश्वास नगर्ने
- इमानदार र कर्तव्यपरायण बन्ने
- अहङ्कार नगर्ने र सदाचार रहने

- सबैको भलो चिताउने
- संयम र धैर्यशील रहने
- व्यक्तिगत स्वार्थ त्याग गर्ने
- विनयशीलता, संयम, सहिष्णुता आदि ।

यस्ता व्यवहार प्रदर्शनका लागि हाम्रो छोरालाई गाली गर्ने, हप्काउने, पिट्ने, हपार्ने व्यवहार नगरी बालमैत्री व्यवहार गर्नुपर्छ । अनुशासित हुन नसक्नुका कारण खोजी क्रमशः सुधार गर्दै जानुपर्छ । यसका लागि केही समय लाग्न सक्छ । हामी घर परिवारका सदस्य, इष्टमित्र, विद्यालयका गुरुवर्ग, साथी सङ्गति सबै मिलेर उसलाई आत्मानुशासित बनाउनुपर्छ र भोलिको राष्ट्रको सच्चा कर्णधार बनाउनुपर्छ । यसका लागि हामी सबै बसेर सल्लाह गरी क्रमशः उसको व्यवहार परिवर्तन गराउने उपाय सोच्नुपर्छ ।

दिदी ! छोराको बानी केही बिग्रेको मात्र हो । उसका भित्री आँखा खोली दिन सके ऊ फेरि पहिलेकै स्थानमा आइपुग्छ । हामीले उसलाई क्षमा गर्दै प्रेम र सद्भाव देखाउनुपर्छ । मानव जीवनमा सानाठुला गल्ती हुनु स्वभाविकै हो तर उसले गल्ती गऱ्यो भन्दैमा कठोर दण्ड दिने विचार गर्नु हुँदैन । क्षमा गर्नु त राम्रो नराम्रो व्यवहार सुधार्ने अवसर दिनु हो । राम्रो व्यवहार अपनाउने अवसर दिनु हो । त्यसैले हामी क्षमाशील हुनुपर्छ । यसले सबैको हित गर्दछ ।

हामीले उसलाई विश्वास पनि गर्न सक्नुपर्छ । संसार विश्वासले नै अडेको छ । एकअर्काको अस्तित्वको आधार पनि विश्वास नै हो । विश्वास गर्नुपर्ने कुरामा पनि अविश्वास गरियो भने कसैको हित हुँदैन । हामी जुन कुरामा जस्तो विश्वास र आस्था प्रकट गर्दछौँ, त्यस्तै परिणाम प्राप्त हुन्छ । वास्तवमा आफूले अरूलाई मात्र होइन, आफैँले आफैँलाई पनि विश्वास गर्नुपर्छ । पढेर जान्ने सुन्ने होइन्छ, सभ्य नागरिक बनिन्छ र भोलिको जीवन सुखी हुन्छ भन्ने विश्वास राखेर छोराछोरीलाई स्कुल पठाएका छौँ । त्यस्तै आमाबाबु, गुरु, भगवान् आदिमा पनि विश्वास गर्नु आफ्नै हित हुने कुरा हो । अविश्वास र अनावश्यक आशङ्का गर्ने मानिसको उन्नति सम्भव हुँदैन ।

चरित्र निर्दोष र पवित्र पार्न आत्मा शुद्ध बनाउनुपर्छ । आत्मा शुद्ध हुन आहार विहार शुद्ध हुनुपर्छ । त्यसैले हामीले हाम्रो छोरालाई आत्मानुशासित, निर्दोष, चरित्रवान् बनाउन हामी सबैको प्रयास आवश्यक छ । बहिनी रजनीका यस्ता गुनिला कुरा सुन्दा दिदी

रमालाई केही हल्का जस्तो भयो । त्यसपछि घरपरिवारसहित बसेर उसलाई आत्मानुशासित बनाउन सबै मिलेर कार्य गर्ने सल्लाह गरेर उनीहरू एकापसमा बिदावारी भए ।

माथिको घटनाका आधारमा तलका प्रश्नको उत्तर खोजी गर्नुहोस् :

(क) आत्मानुशासन भनेको के हो ?

(ख) आत्मानुशासन किन आवश्यक पर्छ ?

(ग) आत्मानुशासनभित्र पर्ने मुख्य कुराहरू के के हुन् ?

(घ) आत्मानुशासनलाई वर्तमान समाजमा कत्तिको प्रयोग भएको पाउनु भएको छ ? किन ?

(ङ) निर्दोष चरित्र विकास गर्न के के आवश्यक हुन्छ ?

(च) **तलका विषयमा सङ्क्षिप्त टिप्पणी तयार गर्नुहोस् :**

१. निष्ठावान् मानिस र निष्ठाविहिन व्यक्तिमा हुने फरक

२. स्वार्थ त्याग

३. विद्या र विनयबिच सम्बन्ध

४. अहङ्कार र ईर्ष्याको फल

५. सत्य र विनयको पालना

६. इर्ष्या र अहङ्कारको परिणाम

७. क्षमा जीवनको अमूल्य गहना

८. विश्वास एक अर्काको अस्तित्वको आधार

पाठ २ : काम अनुसारको परिणाम

१. **गोरखा पत्रमा प्रकाशित तलका घटनाहरू अध्ययन गरौँ :**

(क) घटना एक

गोरखापत्र, २०६६ फागुन १४ गते शुक्रबार, पृष्ठ - ७

फुलवा मण्डलको घर धनुषा जिल्लाको देउरीपरवाहा गा.वि.स.मा पर्छ । विहान उठ्ने बित्तिकै उहाँ निक्कै हतारसाथ झन्डै एक घण्टाको साइकल यात्रा गरेर १० नबज्दै सदरमुकाम जनकपुरमा रहेको नारी विकास केन्द्रमा कुची र रङ लिएर मिथिला चित्र कोर्नुहुन्छ । बेलुकी ५ बजेतिर आफ्ना दैनिकी पूरा गरी घर फर्कनुहुन्छ ।

बिस वर्ष अघिदेखि मिथिला चित्रकलामा लाग्नुभएकी फुलवाले यसै कामको कमाइबाट आफ्ना दुई छोराछोरीको बिहे गरिसक्नु भएको छ । यसबाहेक आफ्नै गाउँमा एक कट्ठा घडेरी पनि जोड्नु भएको छ । फुलवा जस्ता धेरै महिलाको दिनचर्या मात्र होइन जीवनको सहारा बनेको छ, मिथिला चित्रकला ।

त्यसैगरी जनकपुर - १२ कुवाकी राजकुमारी खत्वेले २०५१ सालदेखि मिथिला चित्रकलाको काम गर्दै आएनु भएको छ । उहाँले अति विपन्न वर्गको केटासँग बिहे गर्नुभयो । बिहेपछि श्रीमान् बेला बेलामा बिरामी पर्न थाल्नुभयो तर उपचारका लागि पैसा थिएन । धेरै जनासँग कर्जा सापटी माग्दा पनि कसैले दिएनन् । त्यही बेला गाउँका महिलाले नारी विकास केन्द्रमा मिथिला चित्रकलाको काम गरेर केही कमाउने र घर परिवार चलाउने गरेको उहाँले थाहा पाउनुभयो । एक दिन उनीहरूकै पछि लागेर केन्द्रमा पुग्नुभयो । त्यसपछि उहाँले त्यही काम गर्न थाल्नुभयो । राजकुमारी खत्वे अहिले मिथिला चित्रकलाको पारखी बन्नु भएको छ । यसबाट कलाकारिता प्रदर्शन गर्नुभएको छ । उहाँ भन्नुहुन्छ - "मैले तिन जनाको परिवार यसै कमाइबाट सजिलै पालिरहेकी छु ।"

(ख) **घटना दुई**

गोरखापत्र, २०६६ फागुन ४ गत मङ्गलबार, पृष्ठ १४

म्याग्दी ज्यामरुककोट गा.वि.स. वडा न. ८ खबरा गाउँका किसानले व्यावसायिक तरकारी खेती र पशुपालन गर्न थालेपछि उनीहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन आउन थालेको छ । गाउँका महिला समूहमा सङ्गठित भई व्यावसायिक तरकारी खेती गर्दा यस्तो परिवर्तन आएको हो । चार पाँच वर्ष पहिलेसम्म हिउँदे बाली मात्र लगाउने गरेका त्यहाँका बासिन्दाको खेतबारीमा अहिले मौसमी र बेमौसमी तरकारी खेती उत्पादन हुन थालेको छ । तरकारी खेतीबाट भएको आम्दानीले घर खर्च चलाउन र बालबच्चाको पढाइमा लगानी गर्न सजिलो भएको छ । तरकारी खेतीबाट प्राप्त आयआर्जनले स्वास्थ्य उपचार गर्न आवश्यक रकम पनि सङ्कलन भएको त्यहाँका स्थानीयबासी बताउँछन् । त्यहाँ पुरुषको तुलनामा महिलाले धेरै आयआर्जन गरेका छन् । त्यसले गर्दा पुरुषहरू पनि तरकारी खेती र पशुपालनतर्फ अग्रसर भएका छन् । पशुपालन गरेका कृषकहरूले दैनिक १० लिटरसम्म दुध बिक्री गरेका छन् भने व्यावसायिक कुखुरापालनबाट पनि पर्याप्त आम्दानी गर्ने गरेका छन् । यस्तो व्यावसायिक खेती र पशुपालनले उनीहरूको जीवनस्तर माथि पुगेको कुरा स्थानीय बासी बताउँछन् ।

(ग) **घटना तिन**

काठमाडौँ, २०६६, फागुन

काठमाडौँ जिल्ला अदालतले विभिन्न कसुरमा केही अपराधीहरूलाई कैद सजाय र जरिवाना गर्ने फैसला सुनाएको छ । काठमाडौँ नयाँ सडकमा सुन पसलमा डाँका गरी सुन लुट्ने अपराधी सञ्जिव, दीपक र वीरबहादुरलाई ५ वर्ष जेल र बिगो बराबरको जरिवाना गर्ने फैसला सुनाएको हो । त्यस्तै एक अर्को मुद्दामा गगोबु स्थित एक होटलमा ज्यान मार्ने उद्योग गरेको कसुरमा एक जना अपराधीलाई १० वर्ष कैद सुनाएको छ ।

त्यस्तै अर्को एक मुद्दामा कोटेश्वरका एक बालकको हत्यामा संलग्न अपराधीलाई अदालतले जन्मकैद गर्ने फैसला सुनाएको छ ।

माथिका घटनाका आधारमा तलका प्रश्नहरूको उत्तर खोजौँ त ?

१. **घटना एकका आधारमा निम्न प्रश्नको उत्तर खोजौँ :**

(क) फुलवा मण्डलले आफ्नो दैनिकी कसरी बिताउँछिन् ?

(ख) राजकुमारी खत्वेको जीवनमा के कारणले परिवर्तन आयो ?

(ग) महिलाले पनि पुरुषसरह घर व्यवहार चलाउन सक्नुको कारण के हो ?

(घ) उक्त घटना पढेर के शिक्षा पाउनुभयो ?

२. **घटना २ का आधारमा तलका प्रश्नको उत्तर सोचौँ त ?**

(क) मानिसले आफ्नो जीवनमा परिवर्तन ल्याउन के गर्नुपर्छ ?

(ख) असल कामको परिणाम असल हुन्छ भन्ने कुरा स्थानीय बासिन्दाले कसरी पुष्टि गरे ?

(ग) यो घटना पढेर के सन्देश पाउनु भयो ?

३. **घटना ३ का आधारमा तलका प्रश्नहरूको उत्तर खोजौँ ?**

(क) कस्तो काम गर्दा कस्तो परिणाम भोग्नुपर्ने रहेछ ?

(ख) कामअनुसारको परिणाम प्राप्त हुन्छ भन्ने कुरा घटना ३ बाट पुष्टि भएको ठान्नुहुन्छ , कसरी ?

४. माथिका सबै घटनाका आधारमा कामअनुसारको परिणाम प्राप्त हुन्छ भन्ने कुरा पुष्टि गर्नुहोस् ।

५. तपाईंले देखे सुनेका कुनै यस्ता घटना, जसले कामअनुसारको परिणाम प्राप्त भएको छ भने साथीहरूसँग साटासाट गर्नुहोस् ।

६. **तलका घटनामा काम र परिणामबिचको सम्बन्ध केलाउनुहोस् ।**

(क) कर्णाली अञ्चलका केही दुर्गम गाउँमा सरसफाइको अभावका कारण झाडापखाला रोगबाट १७ जनाको ज्यान गयो ।

(ख) अन्धविश्वासी गाउँलेले मरनीदेवीलाई बोक्सीको आरोपमा गाउँ निकाला गरे ।

(ग) जनताको भावना नबुझी शासन गर्नाले राजतन्त्रको अन्त्य भयो ।

(घ) निरन्तर परिश्रम गरेकाले सिर्जनाले एसएलसी परीक्षामा विशिष्ट श्रेणी प्राप्त गरिन् ।

(ङ) किसानले उन्नत विउको प्रयोग गरेकाले गहुँको उत्पादन निकै बढ्यो ।

७. **माथिका घटना अध्ययनका आधारमा निम्न विषय पुष्टि हुने ५/५ ओटा उदाहरण लेख्नुहोस् :**

(क) असल कामको असल परिणाम

(ख) खराब कामको खराब परिणाम

पाठ ३ : आत्मानुशासनबाट हुने फाइदा

आज शनिबार ! खुला शिक्षाका कक्षामा जानु पर्दैनथ्यो । त्यस्तै आज काममा पनि नजाने विचार थियो । दिउँसो नुहाइधुहाइ गर्ने र कपडा धुने कार्यक्रम रहेको थियो । त्यसैले बिहान रेडियो नेपाल सुन्ने विचार आयो । रेडियो नेपाल खोल्दा धार्मिक कार्यक्रम प्रशारण भएको रहेछ । त्यहाँ कार्यक्रम सञ्चालक र एक जना प्रवचकबिच कुराकानी भइरहेको रहेछ । आत्मानुशासनबाट हुने फाइदाका बारेमा छलफल भइरहेको थियो । मैले पनि नागरिक तथा नैतिक शिक्षा विषयमा आत्मानुशासनका बारेमा पढेको थिएँ । त्यसैले उक्त छलफल सान्दर्भिक भएकाले ध्यान दिएर उक्त कार्यक्रम सुनें । छलफल कार्यक्रम सकिएपछि सुनेका कुरालाई टिपेर मैले यस्तो नोट तयार गरें :

आत्मानुशासन भनेको आफैँले आफैँलाई नियम र अनुशासनमा बाँध्ने उत्तम कानुन हो । यसबाट हाम्रो शारीरिक र मानसिक विकास हुन्छ । आत्मानुशासनले मानसिक र बौद्धिक शक्तिको विकास गराउँछ भने शरीर स्वस्थ र सुन्दर बनाउन पनि मद्दत गर्दछ । वास्तवमा शरीर र मन दुवैलाई स्वस्थ राख्ने अचुक औषधी आत्मानुशासन हो ।

आत्मानुशासनलाई हामीलाई असल सामाजिक व्यवहार गर्न सिकाउँछ । समाजमा जति पनि असामाजिक व्यवहार भएका छन् ती सबै विवेक र संयम गुमाएर नै भएका छन् । आत्मानुशासन मानिसको मनको लगाम हो । यसले राम्रो बाटो हिँडाउन प्रेरित गर्दछ भने नराम्रो बाटोतिर हिँड्न दिँदैन । यसबाट सामाजिक व्यवहार प्राप्त गर्न सहज हुन्छ र असामाजिक व्यवहार गर्ने सोचाइ हाम्रो मनमा आउँदैन ।

आत्मानुशासनले कुनै पनि कार्य गर्ने आत्मविश्वास प्राप्त हुन्छ । मानिसले आफैँले आफैँलाई शासन गर्न सक्यो भने उसलाई शासन गर्ने कोही हुँदैन । त्यस्तो मानिसमा आत्मविश्वासको विकास हुन्छ । त्यस्तै आत्मानुशासनले आत्मनियन्त्रण गर्ने अभ्यास गराउँछ । राज्य वा प्रहरीले गर्ने नियन्त्रण त बाहिरी नियन्त्रण मात्र हो । त्यो वास्तविक नियन्त्रण होइन । त्यसले शारीरिक रूपबाट हामीलाई नियन्त्रण गर्ला तर मानसिक नियन्त्रण गर्न सक्दैन । हामीलाई नियन्त्रण गर्ने शक्ति हामीभित्रै छ । त्यसको खोजी र प्रयोग गर्नसक्ने क्षमता हामीमा हुनुपर्छ । आत्मानुशासनको माध्यमबाट हामीले आत्मनियन्त्रण गर्न सक्छौँ ।

आत्मानुशासन कायम गर्नाले व्यक्तिलाई मात्र फाइदा नपुगी समाजसमेत लाभान्वित हुन्छ । आत्मानुशासनले व्यक्तिलाई राम्रो बनाउने बित्तिकै समाजलाई पनि राम्रो वा असल बनाउँछ र

त्यसबाट राष्ट्र पनि असल बन्छन् किनकि व्यक्ति व्यक्ति मिलेर समाज बन्ने र समाज समाज मिलेर राष्ट्र बन्दछ । त्यसैले व्यक्तिको प्रतिविम्ब समाज र समाजको प्रतिविम्ब व्यक्तिमा पर्दछ । प्रत्यक्ष रूपमा हेर्दा असल समाजको निर्माणमा आत्मानुशासनकै भूमिका रहेको पाइन्छ । समाजलाई असल बनाउने कि खराब बनाउने भन्ने कुरा हामीमै निर्भर गर्दछ भने हामी असल बन्ने कि खराब भन्ने कुरा पनि आत्मानुशासनमा भर पर्दछ ।

यसरी समाजलाई शान्त र समुन्नत बनाउन आत्मानुशासनले महत्त्वपूर्ण रूपमा सहयोग पुऱ्याउँछ । समाजमा शान्ति स्थापना गर्नका लागि आत्मानुशासन चाहिन्छ । शान्ति छैन भने समाज सुखी र समृद्ध हुन सक्दैन । त्यसैले समाजमा शान्ति स्थापना गर्न र समाजको चौतर्फी विकासमा योगदान गर्न पनि आत्मानुशासन आवश्यक हुन्छ । यसरी आत्मानुशासन भनेको व्यक्तिको बहुमुखी विकासको मूल स्रोत हो ।

मैले टिपेका कुरा तपाईंलाई कस्तो लाग्यो । यी विचारका बारेमा तपाईं सहमत हुनुहुन्छ वा हुनुहुन्न त्यो तपाईंको विचार हो । तसर्थ अनुच्छेदहरूको अध्ययन गरेपछि तपाईं पनि निम्न प्रश्नका बारेमा सोच्नुहोस् त ?

१. आत्मानुशासन किन आवश्यक छ ?

२. आत्मानुशासनबाट हुने फाइदाहरू के के हुन् ?

३. आत्मानुशासनलाई शरीर र मन स्वस्थ राख्ने अचुक औषधी मान्नुको कारण के हो ?

४. मानिसलाई आन्तरिक नियन्त्रण गर्ने शक्ति के हो ?

५. समाज असल र खराब बन्ने कारण के के हुन् ?

६. शान्ति र आत्मानुशासनबिचको सम्बन्ध कस्तो छ ?

७. आत्मानुशासनलाई व्यक्तिको बहुमुखी विकासको स्रोत भन्नाको कारण के हो ?